दायित्व

(साहित्यिक मासिक)

वर्ष ११ | पौष २०५४ | पूर्णाङ्क - ३०

प्रधान संपादक/प्रकाशक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

संपादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त

विशेष सहयोगी
विनोद ढुंगेल

सहयोगी
उपेन्द्र ढुंगेल
मुकुन्द शर्मा
ऋषिराम डी.सी.

कार्यालय
घ १- ६०१ चावहिल, काठमाडौं
फोन. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग : संस्थागत रु.५०/-
व्यक्तिगत: रु. १५/-

☆ शङ्कर कोइराला स्मृति विशेष ☆

विषयक्रम

१.	माथिको आदेश (उपन्यास)	१-१३	शङ्कर कोइराला
२.	शङ्कर कोइरालाका संझनामा	१४	डा. तारानाथ शर्मा
३.	शङ्कर र म	१५	नृपेन्द्र पुरुष 'यादि'
४.	गद्य फाँटमा- एक स्तम्भ	१६	मोहन कोइराला
५.	पचासवटा कृतिका लेखक शङ्कर कोइराला	१८	डा.तुलसी भट्टराई
६.	संस्मरण: शङ्कर कोइरालाप्रतिको	२१	श्यामदास वैष्णव
७.	मैल चिनेका शङ्कर कोइराला	२२	शिव रेग्मी
८.	शङ्करजीलाई संझिदा	२३	श्रीकृष्ण गौतम
९.	शङ्कर दाइलाई अनुरोध	२४	विश्वम्भर चञ्चल
१०.	संयोग !	२७	सुश्री भद्रकुमारी घले
११.	भोक, रोग र सकसबाट पीडित शङ्कर कोइराला	२८	विन्दु कोइराला
१२.	धूलोमा जीवन	३१	दहाल यज्ञनिधि
१३.	निर्भीक व्यक्तित्व- शङ्कर कोइराला	३३	शङ्कर थपलिया
१४.	शङ्कर दाइ र बनारस जाने वाचा	३४	इन्द्रकुमार श्रेष्ठ 'सरित्'
१५.	जन्मेको हैन मरेको मिति आलो छ	३५	युवराज नयाँघरे
१६.	स्मृतिपटलमा रहेका शङ्कर कोइराला र उनको 'एउटा पुरानो घर'	३७	ठाकुर शर्मा
१७.	कर्मयोगका पक्षधर-शङ्कर कोइराला	३९	अनिल कोइराला
१८.	ओझेलमा परेका साहित्यकार शङ्कर कोइराला	४१	केशर खवास
१९.	'शारदा,मा प्रकाशित केही कविताहरू	४३	शङ्कर कोइराला
२०.	सौम्य पुरुषलाई श्रद्धासुमन (सम्पादकीय आलेख)	(ख)	रामप्रसाद पन्त

साथमा- शङ्कर कोइरालाका प्रकाशित तथा प्रकाशोन्मुख कृतिहरू/ शङ्कर कोइराला वारे वरिष्ठ विद्वान्हरूका धारणा/शङ्कर कोइरालाको संक्षिप्त जीवनी आदि

कम्प्यूटर
कम्प्यूटर सलुसन, (पवन रेग्मी) चावहिल, फोन नं. ४८६४३३

मुद्रक :- अल प्रिन्टिङ्ग प्रेस फोन नं. ४-८६४८०, चावहिल चोक, काठमाडौं

सम्पादकीय आलेख

सौम्य पुरुषलाई श्रद्धा सुमन !

☑ शङ्कर कोइरालाले जे जति लेख्नु भयो त्यो सामर्थ्यभन्दा धेरै बढी लेख्नु भयो, तर शङ्कर कोइरालाप्रति जे जति लेखियो त्यो लेख्नु पर्ने भन्दा धेरै कम लेखियो । साच्चै भन्ने हो भने लेख्दै लेखिएन भने पनि हुन्छ । संक्षेपमा मेरो भन्नु यत्ति मात्र हो ।

☑ आज शङ्कर कोइरालाको बारेमा दायित्व प्रकाशनले उहाँप्रति सानो श्रद्धामात्र अपर्ण गरेको हो अथवा भनौं प्रारम्भिक चरणको सुत्रपात मात्रै गरेको हो । उहाँकोबारे बोल्नु वा लेख्नु यतिमात्र हो भनेर पूर्णविराम दिन खोजेको चाहिँ होइन । उहाँले नेपाली साहित्यको भण्डार भरिदिनु भएको छ । हामीले उहाँको व्यक्तित्व कृतित्वलाई ग्रहण गर्ने सामर्थ्य मात्र राख्नु पर्दछ ।

☑ शङ्कर कोइराला दायित्व परिवारका प्रेरक तत्त्व पनि हुनुहुन्छ । दायित्व साहित्यिक पत्रिका प्रकाशन गर्ने पष्ठभूमिमा उहाँले सम्पादक एवं प्रकाशक मण्डललाई केही सल्लाह र सुझाव पनि दिनु भएको हो । यसैगरि उहाँले कथाहरू उपलब्ध गराएर दायित्वलाई कहिल्यै तिर्न नसक्ने गुन लगाउनु भएको छ । प्रथम अङ्कदेखि पूर्णाङ्क २९ सम्म उहाँका कथाहरूमात्र ८/१० वटा प्रकाशित भए होलान् । दायित्वको कथा विशेषांक-१ मा प्रकाशित 'जसको जवाफ छैन' नामक हास्यव्यंग्य कथा उहाँको जीवनको अन्तिम कथा हो।

☑ यस वाहेक आफ्नै हस्ताक्षरमा 'अस्वस्थताका कारणले पूरागर्न सकिन' भनी पाठकहरूसँग क्षमा मागिएको उहाँको अन्तिम अधुरो हास्यव्यंग्य उपन्यास 'माथिको आदेश'लाई पनि दायित्वले यसै विशेषाङ्कमा प्रकाशितगर्ने सौभाग्य पाएको छ । यो उपन्यास जीवनका अन्तिम दिनहरूमा मृत्यु शैयामा सुतेको बेला औषधीको गोली पानीले घुट्क्याउँदै लेखिएको उपन्यास हो । जब उहाँ सिधा गरेर बस्नै नसक्ने हुनु भयो, जब उहाँका हात रोगको संक्रमणबाट राम्ररी चल्न छाडे, त्यसपछि उहाँले पाठकहरूसँग क्षमा मागेर थन्क्याउनु भयो ।

☑ यसैगरि साझा प्रकाशनबाट भर्खरै प्रकाशित भएको तर बजारमा आइनसकेको उहाँको अन्तिम पूर्ण उपन्यास 'एउटा पुरानो घर'लाई प्रकाशनको मूल भण्डारबाटै खरिदगरी ल्याएर समीक्षागरी प्रस्तुतगर्न पनि सफल भएका छौं । यो पाठकहरूकोनिम्ति थप खुराक बन्ने छ ।

☑ साहित्य साधकहरू सबै एकैनासका हुँदैनन् । कोही थोरै लेखेर धेरै ख्याती आर्जन गर्नेहरू छन्, कोही धेरै लेखेर पनि थोरै चर्चामा आउनेहरू छन् । यसो हुनुका मूख्यत: दुई कारणहरू छन्- एउटा हो स्तरीयता, अर्को हो प्रोपगण्डा । यी दुईतरिका मध्ये तुरुन्तै चर्चाको शिखरमा पुग्ने नयाँ तरिका त प्रोपगण्डा नै हो ।

☑ शङ्कर कोइरालको लेखनशैली ज्यादै उच्च थियो, प्रोपगण्डाको अभावलेनै चर्चामा आउनसक्नु भएन म भन्न सक्तिन र शङ्कर कोइराला स्तरीयताको अभावले नै जनचर्चाको विषयबाट हराउनु भएको हो भनि स्वीकार्न पनि सक्तिन । एउटा कुरा म ठोकेर भन्न सक्छु कि लेखकीयस्तरको अभावभन्दा पनि प्रचार प्रसार गर्ने शैलीबाट टाढा रहनु भएर नै चर्चामा नआउनु भएको हो ।

☑ मेरो एउटा अनुमान यस्तो पनि छ- कतै यसै पो हुन गएको हो कि ! शङ्कर कोइरालाले यति धेरै लेख्नु भयो कि पाठकलाई पढ्ने र समालोचकलाई समीक्षागर्ने समेत फुर्सत भएन । न उहाँले लेख्न छाडेर समालोचक खोज्दै हिड्नु भयो न त समालोचकले अगाडि विन्तिगर्न आउनेका कृतिहरूको समालोचना (प्रशस्ति) गर्न छाडेर शङ्कर कोइरालका कृतिहरू खोज्ने झण्झटमा लागे । पाठकहरू त झनै अलमलिए- कुन पढ्ने कुन छाड्ने !

☑ जे सुकै भएपनि शङ्कर कोइराला एउटा स्वाभिमानी इमान्दार लेखक हुनुहुन्थ्यो र समाजका पक्ष विपक्षमा देखिएका विभिन्न विकृति र कुसंस्कारहरूलाई औल्याएर सरल भाषामा लेख लेख्नु हुन्थ्यो । अब यो सरलतालाई स्तरहीनताको संज्ञा दिने हो भने बेग्लै कुरा, होइन भने उहाँकै दाजु मोहन कोइरालालाई पनि अगाडि सारेर साहित्यिक उपजबारे विश्लेषण गर्नु पर्ने हुन्छ- वास्तविक साहित्य कुन हो त, त्यो हो कि त्यो ? अधिकांश पाठकहरूको मत छ-प्रथमत: साहित्य सबैले बुझ्ने खालको हुनु पर्छ , त्यसपछि मात्र भाषा, शैली, भाव र सम्प्रेषणका कुराहरू आउँछन् । यदि यस कुरालाई हामी मान्छौ भने शङ्कर कोइरालको लेखनवारे विवाद किन ?

☑ लेखक कलाकारहरू उपेक्षित हुने गरेका छन् नेपालको सन्दर्भमा । तीमध्ये पनि शङ्कर कोइरालाको नाम अग्रपंतिमा आउँछ ।

साहित्यकारहरूको अवसान पश्चात् उनीहरूको मृतात्मालाई ढ्याङ्ग्रो ठोकेर विउँताउन खोज्ने नेपाली समाजको आफ्नै खालको शैली छ । तर म भन्छु- यो शैली पनि लागु भएन शङ्कर कोइरालाको सन्दर्भमा । उहाँ उपेक्षित भएरै बाच्नु भयो, उपेक्षित भएरै मर्नु भयो र अझैपनि उपेक्षित हुनुहुन्छ उहाँ । नभए उहाँको बारेमा किन राष्ट्रले चासो लिएन ? किन संचार माध्यमले चर्चा गरेन ? किन साहित्यिक समाजले उहाँको व्यक्तित्व र कृतित्वको बारेमा विषद व्याख्या गरेन ?

☑ लेख्न थालेको पचास वर्षको अवधिमा पचासैवटा कृति लेख्नु र छाप्नु भनेको चानचुने कुरा होइन । यस्तो दुरुह कार्य शङ्कर कोइरालाले गर्नुभयो, जुन नेपालको साहित्यक इतिहासमा अन्य कसैले गर्न सकेको छैन । थालेपछि लागिनै रहने र कहिल्यै विश्राम नलिने शङ्कर कोइरालाले साहित्यमै जीवन अर्पेर आखिर के पाउनु भयो त ? जीवनभर अभाव, पीडा र उत्पीडनमै बाँच्नु भयो । साधारण जनतासरह आफ्नै घर-दलानमा अन्तिम बिश्राम लिनुभयो । विना ठूलो जनसमूह, विना ठूलो शोकसमवेदना अन्त्येष्टि गरिनु भयो । अहिलेसम्म उहाँको व्यक्तित्व एवं कृतित्वको खोज अनुसन्धानबारे विषद् चर्चा हुनुपर्ने हो, उहाँको अमरत्व दिने खालका अन्य कृयाकलापहरू क्रियाशील हुँदै जानुपर्ने हो, तर खोइ ?

☑ जे होस् यस सम्पादकको आँखामा १४/१५ वर्षदेखि स्थापित हुँदै आएका शङ्कर कोइराला कहिल्यै नविझाउने आँखाका नानी हुनुहुन्छ । कहिले प्रुफ हेर्नमा तल्लीन साझा प्रकाशनका जागीरे शङ्कर कोइराला, कहिले दौरा सुरुवाल कोट र टोपी लगाई साढे नौ बजेको समयमा डिल्लीबजारको बाटो हुँदै एकसुरमा लम्किदै गरेको देखिने दुब्ला पातला र अग्ला शङ्कर कोइराला, कहिले बशको भीडभाडमा भेटिने शङ्कर कोइराला, कहिले कमिज सुरुवाल र चप्पल लगाई मैतीदेवी चोकको तरकारीबजार पुग्ने र भाउताउ गरी केही तरकारी झुण्ड्याएर लुखुर लुखुर घरतिर लाग्ने शङ्कर कोइराला, कहिले पुस्तक पसल बाहिरपट्टि ठिङ्ग उभिएर एक तमासमा पत्रिका हेर्दै गरेको देखिने शङ्कर कोइराला, कहिले नातीलाई डोऱ्याएर घर अगाडिको फुटपाथमा ओहोर दोहोर गरेको देखिने शङ्कर कोइराला, कहिले चावहिलको मेरो निवास खोज्दै मलाई भेट्न आउने अगाध माया र ममताका प्रतीक शङ्कर कोइराला, कहिले भेट्न जाँदा प्रायः घरमा लेखिरहेको अवस्थामा भेटिने र एकछिन भएपनि सुख दुःख र स्वविचारमा एकात्म्य हुने शङ्कर कोइराला मेरो हृदयमा कहिल्यै नछुट्नेगरी टाँसिनुभएको छ । ती श्रद्धापात्र सौम्य पुरुषलाई श्रद्धा सुमन !

❊❊❊

हार्दिक कृतज्ञता

स्व. शङ्कर कोइरालालाई आफ्नो साहित्यिक मार्गदर्शकको रूपमा स्वीकारगर्ने र अगाध मायागर्ने **सुश्री भद्रकुमारी घलेले** 'शङ्कर कोइराला स्मृति विशेषाङ्क' प्रकाशित हुनलागेको सुनेर अत्यन्त खुसी हुँदै विशेषाङ्क प्रकाशनार्थ स्वेच्छाले सहयोगस्वरूप रु. ५,०००/- (पाँचहजार) रकम उपलब्ध गराउनु भएकोमा दायित्व परिवार उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

धन्यवाद ज्ञापन

'शङ्कर कोइराला स्मृति विशेषाङ्क' प्रकाशित गर्ने क्रममा उहाँका जेष्ठ सुपुत्र अनिल कोइरालाले रचना संकलनलगायत प्रकाशनकोलागि आवश्यक सरसल्लाह एवं प्राविधिक सहयोग समेत उपलब्ध गराउनु भएकोमा दायित्व परिवार उहाँ र परिवारप्रति धन्यवाद ज्ञापन गर्दछ ।

साथै शङ्कर कोइरालाप्रति श्रद्धा देखाएर अनुरोध गर्नासाथ शङ्कर कोइरालासँगका आफ्ना सम्झना, अनुभव र धारणाहरू लेखेर दिइ यो विशेषाङ्क प्रकाशनगर्न सहयोग पुऱ्याउनु हुने लेखकहरू र विज्ञापनदाता महानुभावहरूप्रति पनि दायित्व परिवार आभार प्रकट गर्दछ ।

शङ्कर कोइराला: संक्षिप्त जीवनी

जन्म:
वि.सं. १९८७ साल
कार्तिक २७ गते, मंगलवार

मृत्यु:
वि.सं. २०५४ साल
साउन २६ गते, आइतवार

पुरा नाम	:	शङ्करप्रसाद कोइराला
उपनाम	:	आधाबाटे कान्छा
न्वारनको नाम	:	ढकारप्रसाद कोइराला
शिक्षा	:	स्नातक
पिता	:	इश्वरीप्रसाद कोइराला
माता	:	मित्रप्रिया कोइराला
बाज्ये	:	मनोहर कोइराला
पेशा	:	जागीर
शोख	:	साहित्य लेखन
पहिलो प्रकाशित रचना	:	बूढो (कथा) २००४ साल 'शारदा'
" " कृति	:	'खैरिनी घाट' (उपन्यास) २०१८
अन्तिम प्रकाशित रचना	:	'जसको जवाफ छैन (कथा) दायित्व मासिक पूर्णाङ्क २९
" " कृति		'एउटा पुरानो घर'- साझा प्रकाशन २०५४
सन्तान	:	२ छोरा (अनिल, सुनिल) धर्मपत्नी (रमा कोइराला)
भ्रमण देश	:	जापान 'पुस्तक प्रकाशन सम्वन्धि ट्रेनिङ्' - २०३३ साल र भारतका विभिन्न प्रान्तहरू ।
लेखन अवधि	:	२००३-२०५४ = ५१ वर्ष
लेखन विधा	:	कथा, उपन्यास, नाटक, वाल उपन्यास, हास्यव्यंग्य, कविता, निवन्ध आदि र अन्तर्राष्ट्रिय स्तरका अंग्रेजी कृतिहरूको नेपालीमा अनुवाद ।
काम गरेका कार्यालयहरू	:	गोरखापत्र संस्थान(२०१०-२०१५) जनक शिक्षा सामग्री केन्द्र(२०१५-२०२२) साझा प्रकाशन(२०२२-२०४७)
सम्मान पुरस्कारहरू	:	'रत्नश्री पदक'
अभिनन्दन	:	२०५१ सालमा प्रतिभा समूह वानेश्वरबाट २०५३ सालमा आह्वान समूह चावहिलबाट
अन्तिम अधूरोचाहना	:	प्रकाशित भैसकेको उपन्यास 'रिमा' हेर्न नपाउनु र जीवनको करिव अन्तिम अवस्थामा शारीरिक दुर्वलताको बावजुद पनि प्रेससम्म पुगी स्वयं प्रुफ हेरीसकिएको उपन्यास 'एउटा पुरानो घर' प्रकाशित भएको देख्न नपाउनु ।
अन्तिम भनाई	:	'मैले ५० वर्षको अवधिभरी लेखिएका कृतिहरूमा आफ्नो राष्ट्रकालागि व्यर्थै कलम कुदाएँ कि भन्ने प्रश्न ठडिन्छ । किनभने प्रजातन्त्रको खुला परिवेशको कारण मलाई यस्तो भान भइरहेछ । फेरि राजनीति र साहित्यको सम्बन्ध सौता-सौताको झगडा विलकुल होइन । तर आजको परिवेशले यस्तो सोच्न परिरहेको छ । जुनसुकै नामुद साहित्यकारहरू पनि राजनीतिको रङ्गमा रङ्गिएका र तिनका पछौटेहरू पनि त्यही रङ्गमा मुछिन लागेकाले साहित्यको रूप यस्तो देख्न लागेको छु । कुनै गार्वेजमा भोज-भतेरमा फ्याँकिएका टपरि चाटिरहेकी कुनै दुःखी दुर्गन्धी कुमारी युवती जस्तो ।

\+ + + + +

मैले अहिलेसम्म मेरा जीवनकालमा जे जति कृतिहरू लेखें तपाईले जे जस्तो पढनु भयो-ती सब सत्य मानेर पढ्नु भएको छ भने म जस्तो सत्यान्वेषीकोलागि खुशीको कुरो हुनेछ । मैले यहाँ झुट बोल्ने कुनै कारण छैन । झुट बोल्न नसक्दा म जीवनमा धेरै पछि परेको छु । नाटकीय भावभङ्गीमा मैले जानिन । दुनियाँ नाटकीय रङ्गमञ्च रहेछ भन्ने कुरा सुनेको मात्र थिएं तर वुझ्न सकेको थिइन ।

माथिको आदेश

(हास्यव्यंग्य लघु उपन्यास)

शङ्कर कोइराला

मेरो भूमिका

खम्बा ढलेपछि भवनको आधार रहेन । तर जुन खम्बालाई सबैले मजबुत भनेर पूजा गर्ने गर्थे - एउटा लौरोले हान्दैमा धराशायी हुँदा मजबुत त लौरो पो ठहरियो । त्यो प्रहार गर्ने व्यक्ति शक्तिशाली हुनु जरुरी थिएन । बरु लौरो पो लरतरो रहेनछ । कति भत्केका घरहरूलाई लौरोले नै अड्याएर टिकेका छन् । कोही लौरोको शक्ति कोही लौरो को शक्ति देखेर भगवान् श्रीकृष्णले गोठालोको अभिनय गरेको उदाहरण दिन्थे । त्यसैले भवन अड्याउने खम्बा ढाल्दा लौरोको चमत्कार प्रकट भयो । जसलाई पुराणपन्थीहरू नृसिंहअवतार प्रकट भएको देख्न लागे ।

युग अनुसारको कर्म गर्ने औतारी नारायणहरू रंगरूप भेषभूषा बदलेर जगतोद्धार गरिरहेका थिए अपरोक्ष रूपमा । वैज्ञानिकहरूले आजतक कति अनुसंधान गरेर पत्तो लाएका भौगर्भिक र खगोल सम्बन्धी ज्ञानका कुराहरूलाई एउटा लौरो प्रहारले बेकार सिद्ध गराइदियो ।

खम्बा ढलेपछि ढाल्नेलाई नृसिंहअवतारले हात जोडेर नम्र भावले प्रार्थना गर्न लागे । ज्यादै कातर निर्बल कुपोषित अरुको भरमा जीउने परजीवी अवतार आज शिशु रूपमा रोदन क्रन्दन र तोडफोड गर्दै दिगदिगन्त गुन्जायमान गर्न लागे । हिरण्यकशिपुको पालन पोषणामा हुर्कंदै बढ्दै मोटाउन थाले । यसैले नाक खुम्च्याउनुस्, आँखी भौं बटार्नुस् म त आजकाल हिरण्य कशिपोपासना र रावणोपासनामा लागेको छु -आधाबाटे कान्छा ।

माथिको आदेश

'कुनै एउटा काम नगरी भएन चाहे राम्रो होस् या नराम्रो' यस्तो संकल्प मनमा उठ्नासाथ हात खुट्टामा तागत र टाउकोमा विचारको वायु चल्न लाग्यो । जताजता वायुले उडाएर धकेलेर पुऱ्याउँछ उतै उतै खुट्टा चल्न लागे । कहिल्यै नहिंडेको बाटो, कहिल्यै नगरेको काम र कहिल्यै नसोचेको अठोट लिएर । के होला त्यो ? यसको कुनै चिन्ता छैन पहिले आफ्नो नामै बदल्ने हावा लाग्यो र आफ्नो टोलको ओडामा गएर संशोधन गराए-नाम चतुर्भुज जसको सिंग छैन उसको उसको नाम तिखे भने झैं जसको दुई हातले गर्ने काम छैन, चार हातको काम कहाँ पाउने ? नाम फेरें-'हन्बेर्नु' । काकताली यस्तो पऱ्यो कि बडा मा मलाई चिन्ने कोही थिएन र बहाना बनाउने मौका पाएं 'मेरो भोटर लिस्टमा कसैले मेरो नाम चतर्भुज लेखाइदियो म घरमा नभएको वेला' ।

बाटोमा मलाई चिन्ने परिचितहरू 'कता चतुर्भुज' ? भन्दै मलाई बोलाउने तर्फ दृष्टि दिनै छोडे । तिनले ठाने हुन् अचेल के भएको हो यस्लाई ? होसै हराएको सातो गए जस्तो छ- सौतेनी आमाको घरमा बसेको छ । दिनहुं सराप सितनसित निस्तो भात खानु छ । पढेको पनि कुकुरको पुच्छरमा गइहाल्यो -काम नभएपछि बुद्धि नभा'को भन्ने समाजमा कसरी टिकीरहन सकेको छ -चतुर्भुज ।

'चतुर्भुज हैन अब हन्बेर्नु' भन्नुस् मलाई -भन्दै अपरिचितलाई परिचय दिंदै हिंड्न लागें । चतुर्भुज त मरिसक्यो आजदेखि । अब नागरिकतामा संशोधन गर्न हिंडेको ।

म पुँगे नागरिकतामा नाउँ संशोधन गर्न । दर्खास्त फर्म मुख्य अधिकारीले पढेर बोलायो जो कोठाबाहिर आफ्नो नागरिकता सच्चाएर आएको देख्न पर्खिरहेको थिएं । मैले कोठाभित्र पसेर मुख्य अधिकारी अगाडि उभिएर भनें 'मलाई किन बोलाउनु भएको ?'

'तपाईको नाम ?'

'हन्बेर्नु' । मैले सहज भावले भनें ।

यस्तो नराम्रो नाम कसैको हुन सक्दैन ।

हुन्छ, यसैलाई प्रमाण मान्नुस् । मेरो न्वारानको नाउँ 'ह' बाट शुरु हुने राशिमा कुनै अरु नाम नपाएर आमा बाबुले 'हन्बेर्नु' राखेका हुन् । यो मेरो नागरिक अधिकार हो । कसैले हनन् गर्न सक्दैन । म चिन्हा पनि ल्याउन सक्छु । मैले जवाफ दिंदै भनें ।

'चतुर्भुज भन्ने नाम कल्ले राख्यो त ? भगवान्को नाम कति राम्रो हुँदाहुँदै चिन्हाको नाम किन तपाईंलाई राम्रो लाग्यो' ?

'हन्बेर्नु' जति व्यावहारिक छ चतुर्भुज बिल्कुल अनुपयोगी आदर्शपूर्ण अव्यावहारिक लाग्यो मलाई-मैले भनें, 'के तपाई मलाई भगवान् चतुर्भुजधारी देख्नु हुन्छ ?'

'देख्दिनँ ।'

सँगै मेचमा बसिरहेको एउटा कर्मचारी हो वा भेटघाट गर्ने आगन्तुक हो उसले मलाई हेर्दै भन्यो,'तपाईं ईश्वर भगवान् मान्नु हुन्न ? नास्तिक धर्म फैलाउन चाहनु हुन्छ ? तपाईं ईशाई हो कि मुस्लिम ? देख्ता त हिन्दू जस्तो लाग्छ ।'

'मेरो कुनै धर्मसित भन्दा आफ्नो नामसित बड्ता झुकाब छ झुकाउ वा लगाब जे भन्नुस् । यसैले नाम अनुसारको काम गर्ने कुरामा मेरो विश्वास छ । म यो देशमा 'हन्बेर्नु' भएर जन्में, हुकें, आफ्नो घरले भ्याएसम्म शिक्षा-दिक्षा पाएँ, जसले मलाई हन्बेर्नु हुनमै सहयोग पुऱ्याए । यसैले म भन्छु मानिसले आफ्नो नाउँकालागि मरिमेट्नु पर्छ । देशकोलागि मर्नेहरू त अन्धा लाटाहरू मात्र हुन् । मेरो व्याख्यान सुनेर पनि ती कुनै जवाफ नदिएर भनौं अथवा शंकास्पद भावनाले हेरी मात्र रहे । अरु तर्क गर्नु आफू पनि हन्बेर्नुको प्रभावमा पर्नु जस्तो ठानें, किनभने भर्खरै म जस्ता हन्बेर्नुहरूले साउनको भेलले झैं नेपालहरूलाई बगाएको थियो चुनावको वेला । कति मरे कति घाइते भए केही लेखा थिएन ।

मुख्य अधिकारीले 'हरामदेखि दैव डराए' भने झैं मेरो चिन्हा कुण्डलीको खोज नगरी सही गरी मेरो नागरिकताको नाममा संशोधन गरिदियो र उल्टै मेरो धन्यवादको आस नगरी स्वीकृत गरी धन्यवाद दिए । त्यस नागरिकता-पत्र वितरण कार्यालयबाट निस्कँदा निस्कँदै मेरो कानले टिपिहाल्यो -कस्ता कस्ता मानिसहरू आउँछन् आफ्नो धर्म संस्कृतिको मानमर्यादा भनेको कोही छैन ।

उनीहरूलाई मेरो आचरणप्रति पैदा हुने कुनै कारण थिएन । उनीहरूले थाहा पाउनु पर्ने हो, अरसिक अकविहरूको मात्रै होइन कविहरूको पनि देश हो यो । म कवि जन्मजातै भएर पनि आफ्नो मौलिक नामलाई किन बिसूं ? परिस्थिति परिवेश मेरा शत्रु हुन्, जसले मलाई आफ्नो मौलिक परिचय पनि बिर्साइ रहेछन् यसले गर्दा म यता न उताको घर न घाटको भएर लर्खरिदै छु । बल्ल आज आफ्नो कविधर्मको बिंडो समाउन पाएर प्रसन्न भएको छु हन्बेर्नु आफ्नो नाम पाएर यो मेरो उपनाम पनि होइन, कलम नाम पनि होइन, छद्म नाम पनि होइन, यो मेरो मौलिक जन्मजात नाम हो । यसमा फेरबदल हुनै सक्दैन । इन्द्रको बाबु चन्द्र आए पनि टसमस हल्लाउने कोही छैन । मेरो आफ्नो नाउँ मैले लेख्न पाउँदा अब देखि यो जस्तो खुशियाली मेरोलागि के होला ?

मलाई अब डुल्न फिर्न कहीं रोकटोक छैन । जताजाउँ मेरो साथमा मेरो नागरिकता तेर्स्याउँछु र भन्छु-'मेरो नाम हन्बेर्नु ।' तपाईंले ठान्नु भो होला यो देशमा म जस्ता काम न भएकाहरूको कुनै मतलब छैन । यी मरे पनि हुन्छ आत्महत्या गरेर भएपनि कुनै अपराध गरेर भएपनि जेलमा किन जाँदैनन् मर्न ? प्रहरीहरूको निगरानीमा आफ्नो सच्चरित्रतातिर किन ध्यान दिंदैनन् ? मैले सबै थोक गरिसकेको आत्महत्या पनि गरेर पनि हेरें । जेलमा दण्डित भएर लाठीको डाम र सुम्लो कमाइसकें । अनि सच्चरित्र के हो भन्ने पाठ पनि पढिसकेकोले मलाई कसैले सिकाइरहनु जरुरत छैन भन्ने मैले ठानेको छु । मीलमालिक उद्योगपतिहरूलाई अरबौंका कुबेर बनाउने मजदूर पनि भएँ । कवि भएर कविता का पर्चा बाँडेर पनि हिंडें । राजनीतिज्ञ भएर देशलाई क्षतविक्षत हुनेगरी भएका संस्कृति संस्कारहरूलाई डाँडा कटाएँ । सांप्रदायिकतालाई बढावा दिने भाषण गर्दै हिडें । भएको धार्मिक सन्तुलनलाई भत्काउने अनेक प्रकारका षड्यंत्र गरें, कहिले तिनको धार्मिक अन्धविश्वासलाई परीक्षणका रूपमा मूर्ति उखेलेर वेपत्ता पारें । यस्ता काममा लाग्नेहरूलाई प्रोत्साहन दिने कानून बनाउन लगाएँ र तिनलाई खुल्लम खुल्ला धनी हुन मद्दत गरें । यस्तो जघन्य अपराध गर्दा पनि नेपाली देश प्रेमीहरूबाट कुनै प्रतिक्रिया पैदा हुन सकेन । उनीहरू त जे कुरा पनि सहर्ष स्वागत गर्ने गर्थे ।

उनीहरूको धैर्य र सहिष्णुताको सीमा थिएन, जे गरे पनि अनुसूचित भन्ने कोही थिएन । मुख बाँधिएका शिकार हात बाँधिएका घाइते भइरहे । मलाई सातातल्ले घरको माथिल्लो फ्ल्याट्मा बसेर जनतालाई कमिला सरह निरीह दरिद्र देख्ने स्वभाव थियो । कोही मेरो बारेमा औंलो ठड्याउने थिएन आँखा जुधाउने शक्ति राख्दैनथ्यो । त्यो व्यक्ति को हातमा उद्योग वाणिज्य मात्र के राज्य व्यवस्था चलाउने शक्ति होला भनेर को पत्याउला ?

तैपनि मलाई आफ्नो सौतिनी आमाको सराप र निस्तो भात नै मन पर्थ्यो । सातातल्ले घरको फ्ल्याट्मा बसे पनि लिफ्ट ओर्लेर आफ्नो घरतिर लम्कन मन लाग्दथ्यो । तपाईंले मेरो अनौठो स्वभावमा कुनै खास कुरो देख्नु भएको छैन त्यसैले मेरो काम कर्तूतको लेखाजोखा गर्नु कसरी सक्नु होला ? मेरो अनुभवी दक्ष आँखा सधैं एन्टिना झैं विभिन्न च्यानलमा घुमिरहेको हुन्छ । म यो देशको हन्बेर्नु नामक नागरिक हुँ ।

तपाईंलाई थाहा छ म एउटा वर्ग हुँ । द्विजवर्ग शूद्रवर्गतिर झरेको परोपदेशे पांडित्य गर्ने पंडितवर्ग शराप परेको छ मैले अनइच्छित काम गर्न जे चाहन्छु त्यही हुने । देशलाई बाढीले बगाओस्, पैह्रोले पुरेर मरुन्, देशवासी-इच्छा गर्नासाथ पुगिहाल्ने देश विकास गर्छु भन्नेहरू किन विनाश मात्रै गरिरहे छन् ? त्यसको जिम्मेदारी मैले बोकेको छु किनकि ती सेवकहरूलाई थाहा छैन मलाई भाकल गरेपछि बिर्सन्छन्-गाउँका

गाउँलेहरूलाई मुट्ठी कसेर भन्छन् । हामीसित दश वर्षमा पूरा गर्ने विकास सूत्रहरू छन्, धाराहरू छन्, ऋचाहरू छन् । पहिलो काम गर्ने औसर दिनुस्-औसरकोलागि तथास्तु को उत्तर लिएं तर थाहा छैन म पनि ती वर्ग मध्ये एउटा हुँ भन्ने कुरो । अनि त्यो वेला मात्र सपनाबाट बिउँझेका हुन्छन् जब आयु पूरा गर्न सक्दैनन् । आफ्नै खोपाको देवतालाई खुशी पार्न नसकी मर्छन् ।

मलाई अपहरण गरेर सुनको पिंजरामा अनिश्चित कालकोलागि सुरासुन्दरीको व्यवस्था गरेर राखे कडा निगरानीमा पिंजरामा । अपहरणकारीमाथि अपहरणकारीको बाह्य हमला हुन सक्छ भनेर विदेश घुम्न पठाइदिए । सत्ताको पत्ता कता ढल्किने हो त्यतिञ्जेल यस मेरो ज्यान अदृश्य राखिदियो, सुद्दी हराएको म हन्बेर्नुको सार्थकता आज पारदर्शक भएर तपाईको सामु छ । मैले अपहृत भएर पनि कति काम वारपार गरिसकेको रहेंछु सुनको देशमा चम्किलो नाम कहलिएको हाम्रो देश ।

वेपत्ता भएर घरभित्रिंदा मेरो घरमा के थिएन ? तर त्यो घरको कुरो म गर्दिन । म त आफ्नै पुरानो झुप्रो र त्यसकी कान्छी आमाको कुरो मात्र गर्न जान्दछु । तिनलाई को कहाँ पुगेर आयो के ल्यायो-देश सुनको देश होस् वा रावणको लंका के चियो निन्दो के चर्चा । कसले कसको बुताले यस्तो भयो-उनलाई सुनाउने को ? उनलाई सुन्ने फुर्सत पनि कता र बुझ्ने दिमाग पनि त हुनुपर्‍यो ।

मेरी सौतिनी आमाको एउटा कमजोरी के थियो भने उनी जति पोइ ल्याउँथिन् यो त दिगो होला घर सम्हाल्ला भन्ठान्थिन् तर उनको मुराद पूरा कहिले भएन । पोइ फेरि रहन्थिन् अथवा ती छोडेर जान्थे । ती समाजका संमानित नारीहरूको अधिकारका लागि संघर्ष गर्ने वचनबद्धता देखाउँदै तिनको कोमल र दयालु स्वभावको शोषण गर्न सिपालु थिए ।

आफ्नो चरित्र चर्तिकला फैलिने डरले उनले मलाई घरबाट निकाला गर्नु पर्थ्यो त्यसवेला म कुनैवेला विदेश त कुनैवेला स्वदेशमा पुगेर अलमलिन्थे । कतै भिसाको समस्या थिएन । जहाँ पनि खुला बोर्डर आफ्नोलागि जसको निश्वभरी स्वागत हुन्छ -म जस्ता हन्बेर्नु जहाँ पनि भेट्टिन्थे । हामी बहुदलवादी बहुदेश र बहुभेषभाषी नेपाली आधुनिक विश्व बनाउँदै थियौं भेदभाव जालझेल सहित समाज । हामी आफ्नो लक्ष्यमा पुग्ने अग्रसरता देखाउँदै थियौं, पुग्न धेरै समय टाढा थिएन ।

यसैले जो पनि विश्वबन्धुत्वको हात बढाउन लालायित हुँदै मैले जुन कुरा ठोकुवा गरी भनेको हुन्छु त्यो बिल्कुल झुट्टा सम्झनुस् । मैले भन्न लागेको त्यो कुरा होइन जुन मेरो मनमा छ त्यो अरु नै संदर्भका विषय हुन् । कहिल्यै काहिँ पत्रिकाको भाषामा आडम्बरी त कुनै वेला नेताहरूको बतासे फुल पार्ने भाषामा त हाम्रो कानको असंयमित स्वभावको कारण हो ।

कहिल्यैकाहिं खहरेखोला झैं उर्लेर घरबार जनधन लैजान्छ यो त उसको प्रारब्धमै टीका लगाइ पठाएको कुरा हो । तर तलबाट एकैचोटी सातौं सिंढीमा पुग्नु चाहिं पत्यारिलो कुरो होइन । मलाई बाँचुञ्जेल सारा विश्व आफन्त लाग्छ । कोही अपरिचित लाग्दैन तर त्यसवेला मात्र लाग्छ जब मेरा बाबु नार्मद भएर सौतिनी आमा को स्त्रीयाचरित्र हेरेर मक्ख परी बस्छन् । यो समयको माग हो विरोध नगर्नु । यस्तो त घर घरमा हुनु पर्छ तब देशको तरक्की हुन्छ । तमसबाट ज्योतिर्भूमि मातृभूमिले प्रसन्नता जाहिर गर्न पाउँछिन् । या आफ्ना ज्योतिर्मय भाग्य बोकेर जन्मेकाले विविध कल्पनाहरूलाई साकार पार्ने मौका पाउँथे । पाँच पोइकी माता द्रुपदपुत्री पौराणिक युगमा एउटी मात्र पैदा भईन् भनें आजको कलियुगमा घरघरै हुनुपर्छ भनेर पुराणवादीहरू भनिरहेछन् । तर सबै कामहरू ढिला सुस्तीले चल्ने हाम्रो देश न वल्लो तिर न पल्लो घाट भएर शिथिल पडिरहेछ । सौतिनी महिलाहरूले स्वतन्त्रता लिनै पर्छ व्यक्तिगत होस् वा सार्वजनिक रूपले ।

आफूले आफैलाई विर्सने रोग लागेको एक जनाले मलाई धेरै वर्षको चिनापर्चीपछि मलाई नै विर्सिसकेको कुरो मलाई राउण्ड टेबुल विचारगोष्ठीमा थाहा भए जहाँ बोलाएर मेरो स्वागत गरेर पनि- 'तपाई को शुभनाम ?' भनी सोध्दा शायद उसले मेरो हन्बेर्नु नाम थाहा नपाएर पनि हुन सक्छ त्यसैले सोध्यो होला भन्ठानेको थिएँ तर उ त बिर्सने रोगी हुनाले सम्झाउने आवश्यकता पनि थिएन आफ्नो नाम भनें 'हन्बेर्नु' । 'सम्झें, सम्झें' । हामी विलायतमा टेम्सनदीको पुलमा भेट भएका थियौं । हामीले सल्लाह पनि गरेका थियौं पुल मन्तिर हामफाल्न । हप्तौं सम्म प्रयास गर्‍यो-आज मलाई याद आयो । धन्यवाद-नगरी बाँचेकाले भेट भयो ।

मैले उसको स्मरणशक्तिको प्रशंसा गर्दै भनें,'मलाई अब यस्तो लाग्छ कोही भूत मसित बोलीरहेछ-'त्यो टेम्समा हाम्फाल्ने तपाईं नै होइन ?' मैले सोधिहालें ।

मेरो उत्तर सुन्नासाथ उसको आँखाका नानी राता राता भएर बल्न लागे । उ राउण्ड टेबुलको आसनमा विराजमान भएर बहसमा भाग लिन लागेको देखें । सँगै अरु विचारगोष्ठीका सहभागी उसतिर भन्दा मतिर दृष्टि दिइरहेका थिए । उसको नाम मेरा जमानामा प्रेरकराज घराना थियो ।

मलाई लाग्छ उ मरिसकेको प्रेतात्मा कसरी आयो ! होइन होला । गोष्ठीको कार्यक्रम छउन्जेल मेरो मनमस्तिष्कमा

यही भ्रमले जरो गाडिरहेको थियो । पुरानो रोगी प्रेत हुँदा पनि त्यही स्वभाव बिर्सने रोगले ग्रस्त थियो । रातो आँखा भएको न्याउरी मुसाको थुतुनोमा झुण्डिएको साँप झैं मैले आफूलाई देख्न लागें ।

रातभरि म त्यो विचारगोष्ठीका सहभागीका अनुहार आकृतिलाई सम्झेर बसिरहें मलाई कुमालकोटी बनाउन ती मेरो जुँगा पकडेर आफ्नो गुफा ओडारतिर तान्दै थिए ककरोच (साङ्लो) लाई झैं ।

मैले भनिसकेको छु-मेरो सदिच्छाको अर्थ दुरेच्छा अर्थात् अशुभेच्छा जति छिटो प्राप्त हुन्छ सदिच्छा हुदैन। अब भन्नुस् म यस्तो छिटो सफलता हुने बाटोमा नलागी सदाचारी शुभेच्छुक र सबैको मंगलतिर लागूँ ? मलाई त यिनै भूतप्रेतहरूसित विशेष प्रेम हुनुमा प्रसन्नता हुन्छ। तर मैले चाहेको बाटोमा लाग्न नदिने तत्त्वदेखि बडो खेद हुन्छ। ती मलाई बढ्न दिदैनन् खुट्टा समातेर तान्छन् । मलाई कसले सदाचारीमा नाम फिजाउन चाहन्थ्यो र यसकारण मेरा मित्रसित मेरो पुनः मैत्री बढ्नुको अर्थ थियो- मेरा सत्प्रवृत्ति अर्थात् असद्वृत्ति ।

यस सत्प्रवृत्तिले गर्दा मलाई नैतिकवान् र आदर्शवान् बनेको अनुभूति हुनु भनेको नहुनु हो । नीतिवान् न आदर्शवान् मलाई धेरैले चिन्न थाले, जहाँ गए पनि मेरो स्वागत हुन्थ्यो। मैले आफ्नो घरको माया मन चटक्क छोड्न नसक्ता । म बराबर सौतिनी आमाको दर्शन गर्न भनी जाने गर्थें । मलाई उनको चरित्रमा नआएको परिवर्तन बुझिनसक्नु लाग्यो ।

उनको स्वस्थ सुन्दर शरीर देख्ता उनलाई सबै सुख सुविधा मात्र होइन धनसम्पत्ति खानी भेट्टाएकी झैं लाग्यो । जो मलाई निस्तो भात दिन्थिन् कहिले मीठो मसिनो चिल्लो रोटी पनि खुवाउँथिन् । शायद मेरो सच्चरित्र र सत्प्रवृत्तिको गन्ध उनले सुईंको पाएकी हुन् कि !

मानिसको स्वभाव बाहिरको कुरा होइन जो पनि आफूसरह चरित्रकोलाई मन पराउँछ भन्ने मलाई थाहा थियो । मसित यो पहिलो सद्भाव उनले प्रकट गरेकी थिइन् । यसमा उनको कुनै निजी स्वार्थ थियो होला । मसित केही भन्न खोजेकी केही चाहेकी होलिन् । उनका अरु सन्तान त थिएनन्, कुनै सन्तान देखाउनु परे म वाहेक को थियो ? उनी अझै सन्तानवती हुन सक्थिन्, उमेर अझै तीसेककी देखिन्थिन् जब म चालीस नाघेको र मेरो लठुवा बाबु साठी नाघेका थिए । अझै कलिली रसिली कान्छीहरूका लालायित थिए । तर लठुवा बाबु छोरा पीडित थिए जो कहिले पनि बाबुको आज्ञाकारी भएन । आज्ञा अनुशासनको संस्कारले जसलाई जन्मै देखि बाटो देखाएन भने मैले कुन संस्कार अनुशासनको प्रतिपालन गर्ने ? मैंले त संस्कार भनेको अवज्ञाकारिता ठान्दै आएँ । मलाई यो नैतिक अनैतिक संस्कार कुसंस्कारको शिक्षामा बाँध्ने कसले ? मुखमा पट्टी लगाउने हात खुट्टा बाँधेर लडाउने डाकू समाजको सदस्य कार्यकर्ता भएर हिंड्नेहरूसित मतलब डर, धम्की, आतंक र हिंसा गर्नु मेरो धर्म भनेर हिडें । आफूलाई परम्परादेखि नै पटुकामा खुकुरी लिने आफ्नो हन्वेर्नु नाम सार्थक पार्ने जंगलवासी, गुफावासी, आदिवासीको एउटा राष्ट्रिय सदस्य बनाएँ । जंगली कानून लागू हुनुपर्छ । पुरानो प्रथा - । यसलाई आन्दोलन भन्दै चेतावनी दिन आज लीडर बहादुर भनाउँदाहरूको यो देश हो । कुन यी त मौकावादी विश्वास नगर्नु रघुनाथ यी दुष्ट पो हुन् सभ्यताभन्दा धेरै माथिल्लो प्रकृतिको धर्म पशुत्वले मेरा एक एक रक्तकोष र एक एक कणहरूले बनेका छन् । किनभने यो देश सभ्य हुनु भन्दा असभ्य रहनमा गौरव राख्छ । एउटाले अर्कोमाथि बिनाकारण हमला गर्नु उसको मौकावादी मानवधर्म भएको छ । म पनि यसको प्रभावमा परेको एउटा नेपाली हुँ भन्ने गर्व ठान्छु । यो असभ्यता हिंसात्मक मानव प्रकृतिगत मौलिक संस्कृतिलाई कुनै सभ्यताको बाह्य आक्रमणले दबाउन सक्ने देखिन्न । त्यही प्रवृत्ति र प्रकृति हो मेरो मानवता, जसको परिचय मेरी सौतिनी आमा हुन् जो कति परपुरुषको संसर्गबाट कति सुसभ्य भएकी छन् । जसलाई पुराना धर्मीहरू वेश्या भनी न्वारान गर्थे, माया गर्नु भनेको थुक्नुको अर्थमा लिन्थे । निन्दा र हेला गरेर समाजदेखि पर हटाउन तीनको परमपुरुषार्थ । आज भने समाजले नयाँ धर्म पालन गर्दै छ, सम्मान दिदै छ । वेश्या पनि हाम्रै बहिनी हुन् हाम्रै दिदी आमा हुन् भनेर प्रतिष्ठित हुँदैछिन् । मेरी सौतिनी आमालाई आँखा उठाएर आँखा जुधाएर हेर्ने को ? नयाँ धर्मको संस्कार यही सत्यमा आधारित छ । म पनि आफ्नी माता सौतिनी जामा पहिरिन छोडेर सक्कली आमा पाएर दङ्ग छु । मलाई देश देशावरमा फिरेर आवारा बन्दै हिंड्ने लहड पनि छैन । आफ्नो कार पाएको छु सौतिनी आमाले किनीदिएको ट्याक्सी चलाउने गर्छु, कमाउने निहुँमा-लठुवा बाबु मलाई बाटोमा टेकेकोलाई कुबाटो छोडेको देख्छन् र मेरो आम्दानी प्रति आकर्षित छन् । उनी अझै आफूलाई पत्नीपीडित ठान्छन्, आफ्नो कुसंस्कारको जरो कहाँ उखेलिएको छ र ?

आफ्नो घरको धाक देखाउनपट्टि नलागेर घरको दुरावस्था देखाउने बानी तिनै धनीहरूलाई परेको हुन्छ जसलाई डर छ कसैको डाहको पात्र बन्नु, रीन माग्नेहरूको जमात,चन्दा, कर आदि देखि आत्मरक्षा गर्नेहरू मध्ये एक जना कहाँ म पुगेको थिएँ । वास्तवमा म खास केही माग्न र उसको डाह गर्न गएको

थिइन मलाई कसै प्रति विश्वास छैन । मागेर कोही आफ्नो दमडी खुस्काउन चाहँदैन । न त आजकाल थोरै थोरै रकमको लागि कुनै टिप्पन र अदालतको छाप आवश्यक मानिन्छ । मैले त्यो व्यक्तिलाई भेट्न गएको थिएँ खालि उसको शान शौकत हेर्न । भव्यतासाथ निर्मित भवन, आधुनिक साधन सुविधा मनोरंजनका साज सामान, संसार घुमेर जम्मा गरेका विविध विचित्रका उपहार, कोसेलीहरू शोकेस र च्याकहरूमा सजिएका देखिन्थे । आफ्नो राष्ट्रको भन्दा अन्तर्राष्ट्रिय प्रेमको नमूना त्यहाँ पाइन्थ्यो । मानिस कोही पनि सीमित परिधी भित्र रहन चाहँदैन ।

उसले मलाई विभिन्न उपहार कोसेलीका साथ कहाँबाट प्राप्त भयो कसरी हासिल गर्नु पर्‍यो । ती देशका नाम सहित ती देशका निवासीहरूको परिष्कृत अभिरुची-आदि बयान गरेर मलाई प्रभाव पार्ने चेष्टा गर्‍यो । मैले पनि दुईचार देश घुम्न, आवारागर्दी गर्न र बेगारी काम गरेर बिताएको आफ्नो हालत जाहिर गरें ।

'बेगारी भन्नु भो ?'

'याने भलिन्टरी सर्भिस' कतै भैंचालोले विध्वंस गरेको छ, कतै बम र राकेटका वर्षामा आर्तनाद गरेकाहरूको उद्धार । मलाई त त्यस्तो दुर्दशाग्रस्त सरकारको सहायता गर्नमा मजा लाग्दथ्यो । उनीहरूको आह्वात्तमा सुख्खा रोटी पानी खाएर बेगारी गर्नमा आनन्द लाग्दथ्यो । मलाई लिनुभन्दा दिनुमा सुख मान्ने बानी यसैले जुन देशमा पनि मलाई भिसा फ्री छ । मेरो कुरा सुनेर उ मुख वाएर मलाई हेर्न लाग्यो ।

'तपाईंको शुभनाम ?' उसले झस्केर बिउँझे झैं सोध्यो 'मैले सारा संसार घुमें तर आफ्नै देशमा यस्ता विशाल कलेजो भएको व्यक्ति मैले देखिनँ, कोही पनि भेटिनँ, यस्तो विश्वबन्धुत्व राख्ने व्यक्ति कोही मैले भेट्न सकिन । कसैले भनेर तपाईंको आफ्नै राष्ट्रमा यस्ता असली व्यक्तित्व छन् । मलाई मुखले ठीक्क पार्ने नेता, महन्त, संन्यासीहरू मैले धेरै चिनेको छु । तर हाथ-गोडा सद्दे भएका पंगु अपंगु मात्र जो वाक्पटुताबाट विश्वलाई हाँक दिन सक्छन् । उ क्षणभर रोकिएको वेला मैले मौका पाए झैं भनें, मलाई हन्बेर्नु भन्छन् । पहिले म चतुर्भुज नामले चिनिन्थें तर जसको दुईहातले काम नपाई थन्क्याउनु परेको छ चारचार हातको धाक देखाउन मलाई उपयुक्त लागेन । फेरि हन्बेर्नु मेरो कुण्डली चक्रमा लेखिएको नाम हो । मेरो शुभनाम होइन यो मेरो अशुभ नाम हो आजको समाजमा ।'

'कामकाज ?' उसले सोध्यो विनम्र भएर ।

'मैले भनिहालें नि काम न काज चारहातबाट घटाएर दुईहात बाँकी राखेको छु । दुईहात पनि अब बढी होला भन्ने लागेको छ एकै हातले पनि काम चलाउन सकिन्छ । त्यसो त देखावटी काम ट्याक्सी चलाउँछु ।' मैले जबाफमा उसलाई भनें ।

म त्यस घरमा पुगेको थिएँ कोही उसको घरको एउटा फल्याट्मा बस्ने व्यक्तिलाई लिन जसले मलाई टाइम दिएको थियो मेरी सौतिनी आमाको ग्राहक थियो उ । उसले दिएको टाइम भन्दा एक घन्टा अघिनै पुगेकोले त्यस धनी रइसको नजरमा परेको थिएँ । उसले मलाई आफू मिल्दो हेप्न पनि सकिने अनौठो हाँस उठ्तो व्यक्तित्व देखेर सोध खोज गरेको थियो । उसले मलाई आफ्नै बैठकमा लगेर सारा कुरो देखायो आफ्नो रईसीको परिचय स्वरुप । आफ्नो सुख विलास र वैभवको प्रदर्शन अनि आधुनिक मानसम्मान बटुल्ने आफ्नो हब्बीको परिचय ।

मलाई उसले जीवन स्तरमा निम्नस्तरको दृष्टिकोण राखेको र मेरो महानता उदारहृदयको परिचय उसलाई दिंदादिंदै एउटा फटाहा गफास्टक बाहेक केही देखेन । मलाई यस्ता नव धनाढ्य रईसहरूसित अरु संलग्नता जोड्न मन लाग्यो । उसलाई मैले कुनै प्रभोलन दिने कुरा गर्न नसके पनि घनिष्टता राख्ने कोशिश गरें, जसको परिणाम भोग्न म आफूलाई तयार पार्दै थिएँ ।

म उसको दृष्टिमा धनी हुने बाटो नजानेको परंपरागत नैतिकता र सदाचारको बाटोमा लागेको देख्यो । तर म भने उसकी श्रीमति सित परिचय बढाउने धुनमा थिएँ जसलाई एकपल्ट उसको घरमा देखेर हात जोड्दै मसुक्क हाँसेको थिएँ । यस्तो बराबर भेट हुने समय मलाई उसकै घरको फल्याट्मा बस्ने मेरी सौतिनी आमाको ग्राहकलाई पुऱ्याउन वा लैजान म आउँथे कुनै बेला रक्सीले चुर उसको रईस श्रीमान् ओछ्यान्मा लडेको र कुनै वेला सोफामा विचेत उधो मुण्टो देख्थें । उसकी श्रीमति मन्दा बरण्डामा वेतको कुर्सी सार्दै बस्थी । कुनै वास्नादार सिगरेट सल्काएर लोग्नेले ल्याएको विदेशी फूलका गमलामा लागेका झुसील्कीरा विमराले च्याप्तै एउटा गोलटीनको बट्टामा जम्मा गरिरहेकी हुन्थी । यस्तो वेला म उसलाई मद्दत गर्ने कुरो गर्थें र अधि सर्थें । उ मेरो इमानदारी मात्र देख्थी तर भित्रको मन देख्न असमर्थ थिई । मलाई लाग्दथ्यो म चांडै सफलताको सिंढीमा पुग्नेछु । मेरो कामको कुनै सिलसिला मिलिरहेको थिएन । पहिले मलाई त्यही काम, काम जस्तो लाग्दथ्यो भने कुनै बेला बेकार समयको बरबादी । जब मलाई कुनै तस्करी गर्नु पर्दा अथवा बोर्डर आरपार गर्नु पर्दा ज्यान को खतरा र जीवनको बचेखुचेको आराम पनि जेलमा बिताउने मुकाबला गर्नु पर्दा बाँचेको जस्तो आनन्द मिल्दथ्यो । म कसैको काममा उपयोग हुन

सकें भन्ने लाग्दथ्यो । मैले कामलाई असल र खराब भनी बाँडफाँड गर्ने गरेको छैन । जुन पनि मेरालागि काम-भन्ने मेरो सिद्धान्त । खराब जसलाई पनि बनाउन सकिन्छ, खराबलाई असल बनाउनेहरू नै महान् हुन् । प्राध्यापक, नेता, धर्मगुरू हुन् । असललाई असलको कोटीमा पुऱ्याएर पूजा र प्रशंसा चाहनेहरू 'आउट अफ डेट' हरू हुन् ।

मैले उद्देश्यपूर्ण जीवन बिताउन घर देश परिवार छोडेर भौंतारिंदै हिंडेका दिनहरूले यस्ता पाठ दिएका हुन्, अनुभव दिलाएका हुन् । म यसैले के गरिरहेछु भन्दा पनि महत्त्वपूर्ण कुरो कसरी जिइरहेछ, बाँचिरहेछ यसको अनुसंधान, लाग्छ म जिइरहेछु यसैले कि मन्दाका पोइ रईसको विश्वास जित्न सकें, त्यस्तै मन्दाको । उनीहरूलाई मै जस्तो विश्वास पात्र चाहिएको थियो । किनकि तश्करका मालहरू कहाँ कसलाई पुऱ्याउने जटिल काम मलाई सुम्पनु मेरो जीवनको पूर्णता प्राप्ति म सम्झन्थें तर मैले देशका जिम्मेदार ठेकेदार सत्ताधारीहरूको अनुहार कत्ति पत्रै पत्र परेका र कुन अनुहार सक्कली चूरो हो- यो थाहा पाइसकेकोले केही आतंकित हुने जरुरी थिएन । सक्कली चूरोको कुरो गर्दा उनीहरू डराउंछन् किनकि ती कस्ता खान्दानबाट आएका हुन् । कस्ता खान नपाएको दरिद्र परिवारबाट जो आफ्नो गाउँ बस्तीमा कस्तो मजुरीगरी परवरिश गरिएर हुर्केका गाउँघरको पाठशालामा निःशुल्क प्रारम्भिक शिक्षा पाएका व्यक्ति थिए । पछि कुन गिरोहमा सम्मिलित भयो कस्तो कामधन्दा (कालो) गऱ्यो । खोतल्नलाई उ आफ्नो कंकालदेखि तर्सन्थ्यो-यस्तो व्यक्ति आज राष्ट्रको नाममा धब्बा नभएर विभूति मानिन्छ । आजको विश्ववातावरण यति धमिलो बनाउने व्यक्तित्वहरूको म प्रशंसा गर्छु' । त्यसैले उनीहरू खुसी छन् । गोप्य गोप्य कामहरू मलाई सुम्पन्छन् तर पारिश्रमिक वा शेयर मा मलाई स्वार्थ छैन मन्दा का पोइ रईस साहेबले मलाई धेरै प्रलोभन दिएका थिए ।

त्यही प्रलोभनको त्यागले गर्दा मैले उनीहरू दुईको घनिष्ठता प्राप्त गर्न सकेको थिएं । जसको परिणाम स्वभाविक तथ्यले समयको गति सँगैसँगै मेरो जीवन गाडीको अटोमेटिक स्टियरिङ चलिरहन्थ्यो अनायास- निर्बाध । कसले भन्न सक्छ-म कुनै षड्यंत्र गर्दै छु ? मलाई यस्तो कतिपय व्यक्तिहरू जो सत्ताधारी पनि थिए, सोधेका पनि थिए मतलब नभई कोही कसैलाई-किन मद्दत गर्छ ?

मेरो जवाफ कुनै खास प्रकारको नपाएर उनीहरू सोच्थे होलान् दुईचार लाख भनेको यसको लागि कुनै ठूलो कुरो होइन । देख्ता निर्धन र काम गरेर गुजारा गर्ने भए पनि घरको संपन्न हुनुपर्छ । तैपनि अचेल यस्ता व्यक्ति पाउन अनौठो हो-सात पुस्तालाई कमाएर (लुटमार गरेर) राखेको व्यक्ति भन्थे-अचम्म मान्दै, म सुनीरहेको थिएँ जब सबै गइसकेर उ मात्र बाँकी थियो-मलाई भन्नु भएको कुरा तपाईंमा लागू गर्न किन सक्नु हुन्न ?'

उ चुप भयो । 'अब यस्तो कुरा म प्रति भन्सारको सुन एक किलो मेरो सक्रियतामा बोर्डर पार गर्ने को थियो ? मैले मतलब नराखेकोले आजसम्म बच्नु भएको छ ? अनि उल्टो मलाई निचो देखाउने ? 'मेरो धमकी पाएर उ मलाई चिन्न कोशिश गर्दै हात जोड्न लाग्यो- 'माफ गर्नुस् भनेर' यस्तै बिर्सन लागे पोलको पर्दा खुस्किन्छ भनेर म हिंड्नै लागेको थिएँ 'भोली मेरो घरमा आउनुस् 'मेरो बर्थ डे छ ।' 'धनीहरूको बर्थडेमा मलाई गीत गाउने नाच्ने आदत छैन ।' मैले आफैलाई आवेशमा विर्सेर भनें, तर तुरुन्तै आफूलाई सच्चाएर भनें ठीक छ, म आउँछु- भनेर हात मिलाएँ ।

आफूले जस्तो कल्पना गरेको थिएँ त्यस्तै त्यो बर्थडे पार्टी थियो । विदेशी चलन अनुसारको, विदेशी संस्कृति युक्त, ठूलो केन्द्र वरिपरि उमेर गन्तिले बालेर ठड्याएका मैनवत्तीहरू निभाउँदै जसको वर्थडे हो उसले केक काटी बाँड्नु कुनै नौलो कुरो थिएन । मलाई देशी, विदेशी र स्वदेशीसित मतलब थिएन मतलब केवल उपस्थितिसित थियो त्यो मैले पूरा गरें । अनि त्यहाँ जम्मा भएका उच्च सत्ताधारी औसरवादी डाकू सरकारको मित्रको रूपमा आफ्नो परिचय दिंदै उसले मलाई यस समारोहमा आएकोमा बधाई पनि दियो । उसका परिवारमा श्रीमति र चार छोरीहरू जसको विवाहित उमेर पुगे पनि विहे भएको थिएन भन्ने मलाई लाग्यो । जाने वेला विदाई गर्न मूलढोकासम्म कुरा गर्दै अन्तमा भन्यो- 'तपाईंसित मेरो लुकाउने केही कुरा छैन । मेरो घरमा आवतजावत गर्नुस् मलाई खुशी लाग्नेछ । सरसल्लाह दिनुहोस्, कुनै यथा योग्य सेवा गर्ने मौका पाऊँ, म मात्र होइन मेरा परिवार पनि तपाईंदेखि खुशी छन्, मलाई सोधिरहन्छन्' भनेर आफ्नो परिचय-कार्ड मेरो हातमा दियो ।

तर मलाई त्यस कार्डको जरुरत थिएन उ भूतपूर्व सत्ताधारी मंत्री भइसकेको व्यक्ति उसको भ्रष्टाचारको मामिला अदालतसम्म पुगेको थियो जहाँ पुगे पनि मन्त्री हात माथि हुन्थ्यो अंतमा राजीनामा गरे उसको मामिलाप्रति कारवाई नहुने फैसला भएपछि उसले मुद्दा लाखन डालर पचाउने मौका पाएपछि किन राजिनामा देओस् । जनताका दृष्टिमा निर्दोष र नैतिकता भएको उ नै ठहरियो ।

आफ्नो घनिष्ठतालाई निरन्तरता दिन म मर्न पनि तयार हुन्थें । विदेशमा छँदा मैले आफ्नो जागिर जोगाउन बोस (सरदार) ले पिस्तौल पनि दिएको थियो । जसलाई गोप्य पाकेट्मा

बोकेर हिंड्ने गर्थें, आफ्नो प्रतिद्वन्दी यद्यपि मेरो कोही थिएन, सबै मेरो निष्कपट सद्व्यवहारबाट प्रभावित थिए । मैले उनीहरूलाई आफ्नो सेवा दिन तयार हुन्थें र उनीहरू मेरो निःस्वार्थ सेवाको कायल थिए । सबैलाई आफ्नो सहृदयताले तिनको मन जित्न समर्थ थिएं । यहाँ त त्यसरी हतियार बोक्नुपर्ने परिस्थिति थिएन । जुन म जस्तो स्वभावको लागि आफ्नै देशमा सुहाउँदो थिएन । घरमा कहिले पुगें थाहा छैन, घडी नारीमा भए पनि हेर्न झर्को लागेर कारलाई ग्यारेज अगाडि छोडें । माथि कोठामा कान्छी आमा आफ्नो परिचित गाइकीसित गफ गर्दै बसिरहेकी देखें । म आएको थाहा नपाएर हो कि मलाई कोठाको ढोकामा देख्ता झस्किएर हेरीन् । आफ्नी कान्छी आमा कुन कुरा गरी रहेकी थिईन् मेरोलागि चासोको विषय थिएन । चियो गर्न गएको पनि थिइन तर उनले अगाडि राखेको रक्सीको कीमती बोतल अलि पर सारीन् । अगाडिको प्यालामा हालेको रक्सी आफूतिर खींचीन्, ग्राहकले मलाई हेऱ्यो र हाँस्यो-'चर्तुभुज बाबु ! उद्योग धन्दा कति चलिरहेछ ? क्यै मद्दत गर्नु परे सम्झनु है । तर तिमी त्यस्तो आशा गर्ने व्यक्ति होइनौ भन्ने मलाई थाहा छ । तैपनि जीवनमा दुःख सुख भनेको-'

'मातादिन बाबु ! तपाईं नेता समाजसेवी देश समाजमा प्रतिष्ठित-म भएँ एउटा समाजच्यूत । दुनियाँले भन्छ -वेश्यापुत्र ! मलाई धाक रवाफ चाहिदैंन । आफ्नो कमाइले आफूलाई पुऱ्याउँछु । को छन् र मेरा ! बरु तपाईंको पछि प्रहरीहरू लागेका छन् है, होस् गर्नुस् । तपाईंलाई बेलैमा भेट्टियो, भन्ने मौका पाएँ ।' कानमा खुसुक्क भनें ।

मेरो कुराले उ झस्कियो, एक्कैचोटि कालोनिलो भयो, उ जुरुक्क उठ्यो र ढोका लाउन गयो । 'बस न-मलाई बताउ, घर त घेरेका छैनन् ?'

'घेरिसकेका छन् । के छ घरमा ?'

उसले सबै कुरा ओकल्न लाग्यो । ब्राउनसुगर, हतियार, अवैध नागरिकता डालरहरू अब तिम्रो हातमा छु । बचाउ बाबु, तिम्रो उपकार सम्झन्छु । उ रुन्चे स्वरमा खुशामद गर्न लाग्यो । मैलें भने- 'मेरो कारमा गएर बस्नुस् पैले कैंचीले आफ्नो जुंगा अैले नै काट्नुस् । पेट्रोल हाल्ने रुपियाँ झिक्नुस् । आज रात भरमा डाँडा कटाउँछु । अनि बोर्डरका प्रहरीलाई म कुरा मिलाउँला ।' उ मलाई आदर सूचक संबोधन गर्न लाग्यो ।

तुरुन्तै त्यहाँ बाट हिंड्न पऱ्यो मैले । उसको विदेशी नागरिकता थियो । स्वास्नी नेपाली भए पनि नक्कली नागरिकताले काम लिदै थियो, नेता भएको व्यक्तिलाई कल्ले शंका गरेर नक्कली भन्ने ? यसरी त्यही दिन रातभर कार चलाएर बोर्डर पार गराएर ठूलो सन्तोष पाएको अनुभव गरें । त्यसो त पुरानो नैतिक कानूनका संरक्षक मलाई नै अपराधी ठान्दा हुन् । तर मेरो सच्चरित्रको भेद पाउनेहरू मलाई केही भन्नु आफ्नो ज्यान गुमाउनु वा सत्ताच्युत हुने डर मान्थे किनकि अज्ञात व्यक्ति ले गोली हानेर हत्या अथवा फलानो व्यक्ति हेरफेरमा आदि खबरले खबर कामत भरिन लाग्थ्यो । यस्ता घटनाहरू पापीले भोग्नै पर्छ । यसमा संलग्न असत्यलाई सत्य र अधर्मलाई धर्म बनाई आफू चोखो हुन खोज्नेलाई कसले छोड्छ । दुराचारको बोलाबाला भएको बेला कानून संविधान सम्झन्छ को ? मातादीन जस्तालाई उद्धार गर्नु मेरो आजको धर्म थियो । उसलाई मैले पक्राउ नगर्दै मुगलान पुऱ्याएँ । उसकी श्रीमति कति खुशी होली आफ्नो पोइ प्रहरीको पंजाबाट फरार भएको सुनेर ! उसको चेहरामा कति चमक आउने छ । तर मसित उसको अनुहार हेर्न र खुशी हुने समय थिएन्, म त त्यहाँ पुगेको थिए, जहाँ पुगेर म आफ्नो डायरी लेखेर बस्थें, एकान्त कोठामा बसेर आजका सबैकुरा रिपोट गरेर राख्थें, यो मेरो दैनिक काम थियो ।

आज मैले लेखें-रईस तश्करसित मेरो नयाँ घनिष्ठता मेरो दृष्टिमा कति सफल कति विफल यो उसकी श्रीमतिमा आधार थियो । उसलाई म चाहन्थ्यें । उसित म नजिकिदै गएकोमा उसको लोग्ने केही सशंकित लागेको मैले अनुभव गरेको थिएँ । तर मेरो शंका मात्र हो कि भनेर उसको घर जाँदा उसले मलाई मन्दालाई अगाडि बोलाएर सोधपुछ गर्न लाग्यो । यो व्यवहार आजको समय समाजमा त्रुटिपूर्ण अस्वभाविक थिएन । मानिस पारदर्शी भएको नै सुहाउँछ । कपट र जालको जालोमा जकडिनु मानवता होइन । मैले पनि उसलाई आफ्नो खुला दिल अगाडि तेर्साइ दिएँ -म अविवाहित व्यक्ति हुँ । यस्तो सोच्नु अनौठो होइन । यस्तो परिस्थिति मैले कतिपल्ट सामना गरी सकेको छु । तर अब स्पष्ट भइसके पछि त्यही पूर्वाग्रहले हेर्नु उचित होइन । नयाँ चिन्तन नयाँ विचारको आवश्यकता छ । मानिस पुरानोबाट नयाँ चोला फेर्दैछ साँपले काँचुली फेरे झैं, युग बदलिदै छ, गत शताब्दीका कुरा अब गर्नु अन्ध परम्परा हो ।

मैले त्यसपछि पनि सम्पर्क राख्न छोडिनँ । म तिनको दिलबाट कपटको जालो हटाउन अझै धेरै प्रयास गर्ने विचार गरें । उसको मनको खोट पहिले जस्तै थियो ।

एकदिन त उसै (रईस)लाई मेरो आवश्यकता परेछ । उसले मेरो सहयोग माग्यो उसको विदेशबाट आएको मालसमान गुणस्तरको दृष्टिले घटिया र देशवासीको स्वास्थ्यको प्रतिकूल भन्ने सिफारिस गरेर भन्सारले देश भित्र आउन रोक लगाइ दियो रे ! मलाई छुटाउन र आफ्नो इज्जत राख्न उ कुनै पनि मूल्य तिर्न

तयार थियो । मलाई लाग्यो-अब उ आफ्नो ठीक बाटोमा आउँदै छ ।

मैले आफ्नो डायरीमा लेखें-उसलाई मैले धेरै विश्वास गरेको पाएँ मेरो पुरानो काम कर्तूतको इतिहास उसले थाहा पाओस् पनि कसरी जति उ आफ्नो विदेशयात्राको निउँगरी ल्याएका उपहार र क्यूरियोका सामानहरूमा हीरामोती रंगीन पत्थरहरू ल्याउने गर्दथ्यो जसको मूँल्य लाखौं रुपियाँको हुन्थ्यो । उसवेला त्यति कडाइ र कठोर सजायको कानून बनिसकेको थिएन । तस्करी शुरुआत मात्र थियो तर बाठो रईस जस्ता दूरदर्शीहरूले मौका छोप्न पाएको वेला । धनीमानी कै बोलबाला थियो । धन पनि बुद्धि पनि पाएकाहरूले नै समाजको गौरव राख्ने गर्छन् । आज समाज कति अघि बढिसकेको छ । कति असंख्य मार्बलका बिल्डिङले टोलछिमेक बस्तीहरू झिलमिलाइरहेछन् । ईर्ष्यालुहरू हेर्दै भित्र भित्रै चिन्ता परितापको आगोको रापमा पिल्सिरहेछन् ।

मेरा जति परिचित सुपरिचितहरू थिए ती भी.आइ.पी. दर्जामा प्रतिष्ठित भइसकेका व्यक्ति थिए । कोही भूतपूर्व भइसकेका, दाँत नंग्रा फुक्लेका बूढो बाघ भालु जस्ता अकर्मण्य भइसकेका र कोही अझै आफूलाई तन मन धनले सक्षम देखाउँथे । केश फुलेको किन नहोस् रंगाएर पनि कालो देखाउँथे । शरीर शिथिल र चाउरिएको देखिए पनि तानतुन पारी प्लास्टिक सर्जरी गराएर जवान राखेका थिए । अनि म तिनका लागि सुन्दरीहरूको खोजमा हिंड्ने व्यक्ति जसको ढल्कँदो उमेरमा पनि उत्साह भर्न चाहने मेरो स्वभाव । अनि देश बाहिर हजारौं संख्यामा गइरहेको यौवन सुन्दरता जो देशको संपदा सौन्दर्य मानिन्छ । जुन विना देशले आफ्नो मौलिकताको आधार गुमाउँछ । 'चपला अबला'हरू देश रसातलबाट जोगाउने सानो मेरो प्रयास- कुनै बाधा विरोध सफल बनाउन होस्टे हैसे गर्दै ती भी.आइ.पी.हरूको निगाह नजरको भिक्षुक बन्दै दिन विताउँदै आइरहेको छु ।

मन्दा मेरो नजरमा चढिसकेकी थिई पहिले देखेकै वेलादेखि यसैले रईसको खोटो नजर देखि मैले बच्नु पर्ने कुनै कारण थिएन । उसलाई म आफ्नो बडप्पन देखाउन होइन बरु अनुभव गराउन चाहन्थें-उ सर्वस्व त्याग्न तयार थियो । आफ्नो इज्जत गल्यांगुर्लुम् हुनबाट जोगिन्छ भने आफ्नी श्रीमतिको हत्या गर्नु पर्छ भने पनि ।

'मन्दालाई त्याग्नु परे पनि म तयार छु । कोही सत्ताधारीबाट मेरो काम बन्छ भने' उसले भन्यो । मलाई उसको चिन्ता र व्यग्रता देखेर दया लाग्यो । 'यो सब कुरो छोड्नुस् । म तपाईंको काम भोलि नै गरिदिन्छु ।' उ दंगदास भयो । त्यसै वेला मन्दा भित्र आइपुगी ।

'एउटा ठाउँमा नगई नहुने भएको छ । मन्दा, म भरे मात्र आइपुगुँला । हन्बेर्नुसित गफगाफ, तास खेलेर बस है ?' भन्दै रईस कोठाबाहिर गयो । पोइ गए पछि उसले सोफाबाट उठेर गई कोठाको ढोका लगाई र भित्री झ्यालको पर्दा लगाई उसको यो हडबड देख्ता मलाई लाग्यो उसलाई रईसले आदेश उपदेश गरेको हुनु पर्छ । उसलाई आफ्नो व्यवसायको डुब्दो प्रेस्टिज जोगाउन मेरो कति आवश्यकता कति महत्त्व रहेछ । बुद्धिमति श्रीमति बुझ्ने कुरो थियो । म जस्तो हन्बेर्नुको पनि यस्तो महत्त्व देखेर म दंग थिएँ । मैले मन्दालाई मप्रति आकर्षित भएको देखावटी बनावटी हावभाव बुझिसकेको थिएँ । मसित सोफामा सँगै बस्न र टाँसिन आउँदै उसले मेरो छातीमा हातले सुमसुमाउँदै छातीमा टाउको राख्दै मेरो खुशीको लागि आफ्नो पोइ पनि बिर्सन तयार भएकी आधुनिक महिला वर्गलाई पनि चुनौती दिइरहेकी थिई -जो नारी स्वतन्त्रताको लागि मरिमेटिरहेका थिए राष्ट्रको संसद सदन गुंजाउँदै थर्काउँदै ।

'मन्दाजी म तपाईंको आदर गर्छु ।' तपाईंको तनसित मेरो कुनै लेनदेन छैन, मनसित बरु होला । मेरो कुरा मान्नुहुन्छ भने मसित मेरो घर जाऊँ ।' 'तपाईंको घर ?' उसले मेरो छातीबाट टाउको र हात झिक्दै भनी । उसले मलाई इन्कार गर्ने कुरै थिएन । उसको बनावटी देखादेखी हावभाव तुरुन्तै हावा भयो । उसले उठ्तै भनी, 'म सिंगारपटार गरेर आइहाल्छु ।'

'धेरै बेर नलाउनुस् ।'

'सारी ब्लाउज फेर्ने हो, कति बेर लाग्छ र ? त्यतिञ्जेल कफी खादैं बस्नुस् । म मेडलाई पठाउँछु ।'

उ पन्धमिनेटभित्र सिंगारपटार र नयाँ पोशाक फेरेर आइपुगी र भनी, 'ल जाउँ दाइ ।'

मैले आफ्नो ट्याक्सीमा उसलाई घरमा ल्याएँ ।

म चाहन्थें मेरो बाबु मेरी सौतिनी आमालाई लिएर केही दिन पहाडी हावापानीमा दिन बिताउन् मन बहलाउन् । यस भन्दा अघि पनि मेरा सौतिनी आमाहरूलाई आफै ठेगान लगाइ दिएका थिए । प्रहरी प्रशासनले गर्दा अहिले गाउँमा गैर सरकारी संस्था र सामाजिक संघ समुदायहरूमा कार्यकर्ता भएर देश सेवामा तन मन अर्पण गर्दै थिए । अनि धन पनि आर्जन गर्दै थिए । यश र नाम फोस्सामा कमाइरहेका थिए विदेश भ्रमणमा पनि कुनै औसर नगुमाउँदै उम्कन नदिदै ।

यहाँ आफ्नो घर खाली राखेर ढोकामा ताल्चा लाउन पल्केमा गाहकीहरूलाई फर्काएर व्यवस्था कसरी चल्ने ? फेरी जो नियुक्त भएर वर्षौंदेखि ईमानदारीसाथ काम गर्दै आएका पाले

दलालहरूलाई कल्ले काम दिने ? तिनको स्वार्थ पनि हेर्नै पर्‍यो । फेरी तिनै त हुन् व्यवसाय चलाउने । म त इन्तजामसम्म गर्ने हुँ । मेरो घर सर्वसाधारणको झैं लाग्ने कुनै भडक नभएको सामान्य घर गृहस्थीको होइन भनेर कल्ले भन्न सक्ने । कल्ले निषेधित क्षेत्र ठानेका थिए र छरछिमेकमा महानगर भित्र को कस्ता व्यक्ति असल खराब बस्छन् -को व्यापार धन्धा गर्छन् खोज गर्ने कल्लाई फुर्सत ? हाम्रो ओझेल परेको घर वरपरका ठूल ठूला महलहरूका अग्ला पर्खालहरूले घेरिएको अनि अगाडि पछाडि बगैंचा र विभिन्न फूलहरू रंगीबिरंगी चरित्र दर्शाउँदै हावामा फुलिरहेका थिए । छेउछेउमा ठूला गमलाहरूमा देशी विदेशी फूलहरू झुलिरहेका थिए ।

बास्नादार प्राकृतिक वातावरण कसलाई मन पर्दैन ? त्यस्तै सजीव प्रकृति सुन्दरी झैं कोठामा देख्ता प्रफुल्लताले पूर्ण जीवन पाए जस्तो कुनै सांसारिक झमेलाको पीर चिंता हटाउने र बिर्सन पाउँदा आफ्नो परिचय र इज्जत आवरु नै वास्ता नगरी घण्टौं बिताइरहेका हुन्छन् ।

मलाई अरुको उपकार र कल्याण हुन्छ भने- मलाई काम गर्न बडो आनन्द लाग्थ्यो । रईस मलाई उसको काम गरिदिएकोमा केही नजराना दिन चाहन्थ्यो उसले जुन नजराना चढायो त्यो असाधारण थियो । यो उसको म प्रति विश्वास र सद्भावना नै मेरो लागि महान् उपहार थियो । भिक्टोरियाक्रस थियो । मन्दाको सक्कली परिचयसित यद्यपि मेरो कुनै मतलब थिएन । तर मैले जे चाहेको थिएँ त्यो तन मनको मिलन कस्तो हुन्छ भन्ने थाहा पाएँ, नवविवाहित जोडीले पनि यो आनन्द कहाँ सबैले अनुभव गर्न सक्छन् र ? मैले आफ्नो डायरीमा आफूले गरेका सफल असफल घटनाहरू रिपोर्ट गर्दै भर्दै आफ्नो सन्तुष्टिको तलतल मेट्ने गर्थें, कुनै दिन ती लेखिएका कुराहरू पढने फुर्सत लिन्थें, आनन्दित हुन्थें मलाई शिकायत गर्ने हरूले जे सुक्कै भनून् -किनकि ती घटना मेरा कोरा कल्पना मात्र थिएनन् । भएका बेहोराहरू हुन् । कहीं पनि तपाईं ले पत्याउने कुरो पाउनु हुन्न भन्ने म के गरुँ । सबै यथार्थ र वास्तविक हुन सके त यो संसारकाव्य लोकमा परिणत हुने थियो । अभाव भन्ने कुरा केही रहन्न थियो । सुख्खा मौसममा घरघरै धारामा पानी भरिन्थ्यो । हिंसात्मक घटना, अपहरण बलात्कार कहीं सुन्न पाइन्नथ्यो ।

तथापि मैले आफ्नो घटनाहरूलाई स्वाभाविक मोड दिने प्रयास गर्दा गर्दै अतिशयोक्ति कपोलकल्पित र अमानुष देखिएका छन् भन्ने कबुल गर्दै भन्न चाहन्छु कि मलाई रईसले आफ्नी श्रीमति सुम्पेर आफु उसका रखौटीहरूसित रंगरंगेली गर्न पाइरहेको थियो । काम त मैले उसको इच्छानुरूप गरिदिएको थिएँ । उ अन्य जोडिएका कामकाजमा व्यस्त व्यक्ति भएर देश देशावरमा घुम्न पनि पुग्थ्यो । मलाई सूचना गरेर जान बिसंदैनथ्यो । फर्किंदा केही कोसेली ल्याउन चाहन्थ्यो आफ्नी मन्दाको पनि उसलाई ख्याल आउँथ्यो । मैले पनि मन्दालाई आफ्नो बनाउने कुरा उसित अझै पनि गर्न सकेको थिइन । तर उ मेरै लागि लोग्नेलाई छोड्न कसरी सकिन्छ आफूलाई तयार पार्दै थिई ।

यो कुरा दुनियाँमा नसुनिएको अशोभनीय थियो । अपत्यारिलो र झूठो मानिने कुरा म गरिरहेछु । यहि हो मेरो स्टाइल, मैले यसै स्टाइलमा आफ्नो व्यक्तित्व ढालेको छु । कोही यसलाई मानसिक विकृति भन्लान् नबुझी । कोही मेरा कुरा असामाजिक ठान्दा हुन्-तर म कहाँको समाजमा विकृतिले छोएको हुदैन ? एउटा अपराधी धर्मगुरू महात्मालाई हत्या गर्छ उसको दृष्टिमा धर्मात्माहरू सबै पापात्मा । कुनै मापदण्ड नभएको कुरो विकृति हो । धर्म संस्कृति विकृति हुन् भन्नेहरू कै जनताको बाहुल्यले जहाँ पनि प्रमाणित गर्दै छ । किनकि मानिसको स्वभाव नै यस्तो विकृतितिर ढल्कँदै छ । पैसाको लागि जस्तै ठूलो व्यक्तिहरूको पनि हत्या हुन्छ । देशमा प्रशासक नेताहरूको आवश्यकता छैन । सबै अराजकता उद्दण्डतावाद मनपरीलाई प्रश्रय दिन चाहन्छन् । यस्तो परिस्थितिमा उनीहरूको मनोनुकूल हिंडछु भने अरूलाई आफ्नो अनुकूल बनाउँछु भने यो कसरी असामाजिक र अस्वाभाविक ठहरियो ? यो प्राध्यापकीय विवेचना सित मेरो सिद्धान्त मेल खाँदैन । सबैलाई उपदेश शिक्षा दिने गुरूले पनि समय अनुसार चल्न जानेन भने त्यसको गींड र टाउको भेटिने छैन, यो आजको अराजक धर्म किन कोही बुझ्दैन ? आफ्नो आदर्शको लागि जीवन त्याग गर्ने शहीदहरूको उदाहरण के पर्याप्त छैन ?

हुन सक्छ म आफै विवादास्पद बनेकोछु । आजको परिस्थितिले मानिसलाई संशयपूर्ण बनाइरहेको छ । व्यक्ति कोसित संलग्न छ, कुन अन्डरग्राउन्ड पार्टीसित उसको गोप्य सम्बन्ध छ । म आफै पनि आफ्नो डायरी झोलामा लिएर हिंड्दा ठाउँ ठाउँमा प्रहरी चौकीको फेलापर्दा खानतलासीको शिकार र सवाल जवाफको सामना गर्नपर्दा दिक्क हुन्छु । मेरो झोलामा सानो चक्कु, प्रगतिशील साहित्यिक पुस्तक पुस्तिका, सानो टर्च, हाते रेडियो, नोटबुक आदि किन शंकास्पद ठहरिए ? मेरो डायरी नपढी नदिने भनी पन्ध दिन झुलाइयो तारिख मा राखेको झगडियालाई झैं-मैले यी सबै नेपालीहरू चार दिन वा दुई हप्ता मन बहलाउन किन नबसूँ ? किन गाउँ घरको कुरो खोतल्न आएको जासूस नै ठानेर मलाई दुई दिन मै लखेट्ने तयार भए ?

मैले डायरीमा लेखें-मेरो नाम चतुर्भूज 'हन्बेर्नु' गराउनु नै अशुभ संकेत सिद्ध भयो ? किनकि मैले गाउँघरमा आफ्नो नाउँ 'हन्बेर्नु' भनी परिचय गराउँदा तिनको संदेहले टाउको उठाउने मौका पाएछ, जब म एक दिन आफ्नी कान्छी आमालाई भेट्न पुगेको थिएँ वागीश्वरी गाउँ । मेरी सौतिनी आमा पहिले भन्दा सुन्दरी र उमेर पनि कलिलो देखिन आकर्षक युवती पो देखें । मेरा बाबु पनि कान्छी स्वास्नीसित बुढेसकालमा सहवास गर्न पाएर हृष्ट-पुष्ट देखिन्थे । गाउँको हावापानी लेकको चिसोपानी, सल्लाघारीको चीसोहावा, उकालोओरालो-दूधदही शुद्ध खान पाए पछि को स्वस्थ नहोस् ?

तपाईंहरूले सोच्नु भो होला-अब ब्रोदेल (वेश्यालय) चलाउन छोडेको हो कि ! तर छोडेको न छोडेको त परिस्थितिले बताउने कुरो हो । राम्रो कुरो छोड्नलाई मानिसलाई जति गाह्रो पर्छ त्यति नराम्रो कुरा छोड्नलाई पर्दैन भन्ने मेरो विश्वाससित तपाईंको सहमति हुनुपर्छ । नत्र यत्तिका बेर भालुलाई पुराण सुनाउन म लागेको होइन । बुझ्नेले बुझिसकेको छ -आज लोकप्रिय व्यवसाय के छ भनी कसैले सोधे 'वेश्यालय' तपाईं हामीले झट्ट जवाफ दिनै शब्द यही एउटा छ ।

कान्छी आमा नभए पनि हाम्रा व्यवसायमा खटिएकाहरूले गाहकीका इच्छानुसार तयार भई आउन तँछाड मछाड गरिरहेका हुन्थे एक से एक सुन्दरीहरू । यी सब प्राइभेट कुरा हुन् । तैपनि आजका बदलिंदो युगमा पनि मानिस खराब र असल भन्ने कुरा छुट्याउनु सुनाम दुर्नामको लागि मरिमेटेको देख्ता अझै बुद्धिको जरो नपलाएकाहरूसित अचम्म लाग्छ । मलाई त्यस्तो आदर्शको घण्टा कानमा झुण्ड्याउने टिचरहरू आज आफै घण्टाको आवाजमा डुबिहिंडेको देख्छु । तर घण्टा नबोकी हिंड्नेहरू भने कुकर्म बदनामको बाटोमा लागेर आदर्शवान्हरूलाई घोडाको बग्गीमा जोत्दै दौडाइरहेछन् ।

मैले डायरीको एकपन्ना सकेर अर्कोपट्टि लेख्ने सुरसार गर्दै थिएँ-ढोकामा ढ्याक-ढ्याक सुनें उठेर ढोका खोलें । एउटा गाउँले मानिस मलाई हात जोड्दै पुकार गर्न आएको देखें । 'हजुर ! मलाई जुवा खेल्नेहरूले धर दिएनन् । दशहजार सापट पाउँछु कि-' उसले भन्यो । 'म अब पैसाको मामिलामा ओर्लेर बाँड्ने गर्न लागें भने मेरो ज्यानको खतरा छ यो होटलमा बस्नु पनि ठीक छैन' मैले झट्ट सम्झें । मेरा साथमा कुनै नगद छैन । मलाई भोली बिहान नै हिंड्नु छ । यस व्यक्तिलाई म केही जवाफ दिन चाहन्थें । उसलाई केही दिनु नै जवाफ थियो । त्यसैले मैले हाथको घडी निकालें र भने 'यसबाट काम चलाउनुस् । मैले दशहजारमा किनेको घडी हो । यसमा टेलिफोन फिट छ । यसैलाई बेच्नुस् र काम चलाउनुस् । नपुगे भोलि मलाई फोनमा भेट्नुस् ।' भनेर मन्दाको घरको फोन नंबर दिएँ ।

उ मलाई छुरी, चक्कु, खुकुरी भिर्नेहरूलाई साथमा लिएर आएको थियो । उ घडीलाई ओल्टाइ पल्टाइ साथीहरूलाई देखाई साँचो वा झुटो छुट्याउन चाहन्थ्यो ।

'यो घडी लक्षीनको छ । जस्को घरमा पुग्छ उसको घर मा लक्ष्मीले बास गर्छिन् । मैले तपाईंलाई लक्ष्मी नै सुम्पिदिएँ । अब के दिऊँ जो मसित छैन' मैले भनें ।

उनीहरू मेरो कुरा पत्याएर हो वा नपत्याएर हो फर्केर गए ।

मैले पनि तिनको भलो गर्न पाएर संतोषको सास लिएँ जुन घडी मलाई वास्तवमा अरबको धनाढ्य मालिकले बक्सीस दिएको थियो, जो मेरी सौतिनी आमालाई आफ्नो देशमा लैजाने प्रबन्ध मिलाएकोमा, मलाई प्रिजेन्ट दिएर गएको थियो । पुरानो कुरो भएकोले कुन सौतिनी आमा जेठी, माहिली, साहिली आदि मध्ये छुट्टाएर भन्न म अहिले सक्तिन । तपाईंले पत्याउनु भएन ? सहज विश्वासी छु म पनि तपाईं जस्तै आफूलाई ठान्छुँ र पत्याउन कर लाउँछु, यो मेरो कमजोरी तपाईंले बुझ्नु भए कुरो गर्न सजिलो हुन्छ ।

मलाई लाग्यो उनीहरू जो मलाई एकदम घनिष्ठ पूर्वजन्मका संगाती लाग्छन् । जो पूर्व परिचय विना नै आफन्त भन्दा नजिक ठहरिंदै हजारौं रुपियांको घडी फुकाल्न मलाई बाध्य गराए तिनीहरू पुन:अरू मसित चिचिपापा पाइएला भनी आउन सक्छन् आफन्त सीत नमागे कोसित मागून् विचराहरू ? अब फेरी आए भने म के जुटाउँला उनीहरूलाई ? एउटा कार छ ट्याक्सी कार नै दिनु पर्ला मेरी कान्छी आमा ले दिएकी । मैले दिनु पर्‍यो भने म कान्छी आमालाई कहाँ चढाएर लैजान सकूँला । उनलाई हिंडाएर अरू गाउँले सरह लैजाऊँ ? म चिन्तित परिचिन्तित हुन लागें । कहाँ जाऊँ यति खेर ? रातभरी नसुतेर बिताएँ ।

बिहान भयो । अब ती आउँदैनन् । यसैले कोठामै ढुक्क मानेर सुतिरहें । दश बजेतिर ढोका ढम्म ढप्काएको आवाजले उठें । होटल ब्वाय चिया र मक्खन बिस्कुट लिएर भित्र पस्यो । 'राती हजुरलाई चोर गुण्डाहरू छुरी लिएर आएका थिए भन्छन् नि । कति लगे ?'

'केही भए पो लैजाऊन् ।' मैले जवाफ दिएँ ।

'घडी लगे रे नि ! बीस हजार पर्ने हीरा जडेको झलमल गर्ने ?'

'मसंग जे थियो त्यै दिएँ । नदिए पनि लुट्न आइहाल्थे ।'

'हाम्रो होटलमा यस्तो कैले पनि भएको थिएन । रोक्ता हाम्रा पालेहरूलाई कुटपीट र लछारपछार गरे । मलाई पनि

मार्ने धम्की दिए । म्यानेजरलाई खुकुरी उन्याए । पुलिस गुहारे पनि आउँदा आउँदै भागिसक्छन् ।' होटल ब्वायले भन्यो- 'सद्दे भन्नु म मात्रै - त्यसैले चिया बनाएर ल्याएको हजुरलाई ।'

गाउँ घरका साना ठूला होटल लजहरूमा बस्ने पाहुनाहरू मजस्ताको जसलाई कोही चिन्दैन । चिन्नुको अर्थ मालदार छ छैन लुट्नुपर्छ कि कुट्नुपर्छ धम्की ले दिन्छ कि मार्नु पर्छ तर कुरा गरेर आफ्नो स्पष्ट नीति सिद्धान्त बुझाउन नसक्नेहरू आजका चोर डाका नेताहरू जस्ता हुन् । म त्यस्तै शिकारमा परें तर म तिनीलाई सहानभूति गर्छु आफ्नो सर्वस्व दिन तयार छु । तर मसित के छ र कोही मलाई जबर्जस्ती भिडाउँछन् । भारी अनि संकटमा पारिदिन्छन् माल नभए कसरी होटेलमा बस्न आयो ?- जसले पनि प्रश्न गर्ने कुरा ! अब मेरो टेलिफोन घडी पनि मसित छैन जसबाट मलाई संकट मोचनगर्न कोही आउने थियो । संकट परेको वेला मात्र म तिनको आवश्यकता सम्झने गर्थें ।

'प्रहरीले खोजी गर्दै छ ती चोरहरूको घडीलाई बेचेर ती कतै मासु र रक्सीमा डुबेर बसेका होलान्'- होटेल ब्वायले मलाई चिंतित देखेर भन्यो ।

म त्यति चिंतित थिइनँ जति उसको दृष्टिमा देखिएको थिएँ ।

त्यस रात म कोठाको भाडा दिनभरीको कमाइबाट तिरेर निक्लिएँ । यस भन्दा अघिको दिनहरूको भाडा मैले तिरिसकेको थिएँ । होटल मालिकले मेरो नोक्सान प्रति दुःख प्रकट गर्दै आफ्नो शान्ति सुरक्षा नपुगेकोमा चिंतित हुँदै भन्यो । हन्बेर्नु साहब, मैले प्रहरी कहाँ पनि रिपोर्ट गरिसकेको छु । ती गुण्डा चोरहरू एकदिन फेला पर्छन् । अवश्य पर्छन् । मलाई तपाईंको ठेकाना फोन नम्बर दिएर जानुस्-भो भो त्यो मेरो आगन्तुक रजिस्टेशनमा नै छ ।' भनेर खिसिक्क दाँत देखायो ।

कान्छी आमाले प्रदान गरेको ट्याक्सी कारमा चढ्दै, ठाउँ ठाउँमा ओर्लंदै गर्ने मेरा गाहकिहरू अबमेरा घनिष्ट मित्रहरू थिए । कोही मलाई भाडा तीर्न असमर्थ बताउँदै दुईचार किलोमीटर सम्म पुऱ्याइदिने अनुरोध गर्थे । कोही चढेको मिटरको भाडा जम्मै तिर्न नसक्ने आफूलाई बताउँदै मनिब्याग खोलेर देखाइदिन्थे । त्यस्तै असमर्थता देखाउने एउटी केटीलाई मैले उसको गन्तव्यसम्म पुऱ्याएर कार रोक्ता पनि नओर्लेकी देखेर अचम्म मान्दै मैले सोधें, 'क्यै पीरचिन्ता छैन । जाऊ ! पैसा फ्री !' तैपनि उ नओर्लिंदा उसको मुखमा गडेर हेरें-उ रोइरहेकी छ ! मेरो मुखमा हेर्ने साहस नगरी ।

मैले उसलाई सोधपुछ गरें । घर ठेगाना, आमा बाबु, दाजु वैनी, भाइ बारे । उसले भनी- 'तपाईंलाई म चिन्छु । तपाई मेरो वुवाको बर्थडेपार्टीमा आउनु भएको थियो ।'

'ए ! प्रभुदेव मंत्रीकी छोरी ? तिम्रा चार दिदी वैनी हैन ? भनेर म आश्चर्य प्रकट गर्न लागें । अैले तिमी कता जान लागेकी ?'

'घरबाट निस्केको म दुई महिना भैसक्यो मेरो लवरले धोका दिएर मेरो सबै गहना रुपियाँ लिएर भाग्यो । म कहाँ जाउँ । मलाई रण्डी भन्छन् ।' उसले रुँदै भनी ।

'रण्डीको आफ्नै इज्जत छ भन्ने तिमीले सम्झनुपर्छ । सबै आफ्नो दोष लुकाउँछन् जो आफै वेश्या छन् । तिनै घर गृहस्थीका कुरा गर्छन् । तिमीले मलाई लुकाउन चाहिनौ । म तिमीलाई देखाउँछु -को रण्डी हुन् ।' मैले कारलाई स्टार्ट गर्दै भने ।

मैले उसलाई भक्तपुरदेखि काठमाडौंका मन्दिरका टुडालमा चित्रित कामक्रिडारत चित्रहरू एक एक देखाएर भनें -' यो विश्वलाई तिमी एउटा वेश्यालय सम्झ । तिम्रा मनमा कुनै भ्रम शंका रहने छैन । तिमीलाई अहिले भ्रम छ किनकि मानिस सभ्यताको नाममा यति घेरै आडम्बरले गुटमुटिएको छ कि त्यस्को भेउ पाउन्नौं । त्यसैले आफूलाई विग्रेकी भ्रष्ट भएकी अरूले नभने पनि आफै आफूलाई धिक्कार्छ्यौ अनेक थरी गाली गर्दै । यसैले मनमा साहस भर । मेरो घरमा तिमीलाई आज लैजान्छु । तिमीले शान्ति पाउने छ्यौ हेर्दै जाऊ कस्ता कस्ता जन प्रतिनिधिका मेडल बोकेका सफा सुकिला दौरा सुरुवाल, कोट टोपी लाउने राष्ट्रियताको संरक्षकहरू आउँछन् आफ्नो वासनाको भोक मेट्छन् । एक दुई घण्टा दुईचार घण्टा विताउन तिनलाई निमेष जस्तो लाग्छ । तर कुनै समसामयिक समस्या आफ्नो जिल्ला अञ्चलका कुरा गर्न जाओस् त एक मिनेट पनि उनीहरूलाई फुर्सत छैन ।'

म उसलाई पाएर फतफताएर बसिरहें । 'तिम्रो बुवा तिम्रो माननीय ड्याडीको लागि पनि मैले ज्यान हतकेलामा राखेर काम गरेको थिएँ तिमीलाई थाहा छैन जति ठूला नामी भएका छन् ती अरूका दृष्टिमा भएका छन् । मेरा दृष्टिमा ती म के भनूँ आजकाल त्यस्तै चलन छ । दुनियांलाई आँखा छलेर दुनियांको पिठ्यूँमा कोर्रा हान्दै काम लिन सक्नुपर्छ । म पनि दुनियां हुँ । उहाँहरूको दयाकृपा मैले कहिल्यै चाहिन । उल्टो उहाँहरूलाई उपकार गरेको छु ।'

म आफ्नो घरमा पुगेर कारलाई ग्यारेज बाहिर छोडें र त्यस केटीलाई हातमा समातेर घरमाथि ल्याएँ । मेरो कोठामा बसालें । बेलुकाको समय गर्मीको मौसम शर्वत बनाएर खुवाएँ, 'यो तिम्रै घर सम्झ । क्यै धक मान्नु पर्दैन मन लागेको गर । खान मन लागेको खाऊ, पकाऊ । मलाई पनि देऊ' मैले भनें । फेरी

धेरै कुरा गरे जस्तो लागेर भनें- 'तिमी त मन्त्री परिवारकी छोरी कान्छी यस्तो पकाउने काम जानेकी छौ कि छैनौ । तर त्यसरी हन्डर तिमीले नै खानुपर्‍यो ।'

उसले लाज मान्दै भनी-'पकाउन जे पनि जानेकी छु ।' 'मासु किन्न पठाउँछु । तिमी आज भात पकाउँछ्यौ ?'

उसले टाउको हल्लाई ।

राती उसलाई घरमा पुर्‍याउन कन्ट्याक्ट गरें । घरमा त उ आफ्नो प्रेमीसित भागेकी भन्ने विश्वासमा बसेका रहेछन् । तर उ घर जान नमानेकी देख्ता मैले भनें 'घरमा तिमीलाई अपनाउन चाहन्छन् भने किन नजाने ?' उसले जानलाई पटक्क नमानेपछि 'घर नजाने भए यहाँ त त्यही पेशा अपनाउनु पर्छ अथवा कुनै पीडित उद्धार नारीकेन्द्रमा जानुपर्छ । आफ्नो दुःख व्यथा पोख्नु पर्छ । त्यसको सदस्य बन्न पर्छ । तिमीलाई कुन सजिलो लाग्छ ?'

उ दोधारमा परी मैले भनें 'मेरी कान्छी आमा बनेर बसे पनि हुन्छ । ठूला उद्योगी धनी राजनीतिज्ञ ओहदावालहरूको मनोरञ्जन गर्न मन छ भने पनि यहाँ आफ्नो पेशागर्न स्वतन्त्र छ । कसैको करबल छैन तिमीलाई मैले पैलेनै भनेको हुँ ।'

उन्मनालाई मेरो कुरा केही रहस्यमय लागेर होला मेरो मुखमा हेर्न लागी । मैले कान्छी आमा भनी उसलाई आदर भावले भनेको कुरा बुझाउन कुनै गाह्रो भएन । तर उसको उत्सुकता जगाउने समय अलिदिन लाग्ने मैले बुझेको थिएँ किनकि उ भर्खर आइ पुगेकी नौली केटी थिई । तर मलाई आफ्नो टेलिफोन घडी गुमाउन बाध्य भएको घटनाले अपठ्यारो अनुभव भइरहेको थियो । उक्त घडी नहुँदा मेरा मित्र तश्कर र हत्याराहरूको संपर्क काटिएकोले म अलमल्ल गोत्रको अवस्थामा परेको थिएँ । यस्तै तर्क र चिन्ताको अवस्थामा अकस्मात् कोठा बाहिर कसैले ढोका घच्घच्यायो । मैले ढोका खोल्न गएँ । देख्छु त एकजना सब इन्सपेक्टर ! उसले हातमा लौरो लिएको थियो । 'तपाईंको नाम हन्बेर्नु शायद यस्तै लाग्छ । तपाईंको दुईतीन दिन अघि घडी हराएको थियो ? मलाई होटल मालिकले चोरीको रिपोर्ट लेखाएको थियो । त्यसको पत्तो लाग्यो तपाईं हाम्रो कार्यालयमा आएर लैजान सक्नुहुन्छ ।'

'तपाईं आफैले तकलीफ गर्नु भो, धन्यवाद है । तपाईं सितै म आउँछु ।' म उठेर उन्मनालाई ढोका लाएर बस्न आज्ञा दिएँ । म आफ्नो ट्याक्सी कारमा उसको पछि लाग्दै गएँ ।

प्रहरी कार्यालयमा डी.आइ.जी. थियो । उसले मलाई एउटा मेचमा बस्नलाई देखाउँदै भन्यो - 'तपाईंको घडी चोरले बेच्न नपाउँदै हाम्रा प्रहरीले सुराक लाएर घडी र चोरलाई एक साथ पक्डेको कुरो स.इ.ले भने होलान् । घडी अनमोल देखिन्छ । तपाईंले पनि विदेशमा लिनु भएको होला । यस्तो घडी बडो दुर्लभ मानिन्छ । कोही कोही राजामहाराजा यो नेताहरू वा अरबपतिहरूसित हुनसक्छ । हामी यसको अनुसन्धान गर्दैछौं । तपाईंको हातमा कसरी आयो ? तपाईं यसबाट के काम लिदै हुनुहुन्छ ? त्यसो त घडीबाट सामान्यतया समयको जानकारी लिइन्छ । तपाईं किन बोल्नु हुन्न ?

मैले हाँस्तै भनें- 'तपाईं चोर जसलाई भन्नु हुन्छ त्यो तपाईंको कुरा सुन्दा यस्तो लाग्यो ती चोर होइनन् । मैले पो चोरी गरेको हुनसक्छ ।'

'मेरो त्यस्तो आशय बिल्कुल होइन । तपाईंलाई सोधेको जिज्ञासावश । व्यक्तिगत तवरले मैत्रीभावले ।' डी.जी.एम. ले जवाफ दियो ।

उ चलाखीसाथ मेरो व्यक्तित्वको गुह्य खुलाउन उद्यत देखिन्थ्यो । उसित धेरै कुरा गर्नु पनि ठीक थिएन मैले भनें-'यो मैले विदेशमा अरबपतिबाट उपहार पाएको चीज हो मैले तपाईं जस्तै जिज्ञासा राखेको थिए उपहार पाउँदा । यसमा भएको टेलिफोन म चलाउन जान्दिनँ । फेरी यो गैर कानून पनि हो । तपाईं पनि चलाइ हेर्नुस् ।' उसले टेलिफोनको नम्बरमा विस्तारै थिच्यो । कुनै प्रतिक्रिया थिएन ।

उसले मलाई सशंकित दृष्टिले हेर्‍यो माल पाएकोमा मलाई सही गरायो । म त्यहाँबाट बाहिर आएँ र कार स्टार्ट गरेर घर आएँ । जहाँ उन्मना कोठामा ढोका लगाएर बसिरहेकी थिई । उन्मनासित एउटै टेबिलमा बसेर मैले रातको खाना खाएँ । उसले मेरो दिलको भोलापन को आभास पाएर अब कुरा गर्न फरासिली भएको देखें । उसलाई मैले केही दिन यस्तै स्वतन्त्रतामा सास फेर्न छोडें जसरी ऊ आफ्नो घरमा । त्यसपछि स्वतन्त्रताको सही अर्थ बुझ्न चाहने अन्य केटी झैं घर भाग्न साहस गर्ने आजका आधुनिक युवती यो पराई वातावारणमा पनि बाहिरिन छटपटिन लाग्छन् । त्यतिन्जेल म पनि उसको सन्निकट सहवासी हुन मजा मानिरहेको थिएँ

राती म आफ्नो कोठामा बसेर निद्रा नआउन्जेल डायरीको पाना भर्न लागें । मैले लेखे जति मैले सबैबाट सहयोग पाएको छु । ती सम्झँदा म कति भाग्यवान रहेँछु । यो घडीको उपहार मेरो लागि वरदान सिद्ध भएको छ जसको कोड नम्बर अन्तर्राष्ट्रिय तश्कर र माफिया गिरोहले मात्र थाहा पाएका हुन्छन् । कुनै आपत्तिकालमा त्यो कोड नम्बर थिचिनासाथ खास कुनै गिरोहको कानमा आवाज गुंजिन्छ त्यो गुंजन भित्र कुनै अर्थ खुल्छ । उसले अर्थात् त्यो बोसले आफ्नो कम्प्यूटरको इन्टरनेटमा

त्यसको तस्वीर सहित आदेश दिएको हुन्छ । त्यो उसको रिजनल आफिसमा फ्याक्स मार्फत मैले यो टेलिफोनको डायलमा पढ्न पाउँछु । जो टेलिफोन जसलाई सामान्य तबरले हामी चिन्छौ त्यो ब्ल्यांक भइदिन्छ र फ्याक्सको अक्षर उम्रेर देखापर्छ । अनि सकिना साथ टेलिफोन कै रूप लिन्छ जो सोलार शक्तिबाट संचालित छ । यसको आविष्कारबाट अन्तर्राष्ट्रमा भएका र हुन लागेका घटना र आपतकालीन संकेत प्राप्त हुनमा धेरै मद्दत पुगेको छ । यसबाट आफ्नो सुरक्षामा उपाय गर्न पनि समय प्रशस्त मिल्छ । मैले चोरहरूको हमलाबाट बच्नको लागि त्यति छिटो घडी फुकालेर नदिएको भए आफ्नो ज्यान र घडीको बचाउ गर्न म सक्तिनथें जुन घडीको संचालन प्रणाली बुझ्न मैले अरबपति मालिकबाट गोप्यरूपले तालिम हासिल गरेको थिएँ । यसको जटिलता कम्प्यूटर प्रणालीको जटिलता जस्तै हो ।

मैले चाहे अनुसारको एक दुई घटना अन्तर्राष्ट्रिय तश्कर र माफिया ग्रुपबाट नेपालमा भएका छन् । पत्र-पत्रिकाहरूले नेपालको राजनीति अन्तर्राष्ट्रिय तश्कर र माफियाबाट संचालित छ भनी कबुल गर्नमा यस्तै मिनिएचर कम्प्यूटर घडीहरू जिम्मेदार छन् । अज्ञात तबरले कोही नेता को हत्या र बम ब्लास्ट हुनु जिम्मेदारी लिनु नलिनु, उड्न लागेको प्लेनमा बम छ भनी आतंक फैलाउनु र उड्नासाथ बीच आकाशमा रिमोट कन्ट्रोलद्वारा प्लेन र यात्रीलाई एउटै चिहान बनाउनु, आफ्नो गिरोहको नेतालाई छुटाउने प्रयासमा अनेक ठाउँमा मानिसलाई आतंकित गराउनु आदिमा संलग्न उक्त गिरोहको संलग्नतासित मेरो पनि थोर बहुत सहयोगको परिणाम मैले नेपालका तश्कर व्यापारीहरूसित निःस्वार्थ सम्बन्ध राखेर उनीहरूको भलाइमा र आदर्शको धाकधक्कु लाउने नेताका बंगारा बंग्याउने काम गर्दै छु । मैले चाहेको भए विदेशमै करोडपति भएर ऐश आरामसाथ जीवन बिताउथें तर आफ्नो देशको मायाले मलाई यहाँ खिचेर ल्यायो । त्यहाँबाट मैले कसैको सहयोग नपाए पछि तिनको ढाड सोझ्याउनैका लागि अनैतिकता (जुन अप्रत्यक्षतवरले तिनीहरूले नै अवलम्बन गर्छन्) लाई उनीहरूकै साखुल्ले भएर अनुसरण गर्दै आएको छु ।

यहाँ आएर मैले धेरै तश्कर व्यापारीहरूलाई जेल नेल र देशबाट भाग्न देखि बचाउने काम गरेको छु । हाम्रो रीजनल प्रतिनिधिलाई सूचना पुग्नासाथ उसको मातहत वा मार्फत मंत्री प्रधानमंत्री वा तल्लो लेवल कै कर्मचारी किन नहोस्-अज्ञात फोनको धम्की वा आदेश पुगिहाल्छ । भन्सारबाट आउन वा जान नपाएका बहुमूल्य पत्थर वा सुन निकासी हुन्छ वा भित्रिन्छ । तर मेरो जस्तै ती रीजनल प्रतिनिधि को अदृश्य सेवाको नाम 'माथिबाट आदेश आएको' भन्ने चलन परम्परागत भइसकेको छ । म त एउटा सामान्य पुर्जा (यंत्रको पार्ट) मात्र हुँ । जसलाई ट्याक्सी चलाएर जीवीकोपार्जन गर्नु पर्दछ । बाबुले कोठी चलाएर बस्नु र 'सौतिनी आमा'हरू नियुक्त गर्नु विजिनेस छ । यदाकदा बाबु पनि मेरो सहयोगको अपेक्षा गर्छन् यसैले म तिनको शान्ति सुरक्षा गर्दै आएको छु । तर अैलेसम्म प्रहरीहरूदेखि समाजसेवी मेरै अनुकूल छन् । अर्थात् ती पनि देशको आदर्शलाई थोत्रो छाता झैं पार्नमा नै लागुन्जेल केही अपठ्यारो बाधा अडचन दुःख दिएका छैनन् ।

>>>

म विरामी भएकाले यो लघु उपन्यास अधूरै रहन गयो। पाठकहरूबाट क्षमा चाहन्छु। तर जति भूमिकामा भन्ने कुराहरू ती यसमा मानिसकेको छु भैं लाग्छ। धन्यवाद।

---

* मानिस एकपेट खाएरमात्र बाँच्न सक्तैन । जीवनका अरु पक्षहरू पनि छन्, जुन उत्तिकै वा शायद अझबढी महत्वपूर्ण हुन्छन् । ती जीवनका अनुत्तरीत रहस्यहरू हुन् । यस्ता रहस्यहरू छन् भन्ने थाहा नपाउनेहरू, यिनबाट उद्वेलित नहुनेहरू पूर्णजीवन बाँचेका हुन्नन् ।

* संगीत र भावको समिश्रणबाट जन्मेको उच्चतम दर्शननै साहित्य हो ।

– साहित्यकार विश्वेश्वरप्रसाद कोइराला

शङ्कर कोइरालाका सम्झनामा

▶ डा. तारानाथ शर्मा

यस जीवनमा आफूले चिनेका धेरै मानिसहरूलाई अघि लगाउनुपर्दो रहेछ । शङ्कर कोइराला पनि गए ।

शङ्कर कोइरालालाई सम्झँदा म सधैं नै उनका दाजु मोहन कोइरालालाई पनि सम्झन पुग्छु । स्वाभाविकै हो भनेर तपाईंहरू भन्नुहोला । मोहन कोइराला ठूला कवि भएकाले सम्झना भइहाल्छ नि भनेर भन्नु होला । भाइभन्दा दाजु बढी प्रतिभावान् सर्जक हुन् भनेर भन्नुहोला । तपाईंहरूले जे भने पनि मैले ती दाजुभाइ दुबैलाई एकै चोटि स्मरण गर्ने कारण भने बेग्लै छ । त्यस कारणलाई आज पनि मैले खोलिनँ भने शङ्कर कोइरालामाथि ठूलो अन्याय हुन्छ ।

शङ्कर कोइराला गद्यलेखक हुन् । उनले वास्तवमा उपन्यास विधामा ठूलो योगदान गरेका छन् । उनले जति उपन्यासहरू अरु कुनै नेपालीले लेखेका छैनन् । यस्ता निरन्तर लेखनमा समर्पित व्यक्तित्वलाई भेट्ता म सदैव उनका दाजुको सम्झनामा डुब्ने गर्थें । एकातिर लेखनलाई नै जीवन मान्ने र अरू कुनै देशवासी लेखकले गर्न नसकेको योगदान गरेर नेपाली साहित्यको सेवा गर्ने शङ्कर कोइराला थिए भने अर्कातिर उनका दाजु मोहन कोइराला छन् जसको रचनाकारिताका विषयमा ठूलो विज्ञापन भयो र उनका रचना नबुझिने र थोरै भए पनि ती स्वनामधन्य समालोचकहरूबाट प्रशंसाको टाकुरामा पुऱ्याइए । विधिको विडम्बना भनेको यही होला ।

शङ्कर कोइरालाको अनुहार पीडाद्वारा भित्रभित्रै पिल्सेजस्तो आँखाका खोबिल्टाहरू ख्वाप्लाक्क भित्र पसेका जस्ता र गालाहरू उछिट्टिएर पहरे भीर भएका जस्ता देख्ता मलाई भित्रसम्म च्वास्स दुख्थ्यो । अर्कातिर उनका दाजु गोरो अनुहारका र खाइलाग्दा देखिन्थे । शङ्कर कोइरालालाई पक्कै पनि सानैदेखि बाबुआमाले खाने वेलामा बाहिर खेद्ने गर्थे होलान् र मोहन कोइरालालाई चाहिं घिउ, मासु र दूधमा डुबाउँथे होलान् । लुगा किनिदिंदा पनि दाजु चाहिंलाई राम्रा र दामी अनि भाइलाई भने फ्यास्स जगलान् जस्ता र सस्ता किनिदिन्थे होलान् । तथ्य यस्तो नहुन पनि सक्थ्यो, तर मलाई भने त्यस्तै लाग्थ्यो र म शङ्कर कोइरालालाई देख्नेबित्तिकै चिन्तित हुन्थें र उनलाई उनकै दाजुसँग तुलना गर्न पुग्थें ।

शङ्कर कोइरालासँग जति मेरो भेटघाट हुन्थ्यो र कुराकानी हुन्थ्यो, त्यति मोहन कोइरालासँग भएन । कारण के हो भने नराम्रो भनेर भनें भने पनि र लेखें भने पनि उपन्यासकार शङ्कर कोइराला कहिल्यै पनि मसँग रिसाउँदैनथे । उनी दयनीय जीवजस्ता देखिन्थे तर उनको बोलीबचन शिष्ट, स्नेही र नम्र हुन्थ्यो । उनी हाम्रा ठूला उपन्यासकार थिए, तर उनमा लेशमात्र पनि घमन्ड थिएन । उनी दयनीय, अचर्चित र असम्मानित भएर नै बाँचे । त्यसकों ठीक विपरीत उनका दाजु धुरीमा चढाइए र प्राज्ञसमेत पटकपटक बनाइए । उनी बिरामी हुँदा अरू लेखकहरूले कतिचोटि चन्दा बटुलेर र सरकारसँग कराएर नयाँ दिल्ली लगी ठूल्ठूला उपचारहरू गराए, तर भाइ रोग, भोक र वेदना भित्रभित्रै सुकेर निस्सहाय मरे ।

पढाइमा पनि आफ्नै अध्यवसाय र लगनशीलताले शङ्कर कोइराला स्नातक भएका थिए, तर उनका दाजुले प्रवेशिका पनि छिचोलेका छैनन् । आजको प्राज्ञिक जमानामा अपढ व्यक्तिले शुद्धसँग र स्तरीयताका साथ अभिव्यक्ति गर्नु सम्भव छैन । मोहन कोइरालाका गद्यटुक्राहरूलाई भेला पारेर विश्लेषण गर्ने हो भने यो कुरो छर्लङ्ग हुन्छ, तर स्यालको हुइयामा विश्वास गर्ने निर्बुद्धि समाजमा गाई मारेर गधा पोसिंदो रहेछ ।

शङ्कर कोइराला एक छिन पनि खाली हात बस्तैनथे, कि त लेखिरहन्थे, कि पढिरहन्थे । साझा प्रकाशनमा उनले धेरै वर्ष काम गरे । उनी आफ्नो कार्यालयको समयमा पनि काम नभएका वेला उपन्यास लेखिरहन्थे । कार्यालयकै कुर्सीमा बसेर उनले दर्जनौं उपन्यासहरूको खोलो बगाइदिए ।

एकताका उनलाई उर्दूको रन्को लागेको थियो । कार्यालयको कक्षमा एक्लै धुम्धुम्ती बसेर उनले उल्टा उर्दूवर्णहरू सिके र पछि सिकिसकेपछि प्रशस्त उर्दू कृतिहरू पढे । उनी अध्ययनशील थिए र समय व्यर्थमा खेर फाल्दैनथे । उनी रोगी थिए । उनलाई भित्रभित्रै क्यान्सरका कीटाणुले कुटुकुटु खाइरहँदा पनि आँसु र पीडा पचाएर उनी पढिरहन्थे, लेखिरहन्थे र छापिएका पृष्ठहरू सुधारिरहन्थे । उनी पछि गएर पढ्दै गरेका कृतिमा वा लेख्दै गरेका रचनामा पूरै डुब्न थाले र वास्तविकतालाई भुसुक्कै बिर्सन थाले ।

एक दिन म साझा प्रकाशनमा पुग्दा भँडारेले एउटा विचित्रको पुस्तक मलाई देखाए । त्यस पुस्तकको आवरणमा लक्ष्मीप्रसाद देवकोटाको नाउँ थियो, तर भित्रपट्टि कृति चाहिं

भीमनिधि तिवारीको थियो । यसरी पुरै थाकमा त्यस्तो देखेपछि मैले त्यो अड्बाङ्गे पुस्तक महाप्रबन्धक कृष्णचन्द्रसिंह प्रधानलाई दखाउन लगें । उनले त्यो एक प्रति झुक्किएको हुन सक्छ भनेर मलाई सम्झाउन खोजे, किनभने प्रकाशनका प्रमुख स्वयं शङ्कर कोइराला थिए जसले यस्तो गल्ती गर्छन् भनेर प्रधान पत्याउँदैनथे । आफ्नै निजी लेखपढमा लागेर कार्यालयको काममा ढिला हुन सक्लान्, तर उनी कहिल्यै त्यस्तो गल्ती गर्दैनन् भन्ने उनको आग्रह थियो । धेरै प्रतिहरू नै बिग्रेको भेटेपछि भर्खरै भँडारमा पुस्तक बुझाउने मुद्रकको गल्ती हुनुपर्छ भनी प्रधानले मुद्रकलाई फोन गरे । मुद्रकको मोटरसाइकल थियो, उनी बजेर प्रमाणसहित आइपुगे । शङ्कर कोइरालाले 'पच्चीस प्रबन्ध' शीर्षक लक्ष्मीप्रसाद देवकोटाको पुस्तकको आवरणमा ११०० प्रति छाप्ने आदेश दिएर सही गरेका थिए । पुस्तक भीमनिधि तिवारीको 'पन्ध्र प्रबन्ध' थियो । शङ्कर कोइराला बोलाइए । उनलाई कुनै गल्तीको आभासै थिएन । उनले भने, 'आखिर प्रबन्ध न हो, के फरक पर्छ र लेखक जो सुकै भए पनि !'

त्यतिबेला शङ्कर कोइराला पूर्ण रूपले गलिसकेको अनुभूति मलाई भएको थियो । उनी पीडामा पुरै पग्लिसकेका निर्दोष सर्जक थिए । >>>

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५३ औं शुभ-जन्मोत्सवको पावन अवसरमा मौसूफप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

त्रिशक्ति टेक्सटायल प्रा. लि.

गैंडाकोट, नवलपरासी

फोन नं. २०२९६

फ्याक्स: २२०१६१

शङ्कर र म

नृपेन्द्र पुरुष 'यादि'

म संधै शङ्कर कोइरालालाई बाटामा भेट्थें, अति साधारण लवाईमा, अति साधारण लवेदा सुरुवाल कोट टोपी र जुत्ता ।

जाडोमा कांधमा एउटा गलबन्दी त्यो पनि अति साधारण । कहिले लुखुर लुखुर पाटन साझा अफिस तिर लागेको त कहिले कुनै सभा समारोह ।

बाटामा भेट्दा-नमस्ते, शङ्करजी, म भन्थें ।

ओहो ! नृपेन्द्र पुरुष 'यादि' जी, के छ नि देशको राजनीति अनि साहित्य ! उनी प्रश्न गर्थे ।

म भन्थें -तपाईलाई पनि थाहा छ, मलाई त कुन झन् थाहानै हुने भो । अनि साहित्य ! म प्रश्न गर्थें ।

उनी भन्थे- यो पनि त तपाई र मलाई दुबैलाई...लेख्ने वातावरण अझै बन्न सकेन । म त परिवारवाला मान्छे संधै भात भान्छाको चिन्ता गर्नु पर्ने । यसबाट अवकाशमा मात्र लेख्ने... । तपाई बरु केही गर्नोस् ।

कुरा हुँदै जाँदा म साझा प्रकाशनको गति बारे भन्थें ।

उनी भन्थे -म कर्मचारी, जागिर खाएर बसेको छु बरु तपाईहरू पो... ।

भन्थें-तपाईले भने जस्तो हुन धेरै समय लाग्छ, अहिले आश न गरे हुन्छ ।

उनी भन्थे- 'यादि' जी ! तपाईको रचना म समय समयमा पढ्छु ।

म भन्थें -तपाई जस्तो नोटेड राइटरले पढिदिनु नै सबभन्दा ठूलो कुरो छ ।

उनी भन्थे- साहित्यमा लागियो, भोकै मरिने नै भइयो ... ।

म भन्थें- वास्तवमा उही कुरा- साझा, गोरखापत्र, रेडियो, (त्यस समय टेलिभिजन आइसकेको थिएन) प्रज्ञा प्रतिष्ठानले गरेको भए केही कुरा गर्न सक्थे । केही लेखकलाई पाल्न सक्थे । शङ्कर लामिछानेले भोकै मर्न पर्ने थिएन, गोपाल प्र.रिमालले, भूपि शेरचनले... ।

कहिले त म शङ्करलाई भेट्न वहीं जान्थें अफिसमा ।

आधुनिक कवि गुरू मोहन कोइरालाका भाइ शङ्कर कोइरालाको देहावसानको खवर उनको सद्गत् पछि नै सुनें ।

जीवन भनेको नै रहराउनु, तरङ्गिनु, चलमलाउनु, गुनगुनाउनु हो । **- महाकवि देवकोटा**

आइमाईले सबैथोक गर्न सक्छन् तर आफ्नो इच्छा बाहेक प्रेमगर्न सक्तैनन् । **- सुयर्शन**

सम्पर्कका कारण कृतिहरू प्रकाशनमा आउनु एउटा कारण हुनसक्छ । त्यसमध्ये एउटा कारण उनले आफ्नो कृति आफैले छापेको यदाकदा सुनेको छु, तर कति कृति त्यसरी छापिए मलाई थाहा भएन । त सुनेको अनुसार मात्र छ भन्ने मलाई लागेको हो । अनुसन्धाताको विषय पनि हो-सबै रहस्य खोल्नु यहाँ आवश्यक पनि होइन । प्रकाशनबारे, लेखकबारे यस्तो लेख्न पाउनु सुखकर हुन्छ । उनको मृत्यु भएकोमा मात्र मेरो पीडाहो ।

उपन्यासका पात्र-पात्रीको चर्चा, लेखकीय विचार, सिद्धान्त, मनोवेग, मनोविश्लेषण, दशा सम्प्रेषण, मनोविज्ञान आदि उपन्यासका कथामा के कस्ता योगदान भए नेपाली सन्दर्भमा ल्याएर हेरौं, कस्ता अवस्थिति ऊर्जा प्राप्त भए कुनै सुविदको निस्पक्ष खोज होस् ! जसले समाजलाई ऊर्जा दिन मद्दत गरोस् वर्तमान्मा, खोजको आनन्द पनि त्यसमा छ ।

संकल्प र सम्वरणले अलि अलग लाग्ने कोइरालालाई खोज्दा अन्तरमुखी एकाकी कोइराला निकै सशक्त लाग्नेछन् । त्यो कसरी त ! पुरस्कारबारे उनका धारणा सकारात्मक छैनन् । उनले कुनै पुरस्कार प्राप्त गरेको कुरा मलाई थाहा भएन त्यसको अभिव्यक्ति, त्यस्तो अभिव्यक्ति आजको महत्त्व भयो ।

अरू चाहिँ राम्रो नराम्रो भन्ने कुरा पाठकको कुरा हो । एउटा पाठकले लेख्कबारे त्यसभन्दा पर जान सक्दैनन् । दिग्दर्शन गराउँन सक्तैनन् । त्यो काम समीक्षकको हो । वेला भएपछि सब रहस्य खुल्छ, एउटा लेखक आफ्नु कार्यकाल सबै सुम्पेर गइसकेको बेला, पर्खनु बाहेक पर जानु पनि औकात परको कुरा हुने गर्छ । गर्न पनि हुन्न ।

अनवरत, विशेष साधनारत एक लेखक उपर एक छिन मैले सोच्न लागेको मात्र हो । ५०/६० वर्षको कार्यक्रमको सबै यथार्थ, यसरी भन्नु गर्नु ! सफल हुँदैन । धृष्टता नगरौं पर्खौं, पर्खौं प्रतीक्षा फलदायी होला, आशावादी हुनुपर्छ । यो बाटोतिर पनि ध्यान जाओस् । निपातेलाई प्रश्रय दिएको नभनियोस् । बिछोडको आँसुपनि सुक्न पाएको छैन, न हृदय धामिलिएको छ पीडाको स्थितिमा ।

सभा सोसाइटी कुनै जमघटबाट पन्छिएर समाजमा विरलै देखिने एक्लो किसिमको लेखक भनेमा समेत अत्युक्ति नपर्ने उनले गरेका साधनाले मात्र परिचीत झण्डै झण्डै मिल्छ । आन्तरिक ज्योतिबाट संचालित शङ्कर कोइराला अैले अगाडि छैनन्, तर के कसैको व्यक्तित्व अगाडि भएर मात्र हुन्छ र ! कसैको केही साधनास्तम्भ खडा भएको भए विना उपस्थितिमा पनि उसको आभास झल्किन्छ । अवश्य नेपाली समाजले उत्साह विर्सन सक्दैन । उनका कृतिभित्रका पात्र-पात्राहरू विचारशैलीका सरलता कथाका विचित्रता कथाशैलीका नित्य नविनता आदि कारण भविष्य पर्यन्त नेपाली वाङ्मयबीच स्मरणीय हुने छन् खेलिरहनेछन् । हामी हृदयबाट बिर्सन सक्दैनौं ।

कसैको होचो अर्घेलो भाएको हेर्न नरुचाउने मृदुभाषी सरल सरस जस्तो उनको लेखन थियो । उनको बानी व्यवहार त्यस्तै भएका एक लेखकको निधन बडो मार्मिक भएको छ । त्यसको क्षतिपूर्ति यस शताब्दिको अपूरणीय हो मलाई लाग्छ । शङ्कर कोइराला जस्ता लेखक पाउन चाँडो सकिदैन ।

>>>

श्री ५ महाराजाधिराज सरकारको
५३ औं शुभ जन्मोत्सवको पूनित
उपलक्ष्यमा मौसूफपति हार्दिक
मंगलमय शुभकामना व्यक्त
गर्दछौं ।

चाहा फेसन प्रा.लि.

बालकुमारी, इमाडोल, ललितपुर
फान नं. ५३७९१८
टेलेक्सः ५३७९६६

On the Auspicious Occasion of
His Majesty King
53th Birthday
We Humbly Offer Our Loyal Felicitations

J.D. APPARELS
P.O.Box No. 211
Main Road, Biratnagar, Nepal
Phone No. 23384

पचासवटा कृतिका लेखक शङ्कर कोइराला

▶ डा. तुलसी भट्टराई

✉ दुम्जाका हरिप्रसाद पण्डित बाजे ...'शिव शिव' भन्दै गर्मीले अतासिएर खैरिनीको गुफा बाहिर ढुंगाना बसे । ...सिंगबीरेले भन्यो- 'बाजे गर्मीमा त घ्याम्पाको मोहीले पनि सित्तलै गर्छ नि.....।'

'तिम्रामा डिंगर हो'-बाजेले यसो हेरे ।

'अब त पर्जतन्तर त हो नि' । दशैंदेखि छत्त भएर आइसक्यो । के बाहुन के क्षेत्री, के माझी...सप्पै एउटै मान्छेको जुंनि भइसक्यो रे ! अब देखि मान्छे एउटै हुन्छ रे ! हामी तिम्रो हात पनि ढोग्दैनौं जाऊ । कसो कालुमाने !...उसको कुराको टुप्पो-फेंद जोड्न नसकेर बाहुन बाजे अकमकिए ।...'यो फट्टी डिंगर हो बाजे ।' साहिलीले हाँसेर भनी...। पण्डित 'शिव शिव' भन्दै उठे ।

✉ यी गाउँले परिवेशका मीठा शब्दहरू हुन्-'खैरिनी घाट' उपन्यासका । 'खैरिनी घाट' का लेखक हुन् शङ्कर कोइराला । शङ्कर कोइराला नेपाली साहित्यका एउटा साधक हुन् । निरन्तरताका साधनामा तल्लीन व्यक्ति हुन् । कसैले सोधोस्-नसोधोस्, आफ्नाबारेमा लेखोस् नलेखोस्, केही नखोज्ने ठूला साधक हुन् । एउटा कवितासंग्रह वा कथा, उपन्यास छापिनासाथ आफ्नो मूल्यांकन खोज्नेहरूको समूह बढेको यस्तो बेला पचासभन्दा बढी कृति प्रकाशित हुँदा पनि कसै सँग -मूल्यांकन खोजि नमाग्ने शङ्कर कोइराला साँच्चै शङ्कर हुन् ।

✉ एकजना लेख्ने अर्को प्रकाशित गर्ने र तेस्रोले कार्यक्रम गराएर पच्चीस-तीस पृष्ठको पहिलो रचनामा नै बहुआयामिकता र बहुप्रतिभाका धनी मूल्यांकन सकार्ने आजको छिटो छरितो युगमा झण्डै पाँचदशक निरन्तर साहित्य साधनामा संलग्न रहेका अथक साधक शङ्कर कोइरालाका बारेमा कसरी कस्तो मूल्यांकन गर्ने ? कति गर्ने ?

✉ शङ्कर कोइराला नेपालीसाहित्यका अथक साधक । साधक, चारदर्जन भन्दा बढी कृतिका रचनाकार भएका कारण । नेपालीसाहित्यमा यति धेरै कृतिहरू लेख्ने शङ्कर-साँच्चैका शङ्कर हुन् । उनीले शङ्करत्व त्यागेनन् कहिल्यै पनि । रुद्र,नटेश्वर, त्र्यम्बक -केही बन्न सकेनन् शङ्कर नै भएर विदा लिए । त्यसै कारण उनी क्यान्सर जस्तो भयंकर रोग लागेर यम-संघर्ष गर्नुपर्दा पनि दान पात्र थाप्नतिर लागेनन् । कसैले उनलाई सहयोग गर्नु पर्ने पनि ठानेन । कसैले उनलाई देखेन पनि ...। चाहेन पनि.....।

✉ सरकार...सरकार त हामी कहाँ छँदै छैन । सांसद विशेषण जोडिएका २६५ जना र तीमध्येका चारदर्जन जति मन्त्रीहरू त्यति हो । खोइ त सरकार ! सरकार कसलाई मान्ने ! त्यसैले त सरकारको सहयोगको कुनै आशा रहँदैन । सहयोग जुट्छ तथाकथित राजनीतिकहरूलाई अनुचरहरूका लागि । केही समय अघि एकजना राजनीतिक बिते । तिनको उपचारको नाममा करीब १५ लाख रु.राष्ट्रका तर्फबाट भुक्तानी भएछ । एकलाख,..... पाँचलाखसम्म त साधारण छ अनुचरले पनि पाउँछ । राजनीतिको बिल्ला चाहिन्छ त्यत्ति हो ।

✉ शङ्कर दाइले साहित्यिक गुटबन्दी गर्ने कला पनि जानेनन् । र ाजनीतिवालाका अघिपछि घुम्न पनि उनलाई कहिल्यै आएन । त्यसैले त उनले उपचार खर्च पाएनन् ,जुटाउन सकेनन् । कुनै साहित्यिक संघ-संस्था,पुरस्कार गुठी र गुठीका ठेक्कावालहरूले पनि उनलाई सहयोग दिन चाहेनन् । कहिल्यै पुरस्कारको सिफारिस पनि गरेनन् । पशुपतिनाथले रक्षा गर्नुपरेको मुलुकमा यति ठूला साधक र राम्रा साहित्यकारले पनि पशुपतिनाथकै भरोसामा बाँच्नुपर्‍यो । साधन र उपायहीन भएर रोगसँग संघर्ष गर्दागर्दै गत साउन २६ गते शङ्करको इहलीला समाप्त भएको छ ।

✉ वि.सं. १९८७.कार्तिक २७ गतेको शारदीय वातावरणमा धर्ती टेक्ने शङ्कर कोइरालाका पिताको नाम ईश्वरीप्रसाद कोइराला र माताको नाम मित्रप्रिया हो । पूर्व २ नं दुम्जाका प्रसिद्ध कोइराला परिवारका शङ्कर कोइराला अति सरल, शान्त र भावुक प्रकृतिका व्यक्ति हुनुहुन्थ्यो । जीवन निर्वाह गर्ने कममा उहाँले प्रुफरिडिङ्ग गर्ने काममा धेरैवर्ष बिताउनु पर्‍यो । प्रेस प्रकाशन गृहहरूमा रुजुकारका रूपमा जीवनयापन गर्नुपर्‍यो । गरिबी र आर्थिक कमजोरी एक प्रकार उहाँको जीवन साथी सरह नै रहेको हो ।

✉ तर जस्तोसुकै कठिनाइ र बाध्यता भोग्नु परे पनि लेखनमा संधै तल्लीन कोइरालाले साहित्य साधनालाई जीवन्तताको अङ्ग माने । पहिलोपल्ट वि.सं.२००३मा 'बूढो' शीर्षक कथा 'शारदा' मा छापिए पछि उहाँको साहित्ययात्रा अघि बढेको पाइन्छ । २०१८ सम्म केही फुटकर रूपमा केही कथा पत्र-पत्रिकामा प्रकाशित हुने गरे पनि कृतिका रूपमा चाहिं २०१८ मा छापिएको 'खैरिनी घाट' उपन्यास पहिलो देखिन्छ ।

✉ पहिलो उपन्यास 'खैरिनी घाट' निकै चर्चित रह्यो । दुम्जाको खैरेनीघाटका माझी परिवार र समाज अनि त्यहीं वरपरको सन्दर्भमा शुद्धगाउँले वातावरणमा केन्द्रित यो उपन्यास नेपाली उपन्यास क्षेत्रको पहिलो आञ्चलिक उपन्यास भने हुन्छ । २०१८ देखि २०५४ को ३५ वर्षको अवधिमा उहाँका जम्मा पचासवटा कृति छापिइसकेका छन् । एकदर्जन भन्दा बढी पाण्डुलिपि तयार भएका छन् । यसरी झण्डै वर्षको दुईवटाका दरले पुस्तक प्रकाशित गर्नु लर्तरो विषय होइन ।

✉ नक्षत्रका आधारमा 'ढकारप्रसाद' नामाकरण भएका कोइराला लेखन क्षेत्रमा 'शङ्कर कोइराला' बाट सुपरिचित हुनपुगे । उनले केही रचनाहरू 'आधाबाटे कान्छा' नामबाट पनि रचेका छन् । खास गरी 'भट्टी पसल' उपन्यास चाहिं आधाबाटे कान्छाको नामबाट परिचित हुनपुग्यो । अर्को एउटा उपन्यास हकवाला र भट्टीपसल जासुसी उपन्यासका रुपमा देखापरे । तर पुरै जासुसी भने बन्न सकेको छैन । सहरिया निम्नतहको कर्मचारीको दुर्दान्त अवस्था चित्रण गरिएको 'म पिउन अखबारको' उपन्यासले छुट्टै ठाउँ बनाएको छ । शहरी जीवनमा गरीबी कसरी अभिशप्त रूपमा मूर्तमान् भएको हुन्छ , यसको झलक त्यसमा पाइन्छ । 'श्रीमती हिरोइन' बाट कोइरालामा हास्य-व्यंग्य विचारको क्षेत्र पनि चलाउन सक्ने क्षमता पाइन्छ । दुर्दमनीय, नदी गीत गाउँछ , तरुणी छोरी, सन्तानको रहर, नदुखेको कपाल, कौसीको फर्सी, कलाकार, म फेला पर्दिन आदि उपन्यासले पाठकलाई निकै आकर्षित पारेका हुन् । 'एउटा पुरानो घर' अहिले साझा प्रकाशनमा छापिदै छ । 'खैरिनी घाट' देखि 'एउटा पुरानो घर' सम्मका प्रकाशित र अरू अप्रकाशित प्रकाशोन्मुख समेत चालीस भन्दा बढी उपन्यास लेख्ने साधक नेपाली वाङ्मयमा शङ्कर कोइराला मात्र हुन् । चालीसवटा उपन्यास लेख्ने अरु कोही छैन संख्यात्मक दृष्टिले अद्वितीय ।

✉ नेपाली जनजीवनका प्रत्येक क्षेत्रमा भित्रैसम्म पसेर लेख्नसक्ने कोइराला जम्मैदेखि महानगरे शहरिया भएपनि गाउँपरिवेश समात्न सक्ने खुबीका धनी हुन् । गाउँले गरिबी, अभाव, धामी-झाँक्री,रोग,भोक,पीडा,मेलापात,पर्म,हाटबजार,प्रेम,बिहे, जारी,वियोग, विरह, संयोग, खुशी, हर्ष, करुणा, वेदना जस्ता मानवीयपक्षहरुलाई कोइरालाले राम्ररी केलाएर राखेका छन् । पात्रका नाम र चरित्रहरू जहाँ जसरी आवश्यक पर्छ त्यसैगरी प्रयोग गरेका छन् । पात्रको स्तर र योग्यता अनुसारका संवाद राख्ने गरेकाछन् ।

✉ कोइरालाका प्रेम र सपना, आगो छ यो दिलभरि, सुर्तिको पातमा अल्झिएको जीवन जस्ता कथासंग्रहहरू प्रकाशित भइसकेका छन् । कथाहरु छोटा सरल र मानवीय संवेदनापक्षसँग राम्ररी भिजेका छन् । पत्रपत्रिकामा प्रकाशित र केही पाण्डुलिपिसमेत गरी झण्डै तीनसय कथाहरू छन् । चालीसवटा उपन्यासको चर्चा नगरी कथा मात्र हेर्ने हो भने पनि कोइराला नेपाली वाङ्मयका एउटा पूर्ण साधक ठहर्नेछन् । 'सेती' नामबाट प्रकाशित एकाङ्की संग्रह बाहेक प्रकाशोन्मुख केही एकाङ्की पाण्डुलिपिसमेत दुईदर्जन जति एकाङ्कीहरूबाट एउटा सफल एकाङ्कीकारका रूपमा स्थापित गर्न सकिन्छ कोइरालालाई ।

✉ उपन्यास, कथा र एकाङ्की नाटक तीनवटै विधामा कलम चलाउने शङ्कर कोइराला, सबै विधामा सशक्त देखिएपनि समग्रमा उनलाई उपन्यासकार भन्नु, चिन्नु र चिनाउनु उपयुक्त हुने देखिन्छ । चालीसवटा उपन्यास नेपाली वाङ्मयलाई एक्लैले दिएर समृद्ध पार्ने अर्को साहित्यकार नै छैन ।

'महिबलेको अघिल्तिर भोर्लाको टपरीमा चामल थियो । त्यस माथि दियो बलिरहेको थियो । चामलको पीठो रेखीले भुइमा बुट्टा काढेर उसले फलाक्यो । ढयांग्रो हातमा उठायो । विस्तारै पिट्यो । एकछिन पछि उसको स्वर चर्किंदै गयो र ढयांग्रो पनि त्यसै तालमा ठढाउँदै लग्यो । उसले मन्त्र उच्चारण गऱ्यो 'हिमाल, हिमाल डुल्ने बनसिकारे, जलसिकारी,बाँद्दै तिमाल, डांकी, डंकिनी,कमलामाई,कालिञ्चोकभाई, थानापति, कुशेश्वरनाथ, खांडादेबी, दोलखाका भीमसेन सद्गुरूवाचा' । मकलमा घिउको धुप हाल्दै सुखुरीकी आमा र अरू छिमेकीहरू एकचित्त भएर बसिरहेका थिए । ठुटेले भन्यो- 'यसको आंगमा कमलामाई आफैं चढेकी रे !'

✉ 'खैरिनी घाट' उपन्यासको यो एउटा सानो अंश । यसमा गाउँले जनजीवनको महक आउँछ । आज पनि अधिकांश नेपाली जनजीवनको दैनिकी यस्तै छ । विरामी निकोपार्ने औषधी डाक्टर गाउँक्षेत्रमा पुगेका छैनन् । धाँमी, झाँक्री र बिजुवाहरूका मुन्धुम नै रोग हटाउने माध्यम बनेका छन् । करीब चालीसवर्ष अघिको यो गाउँले वर्णन आज पनि यथार्थ छ । कुनै परिवर्तन छैन । विकास, निर्माण र चेतनाको स्तर उस्तै छ अझ पनि । फुर्के, भक्तबीरे, वीरपर्सात, सिंगबीरे, जगते, सन्माने, कान्छी, साहिली, कालुमाने, महीबले, मिजार, सुखुरी,नैरिते, धीर्जबीर, जनमसिंग, लालबीरे,नीमा आदि पात्रहरू नेपाली जनजीवनभित्र जहाँ सुकैछन् । उपन्यासकार कोइरालाले देखेका बुझेका र आफुले अनुभव गरेका विषयहरु रचनामा प्रयोग गरेकाछन् । उनले प्रयोग गरेका पात्र नाम र उनका चरित्रहरूले गाउँको सुवास आउँछ ।

यही नै नेपाल हो र यही जनजीवन राष्ट्रियताको मूल प्रवाह हो ।

✉ शङ्कर कोइरालाका बारेमा उनका योगदान अनुसार उनको निरन्तरको साधनाका आधारमा परिचर्चा कृतिगत मूल्यांकन हुनसकेको छैन । न त कुनै पुरस्कारहरू नै उनले पाउनसके । एकजना लेख्ने, अर्कोले प्रकाशित गर्ने र तेस्रोले कार्यक्रम गराएर पच्चीस-तीस पृष्ठको पहिलो रचनामा नै सम्बन्धित लेखकलाई 'बहुआयामिकता र बहुप्रतिभाका धनी' विशेषण दिएर मूल्यांकन सकार्ने आजको छिटो-छरितो युग.....। अनि पाँचदशक जति साहित्य साधनामा खर्चिएर चारदर्जन भन्दा बढी कृति रच्ने साहित्य साधक शङ्कर कोइरालाका बारेमा कति के कस्तो मूल्यांकन गर्ने ! किन अझ पनि उनको मूल्यांकन हुन सकेको छैन ?

✉ क्यान्सर जस्तो महाघातक रोगसँग संघर्ष गर्नुपर्‍यो शङ्करले । कतैबाट पनि सहयोग पाउन नसकेका शङ्करलाई पत्नी श्रीमती रमा एवं दुई छोराहरू अनिल र सुनिलको सेवा शुश्रूषा अनि भगवान् पशुपतिनाथ कै भरोसामा रहन बाध्य हुनुपरेको थियो । .....र त्यस्तै भयो पनि ।

>>>

श्री ५ महाराजाधिराज वीरेन्द्र
वीर विक्रम शाहदेव सरकारको
५३ औं शुभ-जन्मोत्सवको पावन
अवसरमा मौसूफप्रति हार्दिक
मंगलमय शुभकामना
टक्याउँदछौं ।

श्रम राष्ट्रिय मा.वि.
कुमारीगाल, काठमाडौं

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति
एक परिचय

- श्री ५ को सरकारले नवौं पञ्चवर्षिय योजनाको अन्तिम वर्ष सन् २००२ सम्म सम्पूर्ण जनसंख्यालाई शुद्ध खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ । यसै लक्ष्य परिपूर्तिको सन्दर्भमा श्री ५ को सरकारबाट २०५२ साल चैत्र १ गते ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति गठन भयो । यस समितिले नेपालको ग्रामीण समुदायलाई आयोजनाबाट लाभ पुगेको अनुभूति गराउने गरी विश्व बैंक तथा श्री ५ को सरकारको संयुक्त लगानीमा जनसहभागिता समेत परिचालन गरी पाँचबर्ष भित्र अधिराज्य भरको ५,५०,००० जनसंख्या लाभान्वित हुनेगरी ९०० वटा ग्रामीण समुदायहरूमा खानेपानी आयोजना संचालनको जिम्मेवारी वहन गरेको छ ।
- यस समिति स्थापनाको मूलभूत उद्देश्य ग्रामीण क्षेत्रमा संचालन हुने खानेपानी आयोजनालाई दिगो, भरपर्दो र किफायती तवरले कार्यान्वयन गर्नकोलागि उपभोक्ता समूह तथा सहयोगी संस्थालाई आर्थिक, प्राविधिक एवं संस्थागत सहयोग पुऱ्याउनु हो ।
- यस समितिको उद्देश्य प्राप्तिकोलागि संचालन हुने दिगो तथा किफायती खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने आयोजनामा विभिन्न किसिमका सामाजिक, स्वास्थ्यमूलक, वातावरणीय तथा आर्थिक विकास जस्ता क्रियाकलापहरू समावेश गरिएका छन् । यी खानेपानी आयोजनाहरू पूर्व विकास चरण, विकास चरण र कार्यान्वयन चरण गरी ती चरणहरूमा संचालन हुने छन् ।
- आयोजनामा तर्जुमा, कार्यान्वयन तथा मर्मत संभार सहयोगी संस्थाहरूको (स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा निजी क्षेत्रसंग सम्वन्धित संस्था) आवश्यक सहयोगमा उपभोक्ता समूह स्वयंले गर्ने व्यवस्था रहेको छ । आयोजना कार्यान्वयन प्रक्रियामा समितिबाट संचालन हुने आयोजनाहरूप्रति उपभोक्ता समूहमा आफ्नोपन श्रृजना गराई आयोजनालाई दिगो बनाउन समुदायलाई नै योजनाको प्रारुप तथा सेवा सुविधाको तर्जुमा, कार्यान्वयन तथा संचालनमा सक्रिय, प्रभावकारी प्रत्यक्ष र निर्णयात्मक भूमिका निर्वाहगर्न लगाई ग्रामीण समुदायलाई सशक्त तुल्याइने कार्यक्रम रहेको छ । समिति सम्बन्धी थप जानकारीकोलागि निम्न ठेगानामा सम्पर्क राख्न सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

सम्पर्क ठेगाना

सातदोबाटो, ललितपुर — फ्याक्स नं. ५३५१९०
फोन नं. ५३५१९०, ५२५४७५ — पो.ब.नं. १२४१४, काठमाडौं

मैले चिनेका शङ्कर कोइराला

शिव रेग्मी

स्वर्गीय शङ्कर कोइराला लामो समयसम्म निरन्तररूपमा नेपाली साहित्यको साधना गर्ने साधकहरू मध्ये एक थिए । 'शारदा' (मासिक वर्ष १३ अङ्क २, २००४ असार)मा 'बूढो' शीर्षक कथा लिएर साहित्य क्षेत्रमा ओर्लेका शङ्कर कोइरालाले मृत्यु शैय्यासम्म पनि निरन्तर रूपमा लेखिरहेको बुझिन्छ । उनी कसैको गाली, ताली, प्रशंसा, प्रेरणा पुरस्कार कतै पनि दृष्टि नदिइकन पुरा आधाशताब्दी साहित्यसिर्जनमा लागे । डा. तुलसी भट्टराई (गरिमा १५:११:१७९ कार्तिक २०५४) का अनुसार उनका पैंतालीसवटा उपन्यास र कथासंग्रह तथा नाटक समेत गरी कृतिहरूका संख्या पचास पुगिसकेका छन् । अझै केही उपन्यासहरू, कथा तथा एकाङ्की नाटकका पाण्डुलिपिहरू प्रकाशनको प्रतीक्षामा छन् ।

सङ्कोची स्वभावका शङ्कर कोइराला अत्यन्त सरल र सोझो व्यवहारका व्यक्ति थिए । आफ्नो सोझोपन र सरलताले गर्दा नै उनले जीवनमा धेरै हण्डर खानु परेको तथ्य उनको जीवन कथाले बताउँछ ।

"मलाई कथाकार वा उपन्यासकार भनेर नचिन्ने पुराना परिचित नाता-गोता इष्ट मित्र, सुब्बा ईश्वरीप्रसाद कोइराला वा नानी बाबुका छोराका रूपमा अथवा मलाई एउटा जागीरेको रूपमा मात्र चिन्छन् भन्ने मलाई लाग्छ । म एउटा सर्वसधारण व्यक्तिमात्र भएको छु । यस भन्दा बाहेक भावुक कमजोर र काँतर आँफैमा सीमित र उच्च आकांक्षाले हीन व्यक्ति हुँ- मेरा मूल्याङ्कन कर्ताहरूले यस बाहेक के भन्लान् "शङ्कर कोइराला- (संक्षिप्त जीवनी (लेखनी) दुङ्गा अड्डा प्रकाशन, २०५०) भन्ने लेखक शङ्कर कोइरालामा कुनै प्रकारको बडप्पन र तुजुक भने कहिले देखिएनन् । उनी धुर्त्याईं र दुष्ट्याईंदेखि कोशौं टाढा थिए त्यसैले पनि उनले जीवनमा दुःख र हण्डर बाहेक केही बटुल्न सकेनन्- भन्न मन लाग्छ ।

"शङ्कर लामिछानेलाई म टाढैबाट चिन्दथे । म पनि शङ्करप्रसाद उनी पनि शङ्करप्रसाद । लेख्ता पनि मिल्दो जुल्दो नाम । उनी पनि पहिले शङ्करप्रसाद लेख्थे म पनि । 'शारदा' को एउटा अङ्कमा 'प्रकृति हाम्रो महागुरू'[1] भन्ने लेख थियो- ले. शङ्कर प्रसाद । मलाई साथीहरूले भने - "तपाईको लेख पढें, राम्रो लाग्यो ।" मैले एकपल्ट विद्यार्थी शङ्करप्रसाद भन्ने नाममा (विनाथरको) 'शारदा' मै 'उसको झझल्को' भन्ने कथा छपाएको थिएँ । त्यसको लगत्तै अर्को लेखमा पनि विद्यार्थी शङ्करप्रसाद लेखिएको देख्ता मलाई खल्लो खल्लो अनुभव भयो । त्यस्तै मिल्दो जुल्दो नाम पारेर बराबर लेख्ने शङ्करप्रसाद को होला भन्ने मलाई जिज्ञासा भैरह्यो । अनि मैले आफ्नो कथामा विद्यार्थी शङ्करप्रसाद कोइराला पुरानाम दिन थालें । त्यसपछि पनि 'प्रगति'मा एकपल्ट 'सिंगारदान' भन्ने कथा छापिएको थियो जसमा 'शङ्करप्रसाद' मात्र दिइएको तर थर थिएन । यसै कथालाई लिएर 'नेपाली साहित्यको झलक' मा रत्नध्वज जोशीले मेरा अरु कथाहरू समेत उल्लेख गरी मैले लेखेको ठानेर होला तारीफका साथ समालोचना गर्न पुगेका छन्- हामी नाम साटौं- रूपरेखा, शङ्कर लामिछाने विशेषाङ्क, पूर्णाङ्क १८९ रूपायन प्रकाशन, २०३३) भन्ने अनुच्छेदका बारेमा खुलस्त र स्पष्ट हुनुपर्ने थियो, त्यसैले मैले शङ्कर कोइरालालाई एकपटक मौका पारेर २०५० सालको अन्त्य महिनाको कुनै दिन आफ्नो घरमा बोलाएं र स्पष्ट पनि भएँ ।

शंकर कोइरालाका अनुसार 'प्रगति'मा छापिएको 'सौतेनी आमा' (अङ्क-२) 'काथर' (अङ्क-३) कथा एकाङ्की शङ्कर लामिछानेका हुन तथ्य थाहा पाएँ । यसै गरी 'शारदा'मा प्रकाशित 'उसको झझल्को' बाहेक 'माग्नेको सोच' (१५:७-८) 'नयाँ सडकको एउटा झ्यालबाट' (१५:१०) 'अधकल्चो' (१५:११) 'रित्तो काख' (१६:१-४), 'ईश्वर र जीवन' (१६:९-१०) आदि कथा शङ्कर लामिछानेका हुन भन्ने बुझें । यसैक्रममा मोतीराम भट्ट संसर्गी रङ्गनाथ बारेमा पनि मैले जान्नु पर्ने सत्य र तथ्य पनि बुझ्ने मौका पाएँ । रङ्गनाथ कोइराला घरका व्यक्ति बारेमा मेरो अनुमान ठीक ठहऱ्यो । उनी शङ्कर कोइरालाका पिता ईश्वरप्रसाद कोइरालाका बाजे रहेछन् । शङ्कर कोइरालाले आफ्ना बराजुका सम्बन्धमा आफूले सुनेका जानेका केही कुरा बताएर मलाई सहयोग गरे । यस सम्बन्धमा यस पंक्तिको लेखकको 'मोती मण्डलीका रङ्गनाथको हुन्' शीर्षक लेख हेर्नुहोस् - 'गोरखापत्र' शनिवार १७ बैशाख २०५१ वा 'कविता' त्रैमासिक, पूर्णाङ्क ४८, ने.रा.प्र.प्र, काठमाडौं ।

शङ्कर लामिछानेसंग- 'हामी नाम साटौं' भनी लेख्ने शङ्कर कोइराला आफूले कविता लेखे पनि 'म कवि हुन सकिन' भनी आफूलाई कविका रूपमा स्वीकार गर्न नचाहेको तथ्यलाई निम्न अनुच्छेदले प्रष्ट गर्दछ ।

"शङ्कर लामिछानेले कविता पनि लेखेको देखेको छु तर

१. 'प्रकृति हाम्रो गुरु' शारदा वर्ष १ अङ्क ११, फागुन २००४मा शङ्करप्रसाद नेपालीको नाममा प्रकाशित भएको देखिन्छ- शिव रेग्मी

'गार्गेय' उपनाम दिएर । त्यो देख्ता मलाई नाम ढाँट्ने कारण थाहा भएन । उनले धेरै कविता प्रकाशित गरेका छैनन् । उनी कवि पनि थिए जब कि म हुन सकिन । उनी निबन्धकार थिए जब कि म कथाकारै रहिरहें । उनले पनि मलाई 'तपाईं कथै लेख्नोस्' भनेको पनि सम्झन्छु" ('रूपरेखा' उही-उही) । तर शङ्कर कोइरालाले यसो भनेतापनि 'शारदा'मा उनका केही कविता र साहित्यिक लेख, निबन्धहरू प्रकाशित भएका छन् । हो शङ्कर कोइरालाले भने जस्तै उनको साहित्यिक योगदानको मूल्याङ्कन गर्दा भने उनलाई कथाकार र उपन्यासकारका रूपमा विशिष्ट स्थान दिनु पर्दछ । उनको नाम पहिले आञ्चलिक उपन्यासकार का रूपमा लिनु पर्ने हुन्छ र शङ्कर कोइरालालाई विशिष्ट स्थानमा पुऱ्याउने पनि उनको पहिलो उपन्यास 'खैरिनी घाट' (२०१८) लाई दिनु पर्दछ ।

२१ कार्तिक २०५४
२६३, बत्तसिपुतली

शङ्करजीलाई संझिदा

श्रीकृष्ण गौतम

१

जे पायौ जसरी जहाँ र जहिले सन्तोष त्यैमा लियौ
माया स्नेह ममत्व आदर सँधै साना-ठूलामा दियौ
पीडा दुःख र वेदना सब सही भित्रै पचाइ तिमी
सारा सृष्टि बचाउने विष पिई श्री शङ्करै भैदियौ ।

२.

पाएथेँ तिमीबाट कष्ट सहने धीरत्व औ साहस
पाएथेँ तिमीबाट स्नेह ममता दीगो हुने ढाडस
निन्दाले न त आत्तिनु न त प्रशंसाले कबै मात्तिनू
भन्थ्यौ शङ्करजी यही हुनगयो तिम्रो मलाई चिनू ।

३.

छोड्यौ शङ्करजी समान सबमा तिम्रो मिठो संझना
तिम्रो शान्ति र शिष्टता सरलता बाँकी छ सद्भावना
यौटा लेखक जिन्दगीभर रह्यो संघर्षको सैनिक
अर्को सैनिकले चढाउँछ उमा श्रद्धाञ्जली दैनिक ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५३ औं शुभ-जन्मोत्सवको पावन अवसरमा मौसूफप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कोशेली टेक्सटायल प्रा. लि.
गैंडाकोट, नवलपरासी
फोन नं. ०५६-२२७६५
फ्याक्स: २११७८

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५३ औं शुभ-जन्मोत्सवको पावन अवसरमा मौसूफप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नीलगिरी टेक्सटायल प्रा. लि.
गैंडाकोट, नवलपरासी
फोन नं. ०५६-२२५०४

हाँसोको जन्मस्थलो आँखा र मर्नेथलो ओठ हुन् । - **मोरास**
सय वर्ष बाच्नु छ भने आफ्नो चारैतर्फ हँसिला मित्रहरूको समूह राख । - **एलिजावेथ**

शङ्कर दाइलाई अनुरोध

विश्वम्भर चञ्चल

एकचोटी विभागीय प्रमुखको टेबुलमा एउटा निवेदन आयो । निवेदनमा लेखिएको थियो "भोलि म बिरामी हुने भएकोले बिरामी बिदापाउँ" प्रमुख बेस्सरी हाँसे र उनलाई बोलाउन पठाए । उनी आएपछि प्रमुखले संझाए, भैपरि बिदा र घर बिदा लिने भए आज दिन मिल्छ, त्यही पनि भोलि कसैलाई पनि कुनै बिदा नदिनु भन्ने उर्दिछ । कुनै बिदा लिन पाउनहुन्न । त्यसमाथि बिरामी बिदा लिनै पर्ने हो भने पहिले भोलि बिरामी हुनुहोस् अनि पर्सि आएर 'हिजो यस्तो बिरामी परेकोले बिदापाउँ' भनेर निवेदन दिनुभयो भने विचार गरौंला ।"

प्रमुखका यी कुरा सुनेपछि खिस्स दाँत देखाउँदै र औंलाहरू एकमाथि अर्को खप्ट्याउँदै भने - 'त्यही भोलि अरू बिदा नदिने भएर नै बिरामी बिदा लिएको हुँ ।'

कर्मचारी रहनुको यो एउटा ठूलो पीडा मैले पनि तीस वर्षसम्म भोगेको हुँ । सरकारको विरोधमा जुन सभा, आमसभा र हड्तालका कुरा उठ्छन् त्यस बखत कर्मचारीहरूलाई कडा भन्दा कडा उर्दि दिइन्छन् कि जसरी भएपनि आउनै पर्छ । चाहे दश बजे बिहान आउ, चाहे चार वा पाँच बजे बेलुका आएर हाजिर बजाउ । कामसँग केही मतलव छैन र मतलव यो पनि कुनै हाकिमलाई छैन कि जब अफिसको बस वा अरु कुनै यातायातको साधन नै चल्दैन भने काठमाडौंका कर्मचारी भक्तपुर र भक्तपुरका कर्मचारी काठमाडौं कसरी पुगुन् त ? तर हाकिमहरूलाई जागीर जोगाउनु नै छ । कर्मचारी रिसाए त के भो ? हाकिमको हाकिम चाहिँ रिसाउनु हुन्न । कति अन्धो उर्दि छ यो र यो उर्दि आजसम्म पनि यथावत् छ । त्यही उर्दिलाई ती व्यक्तिले भोलिको बिरामी हुनुलाई आजमा रूपान्तर गरेर बिदा मागेका हुन् ।

दशैंको टीकामा म आफ्नो जन्मथलो धर्मस्थली महाँकालमा टीका थाप्न जान्थें शहरबाट । फर्केर आउँदा हिलेडोल (बालाजु बजार भन्दा केही माथि उत्तर) या बलाजु बजार मै उनीसँग निधारभरि रातो अक्षता लगाएको अवस्थामा भेट हुन्थ्यो । सोध्थें, "कता टीका थापेर आउनु भयो ?" फेरि फिस्स हाँसेर र पछाडि दुबै हात लगेर औंला जोल्ट्याउँदै र हत्केलाहरू उल्टो पार्दै जवाफ दिन्थे "यतै....कतै ।" पछि थाह भयो आखिर उनी हिलेडोल नजिक रहेको उनको ससुरालीमा टीका थापेर आउने गरेका रहेछन् जुन उनको ससुरालीसँग हामी परिवारिकरूपमा नै चीरपरिचित थियौं र उहाँहरू पनि घिमिरे थरकै हुनुहुन्थ्यो मै जस्तो । जब यो कुरा थाह भयो संझें, गजब मानिस रहेछन् यिनी । जब मेरै गाउँ वरिपरि र घिमिरे परिवारकै थिए यिनका ससुराली भने मलाई फलानो ठाउँमा टीका लगाएर आएको भन्न के अप्ठ्यारो थियो र यिनलाई ? यही कुरा पछि कुनै दिन उनको सामुन्ने राखें पनि । फेरि उही 'फिस्स...।" जवाफ केही दिएनन् ।

मैले यी दुईटा संझना शङ्करदाइको सरलपन झल्काउन मात्र फ्यास्स भनिदिएको हुँ । उनका सरलपनका यस्ता अरू कैंयौ घटना होलान् जुन मलाई थाह नहुन सक्छ र उनको संगतले थाह भए जतिका अन्य केही संझना मैले कान्तिपुर दैनिकमा उनको मृत्युको केही समय पश्चात् नै लेखिसकेको छु ।

शङ्कर दाइ ! तिमीलाई कान्तिपुर दैनिकमा त्यस संझनाको कलम चलाए पछि फेरि यो कस्तो संयोग ! आज तिम्रो संझनामा पाँच महिना पछि कलम चलाउँदैछु । तिम्रो आत्माले मलाई गाली नगरोस् शङ्कर दाइ यति अल्छि बनेकोमा, तर के गर्नु र ? लेख्न त तिमीले पनि त लेख्यौ नि । के लेखेनौ तिमीले ? कथा, उपन्यास, नाटक, बाल साहित्य, लेख, निबन्ध, हास्यव्यंग्य र अझ कहिले कुनै कुनै कविगोष्ठीमा कविता पनि सुनाउँथ्यौ । कथा र खासगरी उपन्यासको विधामा चाहिं त नेपाली वाङ्मयको भण्डार नै थपिदियौ । आखिर पायौ के ? यस प्रश्नको जवाफमा यस खबत मलाई मेरै एउटा धेरै पुरानो कविताको केही अंश याद आइरहेछ शङ्कर दाइ सुन या पढ मेरो यो कविता तिमी स्वर्गबाटै भए पनि र भन मलाई एउटा लेखकले पाउने सम्मान तिम्रो हाम्रो देशमा यो भन्दा बढ्ता अरु के हुन सक्छ ? त्यसैले मैले पनि त्यति मात्र धर्म पूरा गर्नकोलागि भए पनि तिम्रा यी पृष्टहरूका संपादकको अनुरोधलाई टार्न सकिन र तिम्रो मृत्यु पश्चात् हार्दिकताका भनौं वा सहानुभूतिका यी अक्षरहरू दोस्रोपल्ट कोरिरहेछु । यसलाई तिमी एक बिडम्बना नै ठान ।

मेरी छोरी !
दाइजो छ तिमीलाई
मेरा शेषपछिका सबै जायज्यथाहरू
अखबारका पानाहरू
सभा र भाषणहरू र ,
संतप्त तिमीप्रतिका समवेदनाहरू ।
सम्भाली राख यी सबलाई

मेरो बाबुको आर्जन भनेर
+ + + + + + + +
छोरी !
मैले तिमीलाई केही दिन सकिन
जब कि म ज्यूँदो छु
मेरो आर्जन मसँग केही छैन
मैले त बाँडेको छु ती सबलाई
मेरा प्रिय पाठकहरूमा
सट्टामा पाएको छु दुई चार मीठा शब्दहरू ।
खोइ !
यिनै शब्दहरू तिमीलाई दिउँ भने पनि
पर्याप्त हुँदैन यसले
तिम्रो भोग र नाङ्गो शरीरलाई ।
+ + + + + + + +
भो ! मलाई केही चाहिँदैन
मेरो शेषपछि
मृत्युपछिको खरानी
अथवा
फालिएका मेरा हड्डीहरू
ती कहिल्यै भोका रहँदैनन्
ती कहिल्यै नाङ्गा हुँदैनन्
र, तिनीहरूकालागि दया गर्ने
कसैको खाँचो पर्दैन
न त प्रशंसापत्रहरू नै
त्यसैले छोरी !
दया गर म माथि
स्वीकार गर आफ्ना दाइजोहरूलाई
मेरा शेषपछिका
र, मेरा नामबाट आर्जिएका
अखवारका पानाहरू
सभा र भाषणहरू
र, संतप्त तिमी प्रतिका समवेदनाहरू ।

शङ्कर दाइ ! आज तिमी के यही अवस्थामा छैनौ र ? तिम्रा छोराहरू र श्रीमतीले यिनै अखवारका पानामा भरिएका तिमीप्रतिका सहानुभूति बाहेक तिमीले जिन्दगीभरि नेपाली वाङ्मयको श्रीबृद्धिकालागि गरेको फलस्वरूप के हात पारे त ? एउटा सिङ्गो उपन्यासलाई तीनशय रूपैयामा पुरै सर्वाधिकार प्रकाशकलाई सुम्पिने पनि तिमी नै थियौ र मृत्युको मुखमा पर्दा तिमी मिल्दो एक प्वाइन्ट रगत नपाउने पनि तिमी नै थियौ । तिमी बिरामी पर्दा को मन्त्री वा नेता तिमीलाई भेट्न आए, भनत ? को तिम्रा साथीभाइ अथवा म नै तिम्रालागि के सहयोग गर्न आइपुग्यौं तिमी बाँचुञ्ज्याल ? के प्रेरणा र उत्साह जोगायो तिम्रो लेखनीमा यस समाज ले ? त्यसैले त तिमी यस शताब्दीका एक अग्रज साहित्यिक श्रष्टा र तिम्रो आफ्नै स्थानमा रहेको त्यत्रा अमूल्य कृतिहरू तिमीले नेपाली वाङ्मयको भण्डारमा थपिदिंदा पनि कसैले तिमीलाई कुनै पुरस्कार वा सम्मान दिएन । थाह छ, तिमी त्यस्ता पुरस्कार र सम्मानका भोका थिएनौ र पनि कता कता तिम्रो जीवनको उत्तरार्द्धमा गएर त्यसैबाट दिक्क भई तिमी केही निराशाका कुराहरू गर्दथ्यौ जस्तो मलाई लाग्दछ । मसँग भएका भेटघाटको क्रममा तिमी जुन प्रकारका कुरा व्यक्त गर्दथ्यौ त्यसबाट तिमी साहित्यिक क्षेत्रमा अपहेलित भएर नै निराशालाई आक्रोशित भावमा वा रोषपूर्ण दृष्टिमा मधुर नै शब्दले भएपनि अङ्वाङ्गो रूपमा प्रस्तुत हुन्थ्यौ । हुनसक्छ मेरा यी व्यक्तिगत सोचाइ हुन् वा तिम्रो बोल्ने बानी नै ।

जे भए पनि शङ्कर दाइ ! तिमी पनि देशको विकास र प्रजातन्त्रका पक्षपाती थियौं होइन ? त्यसैले त तिमीले नेपालका प्रजातन्त्रका प्रवर्तक स्वर्गीय वी.पी. कोइरालाको फोटोलाई संधै शिरानमाथि राखेर तिमीले पूजिरह्यौ र प्रजातन्त्रकै पक्षमा आफ्ना हात धेरै खियायौ सशक्त कलमलाई माध्यम बनाएर । आखिर देशमा प्रजातन्त्रको पुनर्वहाली भयो पनि । जताततै खुशीका लहरहरू फैलिए । तिमी पनि त औधि खुशी भएका थियौ त्यस बखत म जस्तै गरी । एउटा लेखकीय सम्मान र मर्यादाका दिनहरू अब देशमा प्रवेश भयो भनेर मैले पनि तिमीसँगै लागेर खुशी मनाएको थिएँ एउटा केटाकेटी जस्तै बनेर । संझन्छौ त्यो दिन ? आखिर तिमी हामीले के चाहेका थियौं र ? राष्ट्रको विकास होस्, प्रजातन्त्रको स्थायीत्व होस् र सबैले कतै कुनै कुराको भेदभाव नराखोस् । र, त्यसमा राष्ट्रको एउटा गौरवमय फाँट अँगालिने साहित्य र साहित्यकारको पनि इज्जत बहोस् । यही नै थियो होइन र हाम्रो चाहना ? तर यहाँ त सब उल्टो भयो शङ्कर दाइ । जो जो मन्त्री र नेताहरू कहाँ सबभन्दा अगाडि पर्न सके उनीहरू मात्र महान् साहित्यकार कहलिए । ज-जसले पहुँच पुऱ्याए वा राजनैतिक छाप देखाए उनीहरूले मान, सम्मान र पुरस्कार पाए । प्रजातन्त्र भाँडतन्त्रमा बदलियो । सत्ता र शक्तिको होडबाजी चल्यो समाजवादीहरू पूँजिवादी बने । साम्यवादीहरू बहुदलवादीको खोल ओढेर सर्वहारावर्गको राज्यको नारा दिंदै एकलनेतृत्वको तानाशाही प्रवृत्ति दर्शाउन थाले र समाजवादीहरूलाई उछिने र रातारात लाखौं र करोडपति भई भव्य-भव्य महलको निर्माण गरी अति मँहगा र अत्याधुनिक मोटर गाडीहरूमा शयर

गर्न थाले । जसको विरुद्धमा यी समाजवादी र साम्यवादीहरूले तीस वर्षसम्मको लडाइँ लडे । आखिर उनै निर्दलवादीहरूलाई बुई नचढाई यिनीहरूको व्यक्तिगत स्वार्थ पूर्ति नहुने भयो र यी निर्दलवादीहरूलाई यिनीहरू दुबै मिलेर झन् फष्टाउन र अर्को साठी वर्षको राज्य गर्न सक्ने शक्तिमा पुऱ्याउन खोजे । जनताहरूले राहतको सट्टा आहत पाए । राष्ट्रको सर्वाङ्गीण विकासको सट्टा यी नेता र मन्त्री भनाउँदाहरूको व्यक्तिगत विकास मात्र भयो । देशको सभ्यता र संस्कृतिको मापदण्ड मानिने लेखक, साहित्यकार र कलाकारहरूलाई समेत चाकरी चापलुसी गर्नमा निपुण तुल्याए । त्यसैले त शङ्कर दाइ तिम्रो आस्थाको केन्द्र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा पनि राजनीतिले अखडा जमायो । कुलपति हुने जनताको अधिकारलाई पनि सत्ताको बाँडीचुँडी र आफ्नै दाइजोमा परिणित गराए । देशका कुनाकाप्चा र टाकुराहरूमा पुग्ने बाटो बन्न सकेन । तर यिनीहरूले नै पजेरो र ल्याण्डक्रुजर जस्ता अत्याधुनिक मोटरहरू सीमित शहरहरूमा दौडाई रहे । देशका लाखौं लाख जनताहरू झाडा पखालाको लागि एउटा सरलभन्दा सरल औषधिबाट पनि बञ्चित छन् तर यिनीहरू चाहिं कोही सत्ताकै लागि औषधिको वहानामा विदेश घुम्न पुग्छन् त कोही बिरामी नै नभएको औषधिको बील पेश गरी सांसद सचिवालयबाट हजारौं हजार रुपैया असुलउपर गर्दछन् । तर तिमी राष्ट्रका एक अमूल्य निधिलाई अन्तिम अवस्थामा बम्बैमा लगी जाँच गर्न पाए हुन्थ्यो कि भन्ने तिम्रो चाहनालाई कसैले पुरा गरिदिएन हगि शङ्कर दाइ !

तर म भन्छु शङ्कर दाइ तिमी भाग्यमानी रहेछौ । अब यसभन्दा बढी विसंगति तिमीले देख्नु परेन र त्यसको विरोधमा तिम्रा हातहरू खियाउने दरकार पनि तिमीलाई परेन । किनभने तिमी जस्ता लेखकलाई यहाँ बाँच्नु पर्ने आवश्यकता नै त ठानिएन । नत्र तिम्रो कलमको माध्यमबाट ती नेता र मन्त्री भनाउँदाहरूको कुकृत्यको कति पोल खुल्ने थियो कुन्नि । उनीहरूले ठाने वेशै भो । कुचोले बडार्नु पर्नेलाई हावाले नै बढारिदियो । तर शङ्करदाइ म भगवान्सँग प्रार्थना गर्छु तिमी अर्को जन्ममा पनि फेरि लेखक नै रहन्छु भन्छौ भने फेरि यही धर्तीको यही कुनामा जन्म जहाँ वी.पी. प्रतिष्ठान, गणेशमान र अन्य के के व्यक्तिगत प्रतिष्ठानहरूका माझमा भानुभक्त, लेखनाथ, देवकोटा, सम, सिद्धिचरण र तिमी जस्ताको प्रतिष्ठान पनि सरकारले नै खोलिदेओस् । मदन आश्रित मृत्युको बेलाको दुर्घटनाग्रस्त जीपलाई राष्ट्रिय संग्रहालयको रूप देओस् । आज भोलि यहाँ दोबाटो, चौबाटो र पार्कहरूमा अवस्थित शहीदहरूका मूर्ति जस्तै तिम्रो मूर्ति पनि सगौरव ठडियोस् । र, अन्त्यमा अब जन्मिदा तिमी मन्त्री र नेताहरूका घरमा गएर 'जी, हजूर' गर्नुको साटो ती नेता र मन्त्रीहरू नै तिमी जस्ता लेखकलाई सम्मान प्रदान गर्न तिम्रै घरमा धाउने वातावरणको सृजना होस् । यही कामनाका साथ लौ त शङ्कर दाइ बिदा चाहन्छु । मौका परे कुनै दिन फेरि स्वर्गमा भेटौंला र तिम्रो त्यही सरलपन मै फिस्स हाँसो हेरौंला । जय राष्ट्र । जय लेखकीय अस्मिता ।

२०५४ पुष- ३
काठमाडौं ।

>>>

श्री ५ महाराजाधिराज सरकारको
५३ औं शुभ जन्मोत्सवको पूनित
उपलक्ष्यमा मौसूफपति हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

जिल्ला विकास समितिको कार्यालय
ललितपुर

श्री ५ महाराजाधिराज सरकारको
५३ औं शुभ जन्मोत्सवको पावन
अवसरमा मौसूफपति हार्दिक
मंगलमय शुभकामना
टक्र्याउँदछौं

मेरिनोल नेपाल 'आशादीप'
(मानसिक विरामीहरूको पुनः स्थापना केन्द्र)
फोन नं. ४७०५८६, सिफल, काठमाडौं

संयोग !

सुश्री भद्रकुमारी घले

मैले जति पनि किताबहरू लेखेको छु । त्यसको भाषा शुद्धिमा शङ्कर भाइले सहयोग गर्नु भएको छ । त्यतिमात्र कहाँ हो र ? हालका मेरा संग्रहका उहाँनै भूमिका लेखक पनि हुनुहुन्छ । साँच्चै तै राम्रो सँग शङ्कर बाबुले मेरा रचनाको अध्यन गर्नु भएछ क्या रे ! उहाँले शीर्षक पनि राम्रो लेखिदिनु भएको छ । मेरा जीवन्त कविताहरू के मेरो रचनामा त्यति जीवन्त दश घर ? दिदी भनेर शङ्कर भाइले माया गरेर तै त्यस्तो राम्रो शिर्षक दिनु भएको होला नि न भएता मेरो रचनामा त्यस्तो शीर्षक होला र ? मलाई त लाज लागिरहेको छ हाम्रो शङ्कर भाइले अतिशयोक्ति गरिदिनु भयो कि भनी ।

साँच्ची नै शङ्कर भाइ एउटा महान् व्यक्तित्वका धनी हुनुहुन्थ्यो । जैले जहां पनि शङ्कर बाबु केही न केही गरिराखेकै हुनुहुन्थ्यो, नचाहिंदो कुराको बहाली केही मतबल नै नगर्ने । सिधासाधा शान्तपाराको सारै लोभलाग्दो व्यक्तित्व थियो शङ्कर भाइको । लोभ भनेको वहाँमा छदै थिएन । त्याग तपस्यामा तपेको वहाँको जीवन सद्व्यवहारले ओत प्रोत भएको वहाँको दिनचर्या । बाहिर हेर्दा कठोर जस्तो देखिएता पनि दाँते ओखर जस्तो पोषिलो गुदिलो भरिएको जीवन । सहयोगको ता वहाँलाई भण्डार नै भने हुन्थ्यो । मलाई कत्रो सहयोग गर्नु भएको छ शङ्कर बाबुले । मेरा नौ नौ किताबको शुद्धा शुद्धि हेर्नु भनेको सानो कुरो होइन । मँ वहाँको परिश्रमको कति ऋणी छु । वहाँको मेहनतको भार वहाँले मलाई धेरै बोकाइ सक्नु भएको छ । यो ऋण मैले कसोरी वहाँलाई फर्काउनु ?

शङ्कर भाइले प्रेरणा नदिएको भए मेरा किताबहरू छापिने पनि थिएनन् होला । वहाँले देखाएको बाटोबाट हिंड्दा मैले नौ-नौवटा किताब छपाउने मौका पाएं । आर्थिकताको कमी ता हामी धेरै जसो नेपाली परिवारमा छदै छ । त्यस्मा पनि म जस्तो राजनीति पीडित सामाजिक कार्यकर्तालाई त सधै अर्थ अभावै अभाव सम्पन्नता त जीवनमा देख्नै नपाइने । यस्तो अवस्थामा नौ-नौवटा किताब आफ्नो पैसाले प्रकाशित गर्नु मेरो जीवनमा एउटा महत्त्वपूर्ण उपलब्धि नै संझनु पर्छ । यो सम्पूर्ण शङ्कर भाइको सहयोग निर्देशन र सरसल्लाहवाट नै भयो ।

साँच्चै नै मेरो लागि त शङ्करबाबु एउटा ठूलो उद्धारक सहयोगी मित्र रहनु भयो । आज मलाई पूर्ण सहयोग गरी साहित्य विधामा ल्याई उभ्याउने कार्य गर्नु भयो । हाम्रा गुरूसँग हामी साहित्य के हो ? नेपाली भाषा के हो ? भनी सिकाउन र कथा, कविता, गीत-निबन्ध, लेखन आदि सिकाउन मुख ताक्ने गर्छौं तर एकचोटी कृष्णचन्द्र दाइ कहाँ म पहिलोपटक आफ्नो रचना लिएर जाँदा वहाँले फ्याँकीदिनु भयो । त्यसवखत म कति दुःखी भएको थिए हुँला ! मेरो आत्मामा कति पीडा भयोहोला । तर त्यही रचना लिएर जिल्ला बासीको नाताले शङ्कर बाबुकहाँ जाँदा उहाँले मलाई ठूलो प्रेरणा र उत्साह दिनु भयो । यसैगरी अभि सुवेदीको पनि म ऋणी छु । मेरो पहिलो रचनाको मेचिङ गर्ने र भूमिका लेख्ने वहाँ नै हुनुहुन्छ । तथापि शङ्करबाबुले जस्तो पूर्ण सदासयताकासाथ सहयोग गर्ने अरु कोही भएन । ए ! मता कल्पनामा नै समय बिताएंछु । दार्जलिङ्गमा बिमोचन भएको मेरो एउटा किताब शङ्कर बाबु आफैले बनारसमा गई छपाउनु भएको थियो । त्यस किताबको भूमिका वहाँले नै लेख्नु भएको थियो । तर यस्तो मार्गदर्शकको छेउमा पनि मैले धेरै समयसम्म किताब दिन गईन । म कति कृतघ्न रहेंछु । धेरै समय पछि तरकारी बजारमा अपरझट भेट हुँदा मलाई कस्तो लाज लागेको थियो । 'जस्को बिहे उसलाई न जिकै नले' भने जस्तो अरू अरू ठाउँमा किताब पुऱ्याइ सक्ने शङ्कर बाबु कहाँ जान नभ्याउने यो कस्तो बिडम्बना । बैशाखामा विमोचन भएको किताब श्रावण सम्म पनि शङ्कर बाबुको हात पार्न सकेकी थिईन । म पनि कति विचित्रको मान्छे । २०५१ सालमा छपाउने २०५४ सालमा विमोचन गर्ने र चार महिनापछि शङ्कर बाबुलाई किताब दिन जाँदा वहाँले मलाई के भन्नुहोला ! यो खिन्नता मनमै राखेर हतार पतार लुगा फाटो लागाएर म शङ्करबाबुको घरमा पुगें । शङ्करबाबुको घर अगाडि थुप्रै मान्छेहरू उभिएको देखें । एकछिन म अक्मकिएँ । जम्मा भएका मान्छेहरूका अनुहार अँध्यारो देखें । के भएछ भनी एक जनालाई बाहिरैबाट सोधें .....शङ्करबाबु त पार्थिव शरीर लाई छोडेर जानुभएछ ! म छाँगाबाट खसेजस्तो भएँ । कस्तो संयोग ?

शङ्कर

शङ्कर नाम तिम्रो शम्भु नै भयौ
साहित्य धुनिमा तिमी मगन रह्यौ
कौशिकाको तिमी त्यो पवित्र जल हौ
कुशेश्वरका तिमी प्रसाद नै हौ ।
त्यागीमा तिमी महात्यागी थियौ
तपस्वीमा तिमी महातपस्वी रह्यौ
परिश्रम मै बाँच्यौ तिमी जीवनभर
मार्ग-दर्शक हौ तिमी हाम्रा गुरूवर ।
हे महामानव ! हे अनुरागी !
महामित्र रह्यौ मित्रहरूको लागि
लिस्नो नै बनिदियौ शिकारूको लागि
हे स्थितप्रज्ञ ! रीष-राग, लोभ त्यागी ।
साहित्यक्षेत्रको ध्रुवतारा बन्यौ
उपन्यास क्षेत्रको भण्डार नै भयौ
धर्तीको गर्भमा लुकेको रत्न हौ
सिंधुलीको नाम अमरपारी दियौ ।

>>>

भोग, रोग र सकसबाट पीडित स्व. शङ्कर कोइराला

बिन्दु कोइराला

जनकपुर अञ्चलको सिन्धुली जिल्लामा पर्ने एउटा कुनामा रहेको 'दुम्जा' पैतृक थलो भएको स्व. शङ्कर कोइरालाको जन्म मिति १९८७ हो । उनी जीवनयापन गर्ने क्रममा साझा प्रकाशनमा कार्यरत रहे र अन्तिम अवकास पनि त्यहींबाट भयो । खास गरी गाउँले परिवेशलाई नै समेटेर कथा, उपन्यास र केही नाटक तथा एकाङ्की पनि लेख्ने शङ्कर कोइराला सामाजिक यथार्थवादी साहित्यकार हुन् । उनको २०१८ मा प्रकाशित उपन्यास 'खैरिनीघाट' प्रथम आञ्चलिक उपन्यास हो । यसका अतिरिक्त उहाँका अन्य थुप्रै उपन्यास, कथा र नाटकहरू प्रकाशित भैसकेका छन् ।

ती सबै कृतिहरूको विश्लेषण गर्ने आँट वा क्षमता ममा नभएकाले म यहाँ 'जनतालाई बकस-भोक, रोग र सकस' माथि केही प्रकाश पार्न चाहन्छु । केशवराज पिंडालीबाट शुरु भएको हास्यव्यंग्यको इतिहासलाई दरिलो र बलियो बनाउने काम भैरव अर्यालले गरे । बक्रोक्ति, व्यंग्य वा व्यञ्जना जे भने पनि यस विधामा संलग्न हुन सरल र सहज छैन । त्यसैले होला हास्य व्यंग्यकाक्षेत्रमा नेपाली साहित्य दीनहीन नै छ भन्नु पर्दछ । यसै सिलसिलामा लेखनाथको 'पिञ्जराको सुगा', धरणीधर कोइरालाको 'कोदानुनय' र गाईजात्रे पत्रिका आदिलाई पनि विर्सनु हुँदैन होला । तापनि स्तरीय हास्यव्यंग्यको आस्वादन गर्न भने पाठक वर्गले पाएको छैन जस्तो मलाई लाग्दछ । अनि यही अभावलाई पूर्ति गर्न 'जनतालाई बकस-भोक, रोग र सकस' लेख्ने स्व. शङ्कर कोइराला हाम्रा धन्यवादका पात्र बनेका छन् ।

स्व.कोइरालाका उपर्युक्त उपन्यास हाँसोभन्दा बढी मर्म छुने यथार्थ व्यंग्यमा रंगमगिएको छ । देशमा प्रजातन्त्र आएपछि पनि शासन व्यवस्थामा स्थिरता नआएको समसामयिक अवस्थाको चित्रणगर्न यो उपन्यास औधि नै सफल भएको छ । हुनत शङ्कर कोइराला स्वयंले भनेका छन् 'म राजनीतिक व्यक्ति होइन, त्यसैले मलाई कसैले पनि चिन्दैनन्', यस भनाइमा पनि व्यंग्य छ जस्तो महशूश हुन्छ । किनकि चिनिन राजनीतिज्ञ नै हुनुपर्दो रहेछ भन्ने तथ्य त यसै उपन्यास भित्रका विभिन्न पार्टीका नेताहरूको क्रियाकलापले नै स्पष्ट पारेको छ । अनि भन्न करै लाग्दछ कि सच्चा साहित्यकार बनेर कसरी चिनिनु त ! देशमा प्रजातन्त्र ल्याउन प्राण आहुती गर्ने निरिह प्राणीहरू, तर कुर्सी ओगट्ने चाहिं ठूला भुँडीहरू, पार्टी-पार्टी बीचको तानातान तथा लुछाचूँडी, सानो दललाई ठूला दलले निल्ने कुप्रक्रिया, सत्ताकालागि आपसमा गोली चलाउनु, भोट पैसामा विक्री हुनु, प्रोक्सी मत खसालेर चुनावमा धाँधली मच्चाउनु, अथवा निस्पक्ष चुनाव नहुनु, भित्र कालो पोतिएका उमेदवारहरूबाट सज्जन, उपकारी, देशभक्त र जनप्रिय बन्न खोज्ने जस्तो ढोंगी प्रबृत्तिले गर्दा उपन्यासकार दिक्क-वाक्क भएका छन् । नेताको फोस्रो, सारहीन र हृदयलाई नै खिर्खिर्याउने भाषण सुन्ने उत्सुकता जनतामा नहुनु, निन्द्रा लाग्नु अनि नेता कस्सिएर धोक्रो फुलाई-फुलाई भाषण छाँटी रहनु जस्तो घतलाग्दो हास्यव्यंग्यात्मक प्रस्तुती छ-यहाँ । विभिन्न दलका विभिन्न उम्मेदवारहरूले विजय प्राप्त गरेमा सबैको भलाई हुन्छ भन्ने नारा सुन्दा उपन्यासकारको कानको जाली फुट्ने सम्भावना पनि यहाँ पाठकवर्गले महशूश गरेको प्रतीत हुन्छ ।

प्रजातन्त्रको उचित प्रयोगका अभावले गर्दा अघाएका जनता र खान पल्केका तथा खाएर कहिल्यै नअघाउने घ्याम्पेभुँडी भएका सल्लाघारीको प्रस्तुती अति नै चित्तबुझ्दो छ । सत्ताधारी नरकपति हो, जनतालाई लाटो बनाई गुलियो चटाएर विजय प्राप्तगर्ने व्यक्ति आफू सुविधाभोगी बन्छ । अनि थोत्रो पाटीबास भएकाहरूको- भोग, रोग, व्यथा, डाह, आह, छट्पटी, टण्टाहरू जीवन्त नै हुन्छन् भने भोट दिनुको अर्थ नै के रह्यो र ? अनि चुनाव पछिका चुनावले देशको अस्थिर शासन व्यवस्थाप्रति प्रहार गरिएको व्यंग्य अत्यन्त नै युक्तिसंगत र सराहनीय छ, घतलाग्दो छ । साँच्चि नै चुनाव व्यथा कै रूपमा यथार्थ प्रतीत भएको छ । शङ्कर कोइरालाले जनतालाई दिएको जुन भोक, रोग सकसको बकस छ, त्यो सत्ताधारी वा देशले हामी अदना, निमुखा र निम्नवर्गका नेपालीलाई दिएको वा प्रदान गरेको सौगात हो, उपहार हो । एउटा पालेले लेखकलाई देख्ने वित्तिकै 'तिमी शासक होइनौ, जनता हौ किनकि तिमी ख्याउटे छौ' भन्नुमा कति गहनता लुकेको छ । यसलाई किन कोट्याइरहनु पर्ला र ? पुस्तकको आवरणमा नै स्पष्ट छ कि जनताको रगत चुस्न सिपालु वा रक्तपिपासु भुँडे र रगत चुसिएर दुब्लाएका सिकुटेहरूको दयनीय र हृदयविदारक तस्वीर ! लेखक यिनै ख्याउटेहरूका प्रतिनिधि पात्र हुन् ।

शङ्कर कोइरालाले अनगिन्ती साहित्यहरू कोरे । त्यसमा साझा प्रकाशनले थोरै मात्र कृति छपाइदिएर धेरै गुन लगायो । तर अर्थाभावको चपेटामा परेका शङ्करले अन्य कृतिहरू कसरी

छपाए होलान् ? त्यस दुरावस्थाको भुक्तभोगी त उनी नै छन् नि ! सोझै साहित्यकार मरिमेटेर साहित्य कोर्छ, तर प्रकाशक आँखा खोल्दैन वा उसको घैंटामा घाम लाग्दैन। एउटा सिद्धान्तवादी साहित्यकारले प्रेसको शरण नपाउने यथार्थता अद्यापि जीवितै छ, यो प्रथा मरेको छैन। त्यसको तथ्य 'जनतालाई बकस-भोक, रोग र सकस' उपन्यासको पृष्ट १७ मा उल्लेख भएका लेखकका उद्गारहरूले प्रष्ट पारेकै छन्। उनी भन्छन् 'त्यसपछि मैले आफ्नो यथार्थवादी कविता छाप्ने विचार गरें। प्रेसहरू, गल्ली र सडकमा जहाँ देख्यो, त्यहीं छाप्ने कुरा गरें। तर प्रेसवालाहरूले मेरो चारश्लोक छाप्ने पनि टायम छैन भने।' यसै सिलसिलामा म आफ्नो व्यथा पनि नपोखी रहन सक्दिन। हुनत म सिद्धहस्त लेखिका पटक्कै होइन, तर पनि आफ्नो आर्थिक अवस्थाको नाजुकपन र अरूको सहयोगबाट बञ्चित मेरा पनि केही कविता, निबन्ध र विवेचना गरी करिब बीसवटा कृतिहरू धमिराले खाएर धुलिन लागेका छन्। अब यसको समाधान कसरी हुन्छ त ?

शङ्कर कोइराला कविताका धनी व्यक्ति चाहीं पटक्कै होइनन् तर पनि यस उपन्यास भित्रका कविताहरूले उनलाई व्यंग्यका कवि भनी चिनाएका छन्। जस्तो कि -

यस्तै चुनाव आइरहोस्
देशमा गोलमाल छाइरहोस्
पाँच वर्ष बित्न नपाई
अर्को टुप्लुक्क आइहालोस्।

शङ्कर कोइराला यस उपन्यासका माध्यमबाट स्त्रीस्वतन्त्रताका पनि पक्षपाती देखिन्छन्। 'संसार कहाँ पुगिसक्यो, तर नारी भने लोग्नेले पाप स्वरूप दिएको चुरापोतेमा अल्झिरहेका छन्।'

अब आयो 'आजाद नेपाली' तिम्रो हाम्रो पार्टी
आउ बनी रणचण्डी दुष्ट पापी काटी।

यस्तै घतलाग्दा कविताहरूको प्रयोगले यस उपन्यासलाई उजिल्याइदिएको छ। तर प्रतिभाकाखानी महाकवि देवकोटाको अमूल्य कृति मुनामदनले त आलोच्य बन्नु पर्‍यो भने मेरो झ्याउरेको के गणना होला र ? भन्ने हीनताबोध स्व. कोइरालाबाट भएको प्रसंग उल्लेख गर्न लायक मलाई लाग्यो। मेरो सानो सोचाइले भन्दछ कि झ्याउरे गएबितेको विषय चाहीं किमार्थ होइन। बरु दीनहीन नेपालीको पीडा र व्यथा व्यक्तगर्ने माध्यम नै झ्याउरे हो। यो झ्याउरे सबै नेपालीको मुख-मुखमा छ, जुन स्वतस्फूर्त भएर आउँछ। यसैमा त छ नि सच्चा संस्कृति र परम्परा। सन्त ज्ञानदिलदासको नाम नेपाली कविताको इतिहासमा किन अंकित छ त ! किनकि उनी झ्याउरे गीतका झ्याउरे कवि थिए।

तँछाड् र मछाड्को राँके जुलुस, तोडफोड र होहल्ला आदि विकृतिहरू नै विकासका पूर्वाधार हुन् भनी लेख्नुमा एकातिर व्यंग्य छ भने अर्कातिर आमाको स्मरण गर्दै नेपाल आमा हिमाल झैं सेतादाँत देखाएर कीर्तिमान् कायम गर्दैछिन् भन्नु चाहीं उपन्यासकारको देशभक्ति भावनाको द्योतक हो।

बेरोजगारीले भोक उब्जाउँछ, अनि रोग ल्याउँछ र रोक पश्चात् मृत्यु हुनु यो ध्रुवसत्य कुरो हो। यसैको शिकार बनेको छ आजको नेपाली जनता। महंगीको चरमसीमा छुन्छ, तर कुनै पनि सत्ताधारीको हिम्मत र आँट छैन- त्यसलाई नियन्त्रण र दमन गर्ने। अनि कालोबजार तथा भ्रष्टाचार कानूनीधाराभित्र घुसेका छन्- बलिया जरा गाडेर।

पेटीमा सुकुल ओछ्याएर ग्राहक फेला पर्छन् कि भनी आँखा तानेर बस्ने लेखन्दासको आयस्रोत कति नै हुन्छ र ! अनि आफ्ना व्यथा पोखेर कवि कविता लेख्छ तर त्यसको सही मूल्यांकन कसले गर्छ र ? चुनावीनेताले आफ्नो प्रचारप्रसार सम्बन्धी कविता भएमा केही रकम दिइ पनि हाल्दछ। तर उसको चित्त नबुझेमा कवि विवश भई चाउरिदै र विमुख भएर रित्तो खल्ती टक्टक्याउँदै घरतिर फर्कन्छ। अनि चुनावका पर्चा जस्तै गरी ट्वाकमा भातको माँड बोकेर गल्लीका पर्खाल र भित्तामा कविता टाँस्न पुग्दछ। त्यसमा पनि पुलिसको कडा निगरानी रहन्छ, सम्पूर्ण कविता च्यातिन्छन् र तितरवितर भएर छरिन्छन्। त्यस्तो हृदय विदारक दृश्यबाट आफ्नो मुटुलाई चीसोपार्दै एउटा निरीह साहित्यकार भत्केको झुपडीभित्र प्रवेश गर्दछ। उपर्युक्त पीडा र व्यथा बोकेर धेरैजसो नेपालीको प्रतिनिधित्व गर्ने व्यक्ति यसै उपन्यासका रचनाकार स्वयं शङ्कर कोइराला हुन्।

अर्को प्रसंगलाई कोट्याउने हो भने आफ्नो लोग्नेले कमाउन नसकेका खण्डमा 'यस्ता नामर्दकी स्वास्नी हुनुभन्दा त मर्दकी कमारी हुनु वेश' भन्ने नारी के हाम्रा समाजमा छैनन् र ? तिवारीको 'सहनशीला सुशीला'की सुशीला, लीलबहादुरको 'बसाइँ' की मैना र गोठालेको 'मनको बन्धन' की कमला जस्तै सहनशीला र अपार धैर्यशीला नारी सबै हुन्छन् भन्न चाहीं कदापि सकिँदैन। त्यसैले यहाँ रुद्रराज पाण्डेको 'रूपमती' की बरालपुत्री जस्ता नारीहरू बहुसंख्यक मात्रामा छन्। बेरोजगार कवि बारा (बालराम) की श्रीमतीले घिच्न आउ भन्नु, आफू खिचुवा कुकुर झैं भान्छामा गएर घिच्नकालागि टुक्रुक्क बस्नु र चुपचाप बन्नु जस्ता प्रसंग उपन्यासकार कोइरालाले व्यक्त गरेका छन्। सुखवीरले दया देखाएको जस्तोगरी पन्धसय रुपियाँ कविलाई दिएको यहाँ देखिन्छ र सो दिन कविनी लखौरीले श्रीमान्लाई हजुर राज

होस्, आराम गरिबक्सियोस् र भुजा जिनार गरिस्योस् जस्ता संमानित शब्दले विभूषित पारेको प्रसंगले स्वार्थी संसारको परिचय दिन खोज्दछ ।

बुथ् क्याप्चर वा आगो सल्काएर विजयी भएको पार्टीको नारा आक्रोसित नहोला भन्न सकिन्न । अनि भोक र रोगबाट पीडित कुनै पनि व्यक्ति यस परिस्थितिमा राम्रोसँग थिहिरिन अवश्य पनि सक्तैन यो सत्य हो । यस्तैमा रिंगटा लागेर सडकको बीचमा लडेको व्यक्तिलाई अस्पतालमा पुऱ्याइन्छ, जो बेवारिस छ । आफ्ना व्यथा र पीडाले वाक्य फुटाल्न असमर्थ निरीह प्राणीलाई भस्म खरानी पार्न आर्यघाटमा पुऱ्याइन्छ । यस प्रसंगले नेपालका डाक्टरहरूको लापर्वाहीलाई टड्कारो रूपमा उदाङ्ग पारिदिएको छ ।

अन्त्यमा कर्कसा श्रीमती लखौरीको अगाडि आफू बाँच्नु परेकोमा घुँक्क-घुँक्क डाँको छोड्दै उसलाई विभिन्न प्रकारका व्यंग्यपूर्ण आशीर्वादहरू वर्षाएपछि उपन्यासको पनि अन्त हुन्छ ।

गाउँले परिवेशबाट अलग्गिएर लेखिएको शङ्कर कोइरालाको यस उपन्यासको परिवेश पूर्णरूपले शहरिया छ । सरल भाषा र उखान आदिले सिंगारिएको यस उपन्यासको शीर्षकमा सार्थकता पाइन्छ । कुनै पनि प्रसंगलाई सूक्ष्म तरीकाबाट विश्लेषण गर्नु लेखकको आफ्नै खूबी र विशेषता हो भन्नु पर्दछ । यथास्थानमा रहेर पात्रहरूले निभाएको भूमिकालाई यथार्थताका रूपमा स्वीकार्नु पर्दछ । उपन्यासको दुःखान्ततालाई नस्वीकारेमा पाप लाग्दछ जस्तो महशूश मलाई हुन्छ । >>>

सह प्रध्यापक, पद्मकन्या क्याम्पस

श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभ जन्मोत्सवको पूनित उपलक्ष्यमा मौसूफपति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल आवास विकास वित्त कम्पनी लि.

नयाँ वानेश्वर, काठमाडौं

श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभ जन्मोत्सवको पूनित उपलक्ष्यमा मौसूफपति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगर विकास कोष समिति

नयाँ वानेश्वर

श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभ जन्मोत्सवको पूनित उपलक्ष्यमा मौसूफप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एभरेष्ट बैंक लिमिटेड

EVEREST BANK LIMITED

पञ्जाव नेशनल बैंक भारतसंगको सयुक्त लगानीमा संचालित

धूलोमा जीवन

दहाल यज्ञनिधि

पुरानो गीत भनेर चिनिने एक पंक्ति अहिले मेरो सम्झनामा चटारिएर आयो । 'ए आमा हाम्रा जीवन त्यसै धूलोमा मिलायो-धूलोमा मिलायो' पछाडिको गीति अंश दोहोरिए आएको छ । नेपाली भाषामा कुनै वाक्यांश दोहोरिएर आएमा त्यसभित्र दिक्क-वाक्वको व्यथा पोख्नुसम्म पोखिएको हुन्छ यदि व्यथाको कथन छ भने । यहाँ पनि शङ्कर दाइलाई संझेर व्यथाको कथन नै अघि सर्दैरहेकोले मैले यही गीतांशको सहारा लिएको हुँ ।

गीतमा एउटी छोरी मान्छेले असमयमै भएको विहे र घाँस-दाउराको दैनिकीको तथ्य बताउँदा आएको हरफ हो यो । तर साहित्यकार शङ्कर कोइरालामा यो भाव कसरी लागु हुन्छ भन्नु होला, तपाई सुन्नुस् म भन्दै जान्छु ।

शङ्कर दाइ साझा प्रकाशनको कामदार मानिस । त्यहाँ उहाँलाई साहित्यकारको न्यूनतम सम्मानमा कसैले राखेन भन्ने प्रमाण मसँग प्रशस्त छन् । किनभने शङ्कर कोइराला 'चोखो' प्रतिभाको व्यक्ति हुनुहुन्थ्यो । उहाँ "रीस, राग, कपट, छल छैन जँहा" को नमूना हुनुहुन्थ्यो । त्यहां क्षेत्रप्रताप अधिकारी र कृष्णचन्द्र सिंह प्रधान जस्ता कहलिएकाले दाँई गरेका समयमा श्रम गर्नु हुन्थ्यो । नेपालमा नेपाली साहित्यको अध्ययन २०३० देखि शुरु गरेको हुँ मैले । शुरु-शुरुमा भैरव अर्याल जस्ता वेगर विवेक दुबै भएका संपादक-साहित्यकारबाट मात्र म प्रभावित भएकोले सबैलाई त्यस्तै चोखो मन भएका नै संझन्थे । नेपाली शिक्षा समितिको नयां अवतार साझा प्रकाशन हो भन्ने यहां पाएपछि त्यहाँ पनि देवकोटा, पुष्कर, वदरीनाथ जस्ता नै मानिस होलान् भन्ने आशा राखेर मैले सम्पर्क गरें । नेपालमा चलेको कालो पञ्चायतका वकिलहरू सर्वत्र छरिएर, फिजिएर व्याप्त भएका छन् भन्ने अड्कल मलाई भएन । कतै पनि साहित्यकारमा भेटेको नाम मेरालागि निशर्त पूजनीय हुन्थ्यो । म पहाडबाट हाड-छाला भएर काठमाडौं खाल्डो पसेको एक नादान नेपाली । मेरो भन्नु यहाँ ती व्यक्ति थिए जो दन्त्यकथाका मनचिन्ते झोली पुरा गरिदिने पात्र पढिएका हुन्थे । ती धेरै मध्ये दैवज्ञ न्यौपाने पनि एक हुन् । दैवज्ञ दाइ म घाँस कटनीमा डोको बोकी-बोकी रहेको वखत दिक्तेलमा एस.एल.सी. परीक्षा चलाउन गएका केन्द्राध्यक्ष (शायद् २०२६ लाग्छ) लाई मैले प्रथम पटक वेठीस्वाँराबाट देवीथान जान लागेको देखेको थिएँ । मलाई त्यहाँ ती 'झोली पात्र' दाइलाई हेर्ने बनाउन मेरा गुरू रामप्रसाद न्यौपानेको अर्तीले घँचेटेथ्यो । त्यहाँदेखिका लामा खिप्ता पछि मैले संपर्क गरेको थिएँ । मेरो भाइ पुष्पनिधि पढाइ छाड्ने स्थितिमा पुगेर दैवज्ञदाइलाई मैले गुहारे पछि सम्पर्कले कृष्णचन्द्र सिं प्रधानले साझामा कामदार बनाइ दिएका थिए । मैले भाइ भेट्न जाँदा शङ्कर कोइराला दाइसँग भेट भयो । म गद्गद् त भएँ एक कथा पढिरहेको कथाकारलाई भेटेर । तर उहाँलाई त्यहाँ नकसैले गन्यो, नकसैले आदरभाऊ राख्यो, त्यों देखेर मेरो मनमा धेरै तर्कना खेल्दै रहे । पछि-पछि मेरो उमेर र अनुभव छिप्पिँदै गएपछि मलाई पनि थाहा भो नेपाली मान्छेको सर्दर सोचाइ हुन्छ 'चढेजत्ति आफ्ना, लडेजत्ति अर्काका' भन्ने ।

म काठमाडौं भर्खर उत्रिएका वखत मेरा मामाजी बा विश्वमणि शङ्करदाइकहाँ डेरा गर्नुहुन्थ्यो । म नाति बनेर खर्च माग्न यदा-कदा उहाँकहाँ जान्थें । त्यसरी एक घरबेटी र एक भाडावालाका संपर्कमा पनि मेरा अनुभव शङ्करदाइसँग छन् । कवितायात्रा गरिन्थ्यो । साहित्यिक पत्रकार संघमा म कोषाध्यक्ष्य थिएँ । २०४४ मा नुवाकोटमा शङ्करदाइ र सत्यमोहन जोशी निम्तामा अतिथि बनाएर लग्यौं । कवितायात्रा सधैं भानुजयन्ती सँग पार्दथ्यौं । दुई स्थापित साहित्यकारका आत्म कहानी साहित्य स्रष्टाकै मुखबाट बकाइने कार्यक्रम योजनामा हुन्थ्यो । शङ्कर दाइले नुवाकोटमा गएर बताउनु भयो । त्यो विवरण वेग्लै छ । मैले अलिकति संघको मुखपत्रमा त्यही वेला लेखेको छु । नुवाकोटको नौनी कविता यात्रा २०४४ को उवाउनी शीर्षक दिएको छु । त्यहाँ थोरै विवरण छ । यता मैले शङ्कर दाइको छोरा अनिललाई निजी अध्यापन गराएको छु र घरायसमा पछि श्रीमती तर्फबाट नाता पनि जोडिएको छ । रेडियोको निम्ति अन्तर्वार्ता लिएको छु । सबै अनुभवले बेग्लै लेख्ने ठाउँ लिन्छन् । तर साझामा मात्र म केन्द्रित हुनुको मेरो विवरण यस्तो छ ।

तत्कालमा साझा केन्द्रीय संस्थाको सचिव पदेन साझा प्रकाशनको अध्यक्ष हुन्थ्यो । यी दुवब पदमा 'चौतारीमा राजा भेट्ने' क्षेत्र प्रतापको 'प्रताप' कामयावी थियो । 'माथि' भन्ने शब्द त्यो बेला खूब चल्थ्यो नेपालमा । 'माथि' मा मि.सु. नारायणप्रसाद श्रेष्टको चकचकी थियो । जापान गएर आएदेखि परम मैत्री थियो यी दुबै प्राणीको । महापञ्च हुने उत्कट अभिलाषामा वन्ने योजना मध्ये "सृजनशील" जमातको ठेक्का मी.सु.का झोले प्रुफ रिडर तुलसी दिवस ठेगदार बने र महासचिव अशेष मल्ल । मुखपत्रको ठाँउमा तयार गरियो 'गरिमा' । तर काम र नाम चाँहि साहित्यको

सृजनशीलता बढाउने देखाइयो । यसका जमातमा धेरै नेपाली बौद्धिक+साहित्यिक ? पसे । प्रवेश शुल्क पचास रु. राखिएको यो ढलमा कवि मोहन कोइराला खाले उन्मुक्तिवादीहरू अटाएनन् र पसेनन् पनि । सम्पादनकलामा त्यो बेला नाजुक स्थिति भएका विष्णु विभु घिमिरेले सम्पादन गर्दा भएका गरिमाका त्रुटीलाई पारिजातले लेखेको सम्पादकलाई चिठी पढे अझै ज्ञात हुन्छ । यो तोडमा कवि शिव अधिकारीले साझाको पदीयता नै चटकक छोडे र सञ्चयकोष पनि लिएनन् नै । दबदबा क्षेत्रप्रताप + कृष्णचन्द्रको थियो । गुप्त र शक्तियुक्त बल माथिको छँदैथियो । साझामा मरी-मरी साहित्यमा लागिपर्ने शङ्करदाइ दाँत फुक्लिएर, हाड मक्किएर पनि त्यँही हुँदा उचित हौसला पाउनेमा पर्नु भएन । उल्टै केही "मौसूफ" को प्रशस्तिमा सकस र कुण्ठाले गल्ती हुँदा 'ग्रेट घट' कार्यवाहीमा परेका अनेक उदाहरण छन् । यसरी "धूलोमा मिलियो" भयो शङ्कर दाइको जिउ ।

दहालको दैलो, अनामनगर

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५३ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभ-कामना चढाउँदै मौसूफको समृद्धि तथा सुकिर्तिकालागि श्री परमेश्वरसंग प्रार्थना गर्दछौं ।

-नेपाल राष्ट्र बैंक परिवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५३ औं शुभ जन्मोत्सवको पूनित उपलक्ष्यमा मौसूफप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ग्रामिण आवास कम्पनी लि.

पुल्चोक, ललितपुर

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५३ औं शुभ जन्मोत्सवको पूनित उपलक्ष्यमा मौसूफप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल खानेपानी संस्थान

त्रिपुरेश्वर, काठमाडौं

श्री ५ महाराजाधिराजसरकारको ५३ औं शुभ जन्मोत्सवको पूनित उपलक्ष्यमा मौसूफप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल एयर कुरियर तथा कार्गो सर्भिस प्रा.लि.

प्रदर्शनीमार्ग काठमाडौं

श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभ जन्मोत्सवको पूनित उपलक्ष्यमा मौसूफप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सागरप्रताप राणा

प्रमुख तथा

सिद्धार्थनगर नगरपालिका

परिवार, रुपन्देही

निर्भीक व्यक्तित्व-शङ्कर कोइराला

▶ शङ्कर थपलिया

' म पानीजस्तै कहाँकहाँबाट आएँ
र हावा जस्तै कहाँकहाँ जानेछु'
- उमर खैयाम

जन्मभन्दा अगाडि पनि समय अनन्त छ, म मृत्युभन्दा पछि पनि समय अनन्त छ । त्यही अनन्तताको तुलनामा जन्म र मृत्युको बीचको समयलाई मान्छेले क्षणिक भन्दै आएका हुन् । त्यस्तै प्रकाश अनन्त छ र छाया सीमाबद्ध छ, साँच्चै भन्ने हो भने प्रकाशकले छै छायाको सीमा रेखाङ्कित र निश्चित गरिदिएको हुन्छ । वास्तवमा जीवन पनि चेतनाको त्यस्तै अनन्तयात्रा हो भनी दार्शनिकहरू भन्दछन् तापनि हामी चेतनाको त्यो अनन्ततालाई घाम र पानीलाई झैं सजिलैसँग छुन, महसूस गर्न सक्तैनौं । दार्शनिकहरू त मृत्युलाई पनि जीवनको एउटा अनिवार्य रूपान्तरण मात्रै हो भनेर वियोग-पीडाको घनत्व घटाउन खोज्दछन् तर हामीलाई यो पीडा सधैं सबभन्दा तीव्ररूपमा बोध नभइ छाड्दैन ।

दुब्लो, पातलो र अग्लो शरीरको एउटा भौतिक अस्तित्व-जसलाई हामी शङ्कर कोइरालाका रूपमा चिन्दथ्यौं, त्यो अहिले हाम्राबीच छैन । पशुपति आर्यघाटको एउटा चितामार्फत त्यो भौतिक संयोजनका सम्पूर्ण तत्त्वहरू आआफ्नै मूल स्वरूपमा एकाकार र विसर्जित भइसकेका छन् । हामीसँग अब शङ्कर कोइरालाको अमूर्त उपस्थिति छ- उहाँका ४ दर्जनभन्दा बढी पुस्तकाकार कृति र मनका अन्तर कुन्तरमा लेखिएका सम्झनाका हरफहरूमा ।

शङ्कर कोइरालासँग मेरो परिचय २०३० सालमा मात्र भएको हो । २०३० साल जेठ महीनामा मपनि साझा प्रकाशनमा कर्मचारीको रूपमा प्रवेश गरेपछि उहाँसँग भौतिक परिचय भएको हो । २०३० सालमा भएको यो परिचय २०३३ सम्म त्यति विकसित हुन पाएन- किनभने म त्यही महीनामै सझा प्रकाशनको महेन्द्रनगर प्रशाखामा काम गर्न खटाइएँ र २०३३ सम्म त्यहीं रहें । २०३४ सालमा मेरो सरुवा केन्द्रीय कार्यालयमा भयो । त्यसपछि उहाँसँग बढी सम्पर्क हुन थाल्यो । पछि त म उहाँको सहायकका रूपमा प्रकाशन शाखा र प्रुफ संशोधन शाखामा समेत धेरै समयसम्म कार्यरत रहें । त्यही बेला मैले उहाँको व्यक्तित्वलाई नजीकैबाट चिन्ने मौका पाएको हुँ ।

शङ्कर कोइराला एउटा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ आफूभन्दा ठूलाको चाकडी र चापलुसी कहिल्यै गर्नुहुँदैनथ्यो भने आफूभन्दा साना तहका कर्मचारीलाई पदको आडमा कहिल्यै होच्याउने गर्नु हुँदैनथ्यो । एउटा पिउनदेखि महाप्रबन्धकसँगसम्म उहाँको व्यवहार समान हुन्थ्यो । ठूलासँग अनावश्यक रूपमा नझुक्ने र सानालाई अनावश्यक रूपमा नझुकाउने शङ्कर कोइरालाजस्तो व्यक्तित्व मैले एकदमै कम देखेको छु ।

शङ्कर कोइराला कहिल्यै आत्तिनुहुँदैनथ्यो । काम गर्दा कहिलेकाहीं बिग्रनु स्वाभाविकै हुन्छ । सामान्य मान्छेहरू यसरी काम बिग्रँदा अब के होला, हाकिमलाई के भन्ने होला भनेर आत्तिने गर्दछन् । तर उहाँ कहिल्यै यसरी आत्तिनुहुँदैनथ्यो । काम बिग्रिएपछि दोष अरूलाई पन्छाउन सकिने अवस्थामा पनि उहाँ आफै त्यसबाट पन्छिन खोज्नुहुँदैनथ्यो । उहाँ बिग्रिएको कामको जिम्मेवारी आफै लिनुहुन्थ्यो - त्यो पनि पटक्कै नडराइकन । उहाँको निर्भीकताले बरू हाकिम नै परास्त हुन्थे ।

शङ्कर कोइराला अत्यन्त भावुक हुनुहुन्थ्यो । एकदिन उहाँ चुरोट खाँदै हुनुहुँदोरहेछ । उहाँको कुर्सीको पछाडि झ्यालको पर्दामा चुरोटबाट कसरी-कसरी आगो सल्किएछ । धूवाँको मुस्लो देखेर अरु मान्छे त्यहाँ आएर हेर्छन् त झ्यालको पर्दामा ठूलो भ्वाङ परिसकेको ! उहाँ भावनामा उडिरहनु भएको !

शङ्कर कोइराला अत्यन्त स्वाभिमानी हुनुहुन्थ्यो । साझा प्रकाशनबाट उमेरको हदका कारणले उहाँले अवकाश पाउनु भयो । यदि उहाँले भन्नुभएको भए २/३ वर्ष जागीर थप हुन सक्दथ्यो । तर उहाँले कसैलाई भन्नुभएन । भनेर अवधि थप्नुभन्दा अवकाश लिनु नै उचित ठानी उहाँले अवकाश लिनु भयो ।

शङ्कर कोइरालासँगका यस्ता धेरै संस्मरण छन् । उहाँ जीवनको उत्तरार्धसम्मै नयाँ कुरा सिक्न र लेखन उत्तिकै श्रमशील हुनुहुन्थ्यो । त्यस उमेरमा उहाँले विदेशी भाषा सिक्न थाल्नुभएको देखेर म अति प्रभावित भएको थिएँ । मेरो जीवनमा उहाँको प्रेरणाको महत्त्वपूर्ण स्थान छ । यस्ता प्रेरणास्पद व्यक्तित्व प्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । >>>

मैले पिएकोमा रीसगर्ने साथीहो ! पिएर त हेर पिउन कति गाह्रो छ । - **भूपि शेरचन**

ठेस लागोस् र दुःख होओस् तब नै म सिक्न सक्छु । - **महात्मा गान्धी**

शङ्कर दाइ र वनारस जाने वाचा

इन्द्रकुमार श्रेष्ठ 'सरित्'

➤ करीब २०४० सालतिरको कुरा हो । म आफ्नो उपन्यास प्रकाशनार्थ 'एक टुक्रा बादल' को पाण्डुलिपि बोकेर साझा प्रकाशन, पुल्चोक, ललितपुर पुगें । त्यो पाण्डुलिपि दर्ता गरेपछि प्रकाशित होला कि भनेर मैले वर्षौं प्रतीक्षा गरें । तर बिना भनसुन पुस्तक प्रकाशन हुने कुनै छाँटकाँट नदेखेपछि मैले उक्त पाण्डुलिपि फिर्ता लिएर आएँ । त्यही बेलादेखि साझा प्रकाशनका कर्मचारी शङ्कर दाइ अर्थात् कथाकार-उपन्यासकार-अनुवादक शङ्कर कोइरालासँग मेरो भेट, परिचय र घनिष्टता बढ्दै गएको हो ।

➤ बि.सं. २०४६ सालको अन्त्यतिर अचानक एक दिन उहाँ म कार्यरत कार्यालयमा आउनु भयो र उक्त उपन्यासको पाण्डुलिपिका बारेमा चर्चा गर्नुभयो । उहाँकै आग्रह बमोजिम मैले उक्त पाण्डुलिपि नवीन प्रकाशन वाराणसीबाट प्रकाशनका लागि उहाँलाई सहर्ष अनुमति दिएँ । तर नवीन प्रकाशनका शिवशङ्कर प्रसादले उक्त पाण्डुलिपि कहाँ पुऱ्याए भन्ने कुराको आजसम्म कुनै अत्तोपत्तो छैन । तैपनि शङ्कर दाइ र म बीच निकै बाक्लै भेटघाट भइरहन्थ्यो । साहित्यिक कार्यक्रमहरूमा त्यति देखा नपर्ने शङ्कर दाइ र म बीच साहित्यिक गतिविधिका बारेमा चर्चा परिचर्चा भइरहन्थ्यो ।

➤ सधैं नम्र एवं मृदुभाषी शङ्कर दाइ र म आ-आफ्ना मनका कुराहरू एक अर्कासामुँ राख्दथ्यौं । नेपाली साहित्यिक जगत्मा देखिएको भाटप्रवृत्ति र प्रजातन्त्रको दुरुपयोगप्रति उहाँ ज्यादै असन्तुष्ट हुनुहुन्थ्यो । त्यस्तै एकेडेमीसँग पनि उहाँका थुप्रै गुनासाहरू थिए जुन एउटा साहित्यसेवीका नाताले जायज नै थियो भन्ने लाग्छ मलाई । आफ्ना ती असन्तुष्टिहरूलाई उहाँले दुईवटा स-साना पुस्तिकामा अभिव्यक्त पनि गर्नु भएको छ ।

➤ शङ्कर दाइ कहिले सानो साइकल चढेर गइरहेको, कहिले उहाँ नाती डुलाउँन निस्केको, कहिले सागसब्जी किन्न मैतीदेवी चोकमा आएको बेलामा उहाँसँग मेरो निरन्तर भेट भैरहन्थ्यो र प्रत्येक भेटमा उहाँ र मबीच मेरो त्यही उपन्यासका बारेमा चर्चा हुन्थ्यो । त्यसका लागि उहाँ र मसँगै वनारस जाने वाचा पनि उहाँले गर्नु भएको थियो । तर व्यवहारिक कठिनाइले गर्दा कहिले उहाँलाई अनुकुल नहुने त कहिले मलाई अनुकुल नपर्ने । तैपनि स्वास्थका दृष्टिले प्रतिकूल परिस्थिति मै पनि उहाँले मेरो कथा संग्रह 'दिदीको देवर' को प्रुफ रिडिङ्ग गरिदिएर मलाई तिर्नै नसक्ने गुण लगाउनु भएको थियो । त्यसको लगत्तै उहाँको एउटा सानो पुस्तकको समीक्षा गरेर मैले 'समीक्षा' मा छपाएको थिएँ । त्यो देखेर उहाँ सानो बालकझैं पुलकित हुनु भएको थियो ।

➤ साँच्चै नै नेपाली साहित्य जगत्लाई आफ्ना थुप्रै औपन्यासिक कृतिहरूले सजाउने शङ्कर कोइरालामा अभिमान र अहम्को भावना नै थिएन भन्दा पनि हुन्छ । त्यसैले त उहाँ आफ्ना समकालीनदेखि लिएर नवोदित लेखकहरूसंग पनि उत्तिकै मित्रतापूर्वक व्यवहार गर्नुहुन्थ्यो । तर देशमा जुनै व्यवस्था आएतापनि चाकरी र चापलुसी नजान्ने उहाँजस्तो स्वाभिमानी एवं सरस्वतीका बरद्पुत्रको कदर हुन सकेन । चाटुकार भाटहरूको विगविगीमा पनि पद, पैसा र पुरस्कारका पछि नलागी उहाँ कमलको फूलझैं निस्कलंक बस्नुभयो-यो नै उहाँको जीवनभरिको अमूल्य पूँजी थियो । न त जीवनकालमै उहाँ र उहाँका कृतिहरूको समग्र मूल्याङ्कन हुन सक्यो न त मरणोपरान्त नै केही हुन सकेको छ । अझ भविष्यमा पनि केही होला भनेर आशा गर्न सकिने कुनै आधार छैन । आफ्नो सम्पूर्ण जीवन साहित्य सेवामा समर्पण गर्ने शङ्कर कोइरालाजस्ता अब्बल प्रतिभालाई समेत सम्मान गर्न नसक्नु साहित्यकारहरूको एकमात्र संस्था नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले स्वयं आफ्नो सम्मान राख्न नसकेको नठहर्ला त ? खै, यी कुरा मनन गर्ने र बुझिदिने यहाँ कसलाई फुर्सद छ र ? बाँचुञ्जेल वास्ता नगर्ने तर मरेपछि महान् भन्ने दारिद्र्य मानसिकताको खाडलबाट हामी कहिले निस्किने होला ?

➤ साहित्यको गुटबाजी, प्रचार बाजी र स्तुतिगानबाट सदैव टाढा रहेर सरस्वतीको आजीवन आराधना गर्ने साहित्यकार शङ्कर कोइरालाका बारेमा लेख्दै जाने हो भने एउटा सिंगै किताब बन्न सक्छ । तर केही गर्न सक्ने साहित्यिक व्यक्तित्वहरू घुम्ने मेचमाथि बसेर अन्धो, बहिरो र लङ्गडो बनेका छन् । त्यसैले त्यस्ता अपाङ्गहरूबाट केही सकारात्मक कुराको आशा राख्नु नै व्यर्थ हुन्छ ।

➤ स्व. शङ्करदाइको बारेमा आज केही लेख्न बस्दा म आज पनि झलझली सम्झिरहेछु- मयलपोश कोट लगाएको, पातलो शरीर भएका मुसुक्क नहाँसी नबोल्ने सरल स्वभावका मितभाषी शङ्कर दाइ ! अफशोस ! उहाँ र मसँगै वनारस जाने दिन कहिल्यै आएन । यतिबेला उहाँ हामीमाझ हुनुहुन्न । तैपनि मान्छे पर्दैमा उसको कीर्ति कहाँ मर्छ र ! त्यसैले यस्तो लाग्छ- आफ्ना थुप्रै कृतिहरू मार्फत् उहाँ युगौं युग बाँच्नुहुनेछ र तिनै कृतिहरू मार्फत शङ्करदाइसँग हाम्रो भेटघाट हुने छ । तर प्रत्येक भेटमा हामीले उहाँको पवित्र आत्मासँग क्षमायाचना गर्दै भन्नु पर्ने छ 'शङ्कर दाइ ! सतीको श्राप परेको देशका कृतघ्न अपाङ्गहरूले तपाईंको कदर गर्न जानेनन् । त्यसैले दया गरेर हामीलाई क्षमा गरिदिनोस्' ! ➤➤➤

तरहरा (सुन्सरी)

जन्मेको हैन मरेको मिति आलो छ

▶ युवराज नयाँघरे

नाठो !

किशोर कालमा मैले मेरो घरको कुनामा कोच्चिएको ट्याङ्कामा देखेको एउटा जराजीर्णावस्थाका पुस्तक- 'नाठो' ।

पढ्दापढ्दै त्यो पनि थुतियो । किनभने पाठ्यपुस्तक बाहेक अरू पुस्तकमा बरालिनु अल्पशिक्षित पिताजीका आँखामा अपराध हुन्थ्यो, बाटो बिराएको ठहरिन्थ्यो । घरमा त्यसरी कथा-उपन्यासका मोटा- पातला पुस्तकमा रमाउन नपाएपछि पाटाबारीमा पसिन्थ्यो उज्यालो अनुहारमा धप्प बलेर आँगन टेकिन्थ्यो ।

तर बुझिएन- नाठो ।

अहँ बुझिएन, पटक्कै बुझिएन त्यो 'नाठो' !

अगाडि पनि च्यातिएको, पछाडि पनि पाना-पाना धुजिएको 'नाठो' का आदि पुरुष शङ्कर कोइराला भएको ज्ञात भयो धेरै पछि । केही बुझेपछि, शब्दको उत्तमा अर्थिएपछि । छिरलिएको चिन्तनले डोब डामेपछि !

म त एकपाने । यो खाल्डोमा पसेपछि कसैले चिनाइदियो शङ्कर कोइरालालाई । पातलो, दुब्लो, ख्याउटो, सुलुत्त नाक उठेको, एकदम लाम्घारे, आँखाका कुनामा मुजाको माकुरेजाल अनुभूत हुने शङ्कर कोइराला । नमस्कार भनियो । श्रद्धा जनाइयो- धेरै उपन्यास लेख्ने भनेर, अक्षुण्ण साधक मानेर !

प्रयागराज भट्टराई (वाशिष्ट) सर मनमाफिक हँसाइ-हँसाइ पढाउनु हुन्थ्यो हामीलाई क्याम्पसमा । हाँस्न केको भद्रा हेर्नुपर्‍यो र ! 'मल्ल ब्रदर्स, गौतम बन्धु अनि डकार-ढकार दाजुभाइ' भन्ने वाक्यलाई लेग्रो तानी-तानी प्रयाग सरले उच्चारण गरेपछि हामी डाँक्ले होहोरेलाई हाँसो रोक्न हम्मे-हम्मे पर्थ्यो । ढकार हुनुहुँदो रहेछ शङ्कर कोइराला ।

प्रहार पनि अनौठै हुन्छ कसै-कसैका निम्ति । यो अनौठो संस्कृतिको सुदूर चेपमा परेका थिए शङ्कर । न चर्चा न चासो, न प्रचार न पुरस्कार-एकसुरे लेखन र प्रकाशनले शङ्कर समर्पित रहे, खटिरहे निरन्तर । न फिराद, न उजुर, न आग्रह यो साहित्यिक कराकर-चटारोमा शङ्कर देखिएनन् कतै नि !

साझा जाँदा प्रथमत: मैले शङ्करको जागीर त्यहीं भएको जाने । त्यस कोठामा गोपाल पराजुली, टेकवीर मुखिया कार्यवश छलफलमा थिए । यो अर्कै अलिक धमिलो स्मृति हो कोइरालासँगको । फेरि फेरि पनि त्यहाँ गइन्थ्यो । आक्कलझुक्कल भेट हुन्थ्यो त्यहाँ । मनमा श्रद्धाको एउटा पंक्ति भर्भराउँदो- 'सबभन्दा धेरै उपन्यास लेख्ने लेखक !' शङ्कर कोइरालालाई हामी सिल्पट बृद्धिका शब्दशिल्पीहरू भन्थ्यौं- उहाँ त उपन्यास एक्सप्रेस !'

यो नादानी बोलीमा कति व्यंग्य थियो, कति सत्यता ! शाश्वत अर्थ भने, कोइरालाको अविश्रान्त लेखनीको मानभाउ भएको थियो हामीबाट सश्रद्धा त्यसमा तीब्र लेखनीको आदर भएको थियो हाम्रो बोलीबाट ।

'खैरिनी घाट' पढेपछि 'नाठो' मा अल्झेका कोइरालाको 'कर्के कुस्ती' फुकाउन सकें मैले । आञ्चलिकताको उपल्लो सीमामा पुऱ्याई लेखिएको खैरिनी घाट नै शङ्कर कोइरालाको शिल्प-सर्जनाको पर्याय बन्यो, प्रामाणिक परिचय बन्यो । शङ्कर र खैरिनी घाट, लेखन-साधनाको परिपूरक अर्थ सम्प्रेष्य बन्यो ।

प्रश्नका यी पक्ष त्यत्तिकै गर्बिला- दर्बिका छन् । जीवनभरि ४० को भन्दा माथ्लै संख्यामा उपन्यास लेखेतापनि पाठक, चिन्तकले एउटा कृतिमा सीमित राख्नु, आदर-अर्थ वा पुरस्कारको नाउँ लिइरहन नभ्याइने समयमा शङ्कर ओझेलिनु, चर्चा-संगोष्ठीमा तिनको प्रसंग वा परिचर्चा सेपमा पर्नु मात्र क्रन्दन होइनन् प्रत्येक साधकका निम्ति यी हाँक हुन्, ललकार हुन् ।

वास्तवमा शङ्करको अवसान समकालीन साहित्य जगत्का जल्दाबल्दा प्रश्नहरूको उठान हो । विसंगति र विकराल सर्वसत्ताको स्वतन्त्र कथा हो, लात्तीकुत्ती व्यथा हो । लेखकीय सार्वभौम विर्सने प्रचेष्टा रामप्रसादहरू (सम्पादक-दायित्व) का लागि कसरी हुन्छ जडकल्प, चट्टान ?

यकिन भएन-दिन, वार, वर्ष, गतेको ! प्रतिभा समूह वानेश्वरले एउटा निम्तो थमायो मेरा हातमा । बिहानको झलमल्ल घाममा पुगें म । रत्नराज्यलक्ष्मी स्कूलको प्रांगणमा । दर्शक सामु आए । र, सँगसँगै परशु प्रधान आएर शङ्कर कोइरालाको बारेमा समीक्षात्मक टिप्पणी मन्तव्य राखिदिन मलाई भन्नुभयो । म परें बढो बिलखबन्दमा । न कुनै अध्ययन, न दृष्टिकोण वा न कुनै तयारी ! यो असमन्जस्यतामा कसरी बोल्ने ? सोच्दासोच्दै उद्घोषकले बोलाइ हाले मलाई मञ्चमा बस्न ।

शङ्कर कोइरालालाई अभिनन्दन गर्न राखिएको यो समारोहमा उहाँको बारेमा बोल्न अर्कै महानुभावलाई भनिएतापनि वक्ता व्यक्तित्व नआउँदा काकताली परेर म समालोचक बन्न

पुगेंछु त्यहाँ । जथवातथवा मैले बोलें त्यहाँ । उही खैरिनी घाटको सेरोफेरोमा ! उपन्यासकार कोइरालाका वारेमा सार्वजनिक रूपमा बोलेको अहिलेसम्म त्यही नै आदि- अन्त्य वनेको छ ।

अहिले, एउटा शून्य वेलामा छु ।

कोइरालाको साहित्य अभिवादनमुखी थिएन । त्यसैले यो भीडले उनलाई खोजेन । कोइरालाको सिर्जना आग्रहयुक्त रहेन । त्यसैले उनको रेखदेख हुलले गरेन ।

शङ्कर न दलपति थिए न धनपति, न लखपति थिए न उत्पाती । र, आजको प्रचारवाट मुक्त रही ऐकान्तिक साधनाको कर्ममा आस्थावान् रहे तिनी । विचारशक्ति र चित्शक्तिको एउटा नाम शङ्कर कोइराला वनेका छन् मेरालागि । किनभने शङ्करका सबै कृतिका नामसम्म जानिसकेको छैन मैले !

तिनी जन्मेको मिति थाहा छैन तर मरेको दिन आलै छ । किनभने जुनदिन शङ्कर विते त्यसदिनदेखि उनका हातवाट खस्यो-कापी पनि, कलम पनि ! त्यो दिन २०५४ साल साउनको २६ हुनुपर्छ !

झापा दमक

श्री ५ महाराजाधिराज सरकारको
५३ औं शुभ जन्मोत्सवको पूनित
उपलक्ष्यमा मौसूफप्रति हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र
नयाँवानेश्वर, काठमाडौं

On the auspicious occasion of the Birthday of His Majesty the King,
We offer our warm felicitation and pray for
His Majesty's long and Happy Life

STRUCTO NEPAL (P.) LTD.
PATAN INSUSTRIAL ESTATE
CABLE: ESEN, P.O. BOX: 228, TEL: 521192, LALITPUR

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५३ औं शुभ
जन्मोत्सवको पूनित उपलक्ष्यमा मौसूफप्रति
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

काठमाडौं महा नगरपालिका
स्वच्छ, सफा, हराभरा, स्वस्थ काठमाडौं

स्मृतिपटलमा रहेका शङ्कर कोइराला र उनको 'एउटा पुरानो घर'

▶ ठाकुर शर्मा

उपन्यास, बालकथा, कथासंग्रह, एकाङ्की, कविता एवं अनुवाद (अंग्रेजीबाट नेपाली भाषामा) गरी प्रकाशित करीब ५० वटा कृति मध्ये करीब ४० वटा उपन्यास लेखी नेपाली साहित्य भण्डार भर्ने उपन्यासकार शङ्कर कोइराला असाधारण भएर पनि अत्यन्त साधारण व्यक्तित्त्व हुन् । अनेकौं कथा, उपन्यास लेखेर पनि वि.सं. २०१८ मा प्रकाशित 'खैरिनी घाट' आञ्चलिक उपन्यासबाट मात्र साहित्यिक क्षेत्रमा चिनिन्छन् कि जस्तो अनुभव हुन्छ । जब कि 'खैरिनी घाट' जस्ता महत्त्वपूर्ण अन्य उपन्यास पनि लेखिएका छन् । हालसालै साझा प्रकाशनबाट प्रकाशित 'एउटा पुरानो घर' निस्केको छ वर्तमान समाजको यथार्थस्थितिलाई औल्याउँदै । अत्यन्त सरल र सरस प्रकृतिको उपन्यास देखिन्छ तर आलङ्कारिकता र सरसताले परिपूर्ण । सर्वसाधारण व्यक्तिले पढ्न र बुझ्न सक्ने मात्र हैन विद्वत् समुदायको सामु पनि गहकिलो छ शङ्कर कोइरालाको यो उपन्यास । शङ्कर कोइरालालाई नजीकबाट चिन्ने, जान्ने र बुझ्नेहरू भन्छन् - 'अत्यन्त सरल प्रकृतिका मानिस हुन्, लहडी अवश्य थिए तर नेपाली भाषा साहित्यको लागि कर्मठ व्यक्तित्व थिए' । उनले जीवन पर्यन्त केवल कलम चलाए, कलमजीवी बने, कसैसँग केही याचना गरेनन् । यदि केही याचना गरे भने सिर्जित कथाबस्तुलाई पाठकसामु पुऱ्याउन मात्र । यस्ता शङ्कर कोइरालाको मूल्याङ्कन गर्नेतिर किन कसैले सोचेन ? उनको कोही द्रोही थिएन, किन उनलाई माथि उठाउन खोजिएन ? यो प्रश्न गर्भ मै छ । शङ्कर कोइराला भन्दा कम लेख्ने भनौं वा खासै उत्कृष्ट नभएका कृतिहरू पुरस्कृत भएको, मान पाएको, ख्यातीप्राप्त गरेको हामी देख्छौं तर शङ्कर कोइराला किन ओझेलमै परे ? यो अत्यन्त मार्मिकपक्ष हो ।

मैले शङ्कर कोइरालालाई नजीकबाट अन्त्यावस्थामा चिने, घरमा गएँ, विरामी परी बोल्न पनि नसक्ने अवस्थामा । मसँगै गएका मित्रसँग 'रिमा पाउनु भयो ?' भन्ने प्रश्न गरेको मात्र सुने, दर्दनाक कथा थियो त्यो 'रिमा' उपन्यासको । उपन्यासकारले केही समय पहिले एकजना प्रतिष्ठित व्यक्तिलाई त्यो उपन्यास छपाउने सर्वाधिकार दिएका थिए, त्यो बजारमा पनि छापिएर आइसकेको थियो तर उपन्यासकारले मृत्युशैयामा पुग्ने अवस्थामा पनि त्यो जन्मेको हेर्न पाएनन् किन ? मलाई त्यो कुरा सुन्दा आहत तुल्यायो । शायद मेरा मित्र रामप्रसाद पन्तले मृत्युपछि आफैले किनेर उपन्यासकारको घरमा पुऱ्याए, यस्तो अवस्था किन भयो ? कोही भन्छन्- 'शङ्करले धेरै लेखे, संख्यात्मक रूपले धेरै, गुणात्मक रूपले थोरै ।' तर त्यो सत्य होइन । सबै परिष्कृत परिमार्जित नभए पनि ती मध्ये धेरै जसो उच्चस्तरका नै कृति छन् भन्ने कुरा प्रारम्भको 'खैरिनी घाट' र अहिले मेरो हातमा परेको 'एउटा पुरानो घर' उपन्यास हेर्दा प्रष्ट हुन्छ । यसैले यो भन्न सकिन्छ कि कोइरालालाई कसैले उठाउन चाहनेन् । यसमा उपन्यासकारको के कमी थियो त, आफ्नो कृतिको प्रचार प्रसार गर्न कसैसँग याचना नगर्ने प्रबृत्ति ! यस्तो जटिल परिस्थिति छ शङ्कर कोइरालाको । अन्त्यावस्थामा उनको घरमा करीब तीन घण्टासम्म हामी बसेका थियौं । हाम्रो चाहना थियो अन्तिम अन्तर्वार्ता पनि लिने । तर त्यो अवस्था त्यहाँ देखिएन । रोगले ग्रस्त जीर्ण शरीर, खोपिल्टा परेका आँखामामात्र म चमक देख्थें.....मेरो पूर्ण परिचय खोजे ती आँखाले । हामीले एकोहोरो परिचय दियौं चिनेको आभास पायौं.....अद्यपि त्यही सम्झना आउँछ, केवल सम्झना ।

आज म जीवनका आरोहावरोहलाई यथार्थरूपमा देखाउन आफ्नो कलम निरन्तर चलाउने तर साहित्यिक क्षेत्रमा ओझेलमा परेका उपन्यासकार शङ्कर कोइरालाको विषयमा केही श्रद्धा सुमन अर्पण गर्ने उद्देश्यले यस उपन्यासको विषयमा केही भन्ने एवं संझना गर्ने प्रयास गरेको छु ।

'एउटा पुरानो घर'को भूमिका वरिष्ठ कवि भरतराज मन्थलीयले लेख्नु भएर उपन्यासको गौरवता बढेको छ । भूमिका लेख्ने मन्थलीयको अभिव्यक्ति- 'सरलभाषामा समसामयिक समाजको चित्रण र व्यंग्यहरूको न्यासबाट उपन्यास रोचक र हितकर छ । त्यसैले यसलाई सामाजिक उपन्यास भन्न सहजै सकिन्छ ।'

यस उपन्यासलाई सरसर्ती केलाउदै जाँदा समाजको यथार्थतालाई केलाउन खोजेको, समाजमा भएका विकृतिहरूलाई लाक्षणिकता र आलङ्कारिकता भरेर स्पष्ट देखाउन खेजेको, मध्यम वर्गीय जीवनको स्थितिलाई स्पष्ट पार्न खोजेको, जीवनको मूल्य र

मान्यतालाई पाठक सामु राखिदिनुका साथै एउटाको जागीरले घर धान्नु पर्ने अवस्था त्यसबाट सिर्जित अनेक कष्ट, कहरहरू, छोराको आशमा रहने हाम्रो समाज यदि छोरा बहुलट्ठी भएर घरलाई वास्ता नगरी धर्मको आडलिई हिड्छ भने धर्मको नाममा पाउने दुःख, मानसिक रूपबाट परिवारले झेल्नु परेको स्थिति, छोरो बेइलमी भएपनि छोरीबाट पुगेको सहयोग भनौं वा कर्मयोगतिर लागेको र घरको आर्थिक अवस्थाले छोरीको विवाह गर्न नसक्ने अवस्था आदि कुराहरूले साँच्चिकै हृदयलाई छुन्छ ।

उपन्यासकारको कथावस्तु अत्यन्त प्रभावशाली छ । यो समाजको परिवर्तन उनी आफ्ना कृतिद्वारा व्यक्तगर्न चाहन्छन् - लाक्षणिक रूपबाट । यहाँ उपन्यासकारले पञ्चायती घर भत्काएका छन्, नयाँ निर्माण नयाँ समाजको सिर्जना गर्नेतिर प्रयास देखाएका छन् । कथावस्तुमै यो समेट्न सक्नु उपन्यासकारको लेखन प्रवाहमा देखिएको परिष्कृत रूप हो ।

देशको शिक्षा सम्बन्धी वातावरणलाई हेर्दा देशक भविष्यप्रति चिन्तित हुँदै उपन्यासकार भन्छन्- 'जसका घरमा अनेक विलासी बस्तुहरू छन्, गरिबका छोराछोरी पनि तिनकै पछि लागेर विग्रिदैछन् भने देश र समाजको भविष्य कसको हातमा छ ?' ३/२१

उपन्यासको महत्त्वपूर्णपक्ष के हो भने हाम्रो समाजको जुन स्थिति छ त्यसको यथार्थ उद्घाटन । पात्रको दयनीय स्थितिबाट प्रष्ट देखिन्छ जुन जागीरे भएर घर चलाउन धौ धौ पर्छ । परिवारको चाहना, इच्छा, आकांक्षालाई तिलाञ्जली दिएर बाँच्नु पर्ने बाध्यताको सिङ्गो स्वरूप पण्डित बाजेलाई जागीरबाट हटाइँदा उनी खुसी भएको, रुञ्चे हाँसोबाट प्रष्ट देखिन्छ । आर्थिकस्थितिको कमजोरीले छोरीको विवाह गर्न नसकेकोमा अब अवकाश प्राप्त भएपछि प्राप्त संचित पैसाबाट विवाह गर्न सकिने क्षणिक खुसीले देखाउँछ । जीवनभरको कमाइ वृद्धावस्थाको लौरो ठानिन्छ, शायद उद्देश्य पनि त्यही हो, तर भविष्यमा जे हुने भएपनि वर्तमान अवस्थालाई टुंग्याउनेतिर ध्यान जानु मध्यमवर्गीयको नियति हो । यही यथार्थता हो । जागीरमा इमान्दार, कर्मठ व्यक्ति वर्तमान समयमा उपहासको पात्र बन्छ, फटाहाहरूको मात्र समय सक्षम र सबल बन्छ । सोझा निमुखा मरेका मरै छन् भन्ने समाजको यथार्थतालाई यस उपन्यासले प्रष्ट पारेको छ । यसै सम्बन्धमा लक्ष्मीको मुखबाट उपन्यासकार व्यक्त गर्छन् - 'सोझा निर्बलहरू यस्तै कुरा गर्छन्- पशुझैं जीवनभर जोतिनु भो, न्याय अन्याय छुट्याउने शक्ति तपाईंमा हराइसकेको छ । म के भनूँ ?' ४/२९

उपन्यास पढ्दै जाँदा कथाकार गुरुप्रसाद मैनालीको कथाशैली जस्तै अनुभव हुन्छ । नासोका पात्र जस्तै शान्ति र लक्ष्मी देखिएका छन् । आदर्श र यथार्थताको झलक पनि उस्तै अनुभव हुन्छ । विषयवस्तुको गाम्भीर्यतालाई हेर्दा समाजका हरेक पक्षलाई कोट्याउन खोजेता पनि राजनैतिक कार्यपद्धतिमा देखिएको कमजोरीले गर्दा समाज, देशको उन्नतिमा बाधा परेको र त्यो पद्धतिलाई गर्ल्याम गुर्लुम ढाली नयाँ सिर्जना, नयाँ धारणातिर उन्मुख भएको झलक उपन्यासमा देख्न पाइन्छ ।

अन्त्यमा यस उपन्यासको अन्त्य यौटा घर भत्केर गएको कारुणिक दृश्य भएपनि पं.बाजेले शुकदेव जस्ता शैक्षिक क्षेत्रमा लागेका समाज र देशकोलागि केही सोच्ने व्यक्ति र करुणाको मिलन गराएर यसको भविष्य अन्धकारबाट प्रकाशतिर उन्मुख गराएको पाइन्छ । प्रारम्भदेखि अन्त्यावस्थासम्म आध्यात्मिक चेतनाको संकेतबाट शङ्कर कोइराला अनेक संघर्षबाट गुज्रदै विभिन्न सामाजिक अनुभूतिबाट जीवनबोध गरेको देखिन्छ । उनको जीवनको अन्त्यतिर लेखिएको उपन्यास भएको हुनाले होला शायद अध्यात्म चिन्तनतिर लागेको तर कलावती जस्ती कलकलाउँदी पत्नीलाई चटक्क छाडेर प्रेम विलासी जोगी भएर हिंड्नु त्यति सार्थक देखिदैन ।

समग्रमा उपन्यास पढ्दै जाँदा खल्लो अनुभव हुँदैन । आफ्नै सेरोफेरोमा घटेका घटनाझैं लाग्छ । यो पढ्न प्रारम्भ गरेपछि छाड्न मन मान्दैन । यसको कारण उपन्यासको भाषा, शैली र कलात्मकताले परिपूर्ण भएरनै हो । समाजको हरेक पक्षलाई समेटने प्रयास गरेको हुनालेनै यो उपन्यास सार्थक बनेको छ ।

१७७ पृष्ठ बोकेको २९ भागमा विभाजन गरिएको यस उपन्यासले शङ्कर कोइरालालाई अनन्तसम्म सम्झाइरहने छ, मार्गदर्शन गरिनै रहनेछ, सम्पूर्ण नेपाली साहित्यप्रति श्रद्धा राख्ने पाठकबृन्दलाई । >>>

यी दुईवटा तीक्ष्ण काँडाले शरीरलाई सधै घोचिरहन्छन्- गरीबको ईच्छा र निर्बलको रीस - **विनोबा भावे**

दुनियाँमा दुई चीज सितिमिति पाईदैनन्-एक शुद्ध कमाइको धन, अर्को सच्चा मित्र - **अबुल जयावज**

कर्मयोगका पक्षधर- शङ्कर कोइराला

▶ अनिल कोइराला

आज वुवाको वारेमा यो स्मृतिलेख लेख्न शुरू गर्दा समयको प्रवाहले मलाई विस्मित लुल्याइरहेछ । दिनचर्या उही छ जीवनको निरन्तरता उही छ, वेग्लै केही छैन, उही दिन उही रात उही भीड.....तर अभाव छ त आफ्नो पूज्य पिताजीको प्रत्येक दिन घरको मूल दैलोमा बज्ने कलवेलले मलाई झस्काइरहन्छ र अझ पनि आशा दिलाइरहन्छ, लाग्छ वुवा ढोका बाहिर हुनुहुन्छ आफ्नो उही स्वभाविक हँसाइमा । यो सब सपना हो, अकल्पनीय वास्तविकता । जहाँ सब समाप्त छ नाता, सम्बन्ध- 'मरे पछि टुट्यो नाता कठै संसार के छ र ?' आज उहाँका स्मृतिमात्र शेष रहेको यस स्थितिमा यदा कदा सपनामा देखिने उहाँको उपस्थितिको आभाष पनि कति सुखद् अनुभव हुन पुग्छ । तर सपना आखिर सपना हो, जहाँ आफूले पहिरिएका सेता वस्त्रहरूले वास्तविकतालाई पहिचान गराइरहेछन् हरवखत । संसारमा दिनहुँ अनगिन्ति मानिस जन्मन्छन्-मर्छन्,तर शोक त्यही व्यक्तिको हुन्छ जो आफ्नो ज्यादै नै नजिक हुन्छ । यो भीडमा एक व्यक्तिको अस्तित्व हुनु र नहुनु कुनै खासै फरक पर्ने विषय होइन, तर मानिसले संसार छोडेर एक दिन जानै पर्छ, यो सत्य हो । यो सत्यलाई हृदयंगम गरेर बाँच्ने व्यक्ति कति छन् संसारमाँ ! मसान वैराग्यले हरेकलाई द्रविभूत गराउँछ र छिनमै यो मनमस्तिष्कबाट विलीन पनि हुन्छ । जेहोस् मैले आफ्नो पिताजीको वारेमा लेख्दा सिर्फ उहाँलाई मेरो पिताजीको रूपमा प्रस्तुत गर्ने पहिचानले कुनै महत्त्व राख्दैन । पचासवर्षसम्म निरन्तर साहित्यमा हात चलाई विश्राम लिने शङ्कर कोइराला सिर्फ २०१८ सालको 'खैरिनिघाट'मा मात्र सिमित बनाइएका छन् समालोचकहरूबाट । यस्तो परिस्थितिमा म साहित्यकार पिताजीको वारेमा केही लेख्न चाहन्छु । किनकि मैले उहाँको बारेमा धेरैनै कुराहरू आफ्नो डायरीमा लेखिसकेको छु । साहित्यकार शङ्कर कोइरालाको वारेमा लेख्न खोज्दा उहाँका धेरैनै उपन्यासहरू मेरो अगाडि छन् । ती सबै उत्तिकै हृदयस्पर्शी, समयसापेक्ष र महत्त्वपूर्ण छन्, तर हुनसक्छ समालोचकहरूको नजरमा यो छोराको बुबाप्रतिको पूर्वाग्रह मात्र हो । तर म भन्छु तपाई समालोचकहरू आफूले टेकेको धरातलबाट अलिक माथि उठनुहोस् । पचास वर्षसम्म अविरल गतिमा आफ्नो कलम चलाउने साधकको करिव ४६ वटा उपन्यास र २५० देखि ३०० वटा कथाहरूलाई अल्छि नमानी पढ्नुहोस् र सही रूपमा मूल्यांकन गर्नुहोस् । एउटा विश्राम पाएको साधकलाई यही एक सच्चा श्रद्धाञ्जली हुनेछ ।

शङ्कर कोइरालाद्वारा लिखित अनगिन्ति उपन्यास र कथाहरू आज नेपाली साहित्याकाशमा कुनै महत्त्व राख्दैनन् ती व्यक्तिको नजरमा, जसले यसको नजिक पुग्ने धृष्टतासम्म गरेका छैनन् । सिर्फ 'खैरिनिघाट'ले मात्र साहित्यमा पहिलो आञ्चलिक उपन्यास बन्ने कीर्तिमान पाएको छ त्यसैले यो उपन्यास पूजनीय छ भनि मान्ने हो भने शङ्कर कोइरालालाई आज त्यही लेखकहरूको श्रेणीमा राखी सम्मान किन गरिएन ? 'पल्लो घरको झ्याल' का गोविन्द गोठाले 'शिरीषको फूल' की पारिजात 'घामका पाइलाहरू'का ध.च. गोतामे, 'बसाईं'का लीलवहादुर क्षत्री, 'रूपमती' का रुद्रराज पाण्डे आदि अनगिन्ति नामहरू छन् जो एउटै उपन्यासबाट सम्मानित भएका छन् र ठूल्ठूला पद पाउन समेत सफल भएका छन् । तर शङ्कर कोइराला मात्र किन त्यो सम्मान पाउनबाट उपेक्षित भएका छन् त ? 'बोल्नेको पीठो पनि बिक्ने र नवोल्नेको चामल पनि नबिक्ने', सतिले सरापेको देश हो यो जहाँ भाषा के हो, साहित्य के हो, कथा के हो, उपन्यास के हो, नाटक के हो, कसरी लेखिन्छ- न विदेशी साहित्यको अध्ययन, न मनन, न चिन्तन बीच सिङ् न पुच्छरको साहित्य लेख्ने साहित्यकारहरू आज पुरस्कृत छन्, सम्मानित छन्- यो कस्तो विडम्वना ! नेपालमा साहित्यले कत्तिको प्रगति गरेको छ, यसले मानिसको भावना र विचारमा के कस्तो परिवर्तन ल्यायो ! आज सयौं साहित्यकारहरू यस अभियानमा छन् । तर साँच्चैनै हृदय छुने साहित्यको सृजना कसले गरेको छ त ? यहाँ यो भीडमा साहित्य लेखनको यो लश्करमा कुनै त्यस्तो नाम अगाडि छैन । सिर्फ प्रलोभनबाट ग्रसित लङ्गडा साहित्यकारहरू... ।

साहित्यको के कुरा गर्ने-मेरा पिताजीले त यसमा हात हालेर ठूलो गल्ति गर्नुभयो । शायद मेरो परिवारबाट अब अर्को साहित्यकार जन्मने छैन । पाठकहरू आफै विचार गर्नु होस्- टिचिङ्हस्पिटलको बेडमा पहिलो पटक आज भन्दा चारवर्ष अगाडि मृत्युसँग लडिरहेका मेरा बुबाकोलागि 'ओनेगेटिभ' ब्लडको आवश्यक पर्दा सो को अभावमा रन्थनिरहेका हामी परिवारका सदस्यहरू बीच एकजना कवि हाम्रा आशाका किरण भई उपस्थित भएका थिए । उनले हामीलाई 'ओनेगेटिभ' ब्लड मिलाइदिने आश्वासन दिए र हामीसँग रु.पाँचसय मागे । मागे बमोजिमको रुपैयाँ हामीले उनको हातमा दियौं । दिन वित्यो, तर रगत आएन । कवि वेपत्ता भए । तत्पश्चात् प्रत्येक पाँच-छ महिनामै वुवालाई टिचिङ्हस्पिटल भर्ना गर्नु पर्ने बाध्यता बन्दै गयो तर

कवि फर्कदै फर्केनन् । एउटा लेखककोलागि रगत किन्न गएको कवि कहिल्यै फर्केर आएन । रोगग्रस्त पिताजीले प्रतीक्षारत जीवनको अन्तिम अवस्थासम्म पनि कविलाई सम्झदै हुनुहुन्थ्यो । सम्झनुको अर्थ रु.पाँचसयको लागि होइन, मान्छेको यो चरित्र प्रति । त्यो सम्झेर उहाँ आफै लज्जित र विस्मित हुनुहुन्थ्यो । उहाँ हरेकक्षण साहित्यबाट शोषित हुनुहुन्थ्यो, आफूले अंग्रेजीबाट नेपालीमा अनुवाद गरेको साहित्य अर्कै व्यक्तिले आफ्नो नाममा छाप्दासम्म उहाँ बोल्नु भएन । उहाँ साहित्यबाट शोषित भएका यस्ता उदाहरणहरू धेरै छन् । यहाँ देखिने भीड साहित्यकारहरूको मात्र होइन, साहित्यप्रति आस्थावान् अनगिन्ति व्यक्तिहरू मानवीय संवेदना र भावना बोकेर बाँचेका छन् । स्थानीय दैनिक अखबारहरूमा उहाँको बिग्रदो स्वास्थ्यको बारेमा लेखिएका स-साना समाचारहरू पढी थुप्रै व्यक्तिहरूले आफ्नो सदासयता देखाएका थिए-चाहे आफ्नै र गत दिने प्रतिबद्धता देखाएर होस् वा रगतकोलागि क्लव, संगठन आदिमा आफ्नो पहुँच पुऱ्याएर होस् । त्यसैले पहिलो पटक वुवा विरामी पर्दा रगतकोलागि जुन दुःख र पीडा हामीले भोगेका थियौं क्रमशः त्यो समस्यासँग जुँध्न हामीलाई त्यति कठिन भएन । जसको मुख्यकारण साहित्येतर जगत्को उदार दृष्टिकोण नै हो भन्नुमा अत्युक्ति नहोला ।

एउटा पीडादायक र लज्जास्पद विषय शङ्कर कोइरालाको मृत्युमा के देखियो भने- साहित्यिक उत्थान र प्रगतिकोलागि स्थापित कैयौं संघ संस्थाहरूको मौनता । यो मौनता जलिरहेको मुर्दालाई हेरेर वसेका मलामीहरूबीच देखिने मौनता हो । सब खरानी छ, केही आफ्नो छैन । सब समाप्त छ, पानीमा छरपष्टिएर फ्याकिएका खरानीमा कसले कसको अस्तित्व खोज्ने ! तर बाँचुञ्जेल त शब्दमा छुच्याई नगरुँ, देखेको कुरा भन्नमा कंजुसाई नगरुँ- मृतकको नाममा गरिएको शोक सभामा 'सभापति को !' भनी आफ्नो आडम्वर नदेखाउँ । यो कुनै लिने र दिने खेल होइन, एउटा शाश्वत सत्यलाई प्रकट गर्ने थलो हो । प्रत्येक व्यक्तिलाई अस्तित्वको आभाष गराउने जमर्को हो- 'शोक सभा'।

आज राजकीय प्रज्ञा प्रतिष्ठान कहाँ छ भनि दिनमै मैनबत्ति बाली खोज्नु परेको छ भने ३० वर्षसम्म काम गरेको साझा प्रकाशन वुवाकोलागि आफ्नो जवानी नाश गर्ने 'रक्त पिपासु' वाहेक अर्को रूप देखिएन । साहित्यकार शङ्कर कोइरालाको मृत्यु साझा प्रकाशनकोलागि केही ठूलो विषय नभए पनि एउटा ३० वर्ष काम गरी अवकाश पाएको व्यक्तिको मृत्युमा शोक शभाको आयोजना गरी 'दुई शब्द' अपेक्षा गरिएको थियो भने कुनै पत्रिकामा 'समवेदना' पनि अपेक्षित थियो ।

अन्त्यमा-वुवाको स्मृतिमा श्रद्धासुमन स्वरूप माथि उल्लेख गरिएका केही शब्दहरू मेरालागि नितान्त व्यक्तिगत धारणा हुन्, जुन मेरो नजरमा सम्पूर्ण सत्य छन् । >>>

अलि अलि बचत गरौं, त्यही बचत बैंकमा राखौं
बैंकमा राख्दा ढुक्क होइन्छ, सावां छुट्टै ब्याज फल्छ

निक्षेप तथा कर्जाका लागि निम्न बैंक तथा वित्तीय संस्थामा सम्पर्क राखौं

नेपाल बैंक लि.
राष्ट्रिय वाणिज्य बैंक
Nabil Bank नेपाल ग्रहर बैंक लि
नेपाल इण्डोसेज बैंक लि.
NEPAL INDOSUEZ BANK LTD.
Nepal Grindlays Bank Limited
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड
हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
नेपाल औद्योगिक विकास कर्पोरेशन
कृषि विकास बैंक
नेपाल एग्रिकल्चर बैंक लि.
NEPAL AGRI BANK LTD.
एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED

बैंकिङ्ग प्रवर्द्धन समिति
नेपाल राष्ट्र बैंक

ओझेलमा परेका साहित्यकार शङ्कर कोइराला

केशर खवास

साहित्यकार शङ्कर कोइरालाको जन्म १९८७ कार्तिक २७ गते डिल्लीबजार काठमाण्डौमा भएको थियो । पैतृक थलो पूर्व २ नम्बर सिन्धुलीजिल्ला हो । कोइरालाका पिताको नाम ईश्वरीप्रसाद कोइराला र माताको नाम मित्रप्रिया हो । कोइरालाका बाबु बाजेहरू सुब्बा हुँदै आएका थिए भन्ने कुरा स्वयं उनकै जीवनी नामक पुस्तकबाट थाहा पाउन सकिन्छ । साहित्य सृजनामा कलिलो उमेरमा नै प्रवेश गरेका हुनाले पढाइमा त्यति ध्यान नदिएको देखिन्छ । आफ्नो पढाइलाई बीच बीचमा रोक्दै भएपनि कोइरालाले त्रि.वि.वि.बाट बीएसम्मको पढाइ पुरा गरेको देखिन्छ ।कोइरालाले आफ्नो जीवन लामो समय जागीरमा नै व्यतित गरेको देखिन्छ । जागीर खाने क्रममा कोइरालाले सर्वप्रथम २०१० देखि ०१५ सालसम्म गोरखापत्र छापाखानाको सम्पादकीय विभागमा पण्डित । २०१७ साल देखि २०२५ सम्म जनकशिक्षा सामाग्री केन्द्रको प्रकाशन शाखामा तत्पश्चात् साझाप्रकाशन पुलचोकको प्रकाशन विभागमा प्रमुख भई २०४९ सालसम्म र त्यसपछि रिटायर्ड जीवन घरमा बसी व्यतित गरेको देखिन्छ । कोइरालाले आफ्नो जीवनकालमा दुईवटी श्रीमतीसँग विवाह गरेको देखिन्छ । पहिलो श्रीमती कोइरालाको सोझोपनका कारण अर्कैसँग छ महिना भित्रैमा पोइला गएकी थिइन् र त्यसको डेढबर्ष पछि पुनः श्रीमती रमादेवीसँग दोस्रोविवाह भएको थियो । आफ्ना तीन छोरा मध्ये कान्छो छोरो गिरीश डेढ बर्षमा नै मृत्यु भएको थियो र बाँकी जेठा छोरा अनिल कोइराला र माइला छोरा सुशीलका साथ ४ सन्तान भई जीवन बिताउँदा बिताउँदै कोइराला कलेजोको क्यान्सरबाट अस्वस्थ भई वि.स.२०५४ साल साउन २६ गते यो संसारलाई त्याग्नुभयो ।

शङ्कर कोइरालाको परिवारमा पिता रहुन्जेल कुनै दुःखको अनुभूति हुन दिएका थिएनन् । जब बुबाको मृत्यु भयो त्यसपछि कोइराला माथि ठूलो भार आइलाग्यो । कोइराला माथि परेका व्यवधानहरुमा दाजु भाइको अंशबण्डा हुनु, काठमाडौंको ठाउँमा डेरा सर्दै हिंड्नु आर्थिक चपेटाको भारमा पर्नु, कान्छो छोरो गिरीशको मृत्यु हुनु, प्रुफराइटरको लागि हातजोर्दै हिंड्नु आफ्ना लेखरचनाहरू थोरै पैसामा बेची बिहानबेलुकाको छाक टार्नु जस्ता कष्टमय परिस्थिति कोइरालाले भोगेको देखिन्छ , यति हुँदाहुँदै पनि कोइराला साहित्य सृजनामा कति पछि नपरी आफ्नो सृजनात्मक दौडाहालाई लक्ष्यसम्म पुराउन सफल भएका देखिन्छन् र नेपाली साहित्यलाई ठूलो ऋण लगाएर छोडे ।

नेपाली साहित्यको क्षेत्रमा शङ्कर कोइराला विद्यालय पढ्दा पढ्दै २००३ सालमा शारदा पत्रिका मार्फत (बूढो) कथा लिएर देखा परेका हुन् । कोइरालाको आफ्नै शब्दमा (मलाई पढ्नभन्दा साहित्य श्रृजनामा ध्यान जान थाल्यो । म भित्र एक प्रकारको असहनीय वेदनाले छटपट गरायो र म साहित्यको माध्यमबाट अभिव्यक्त गर्नथालें) यसरी सानै उमेरमा समाजको बिसंगतिबाट असन्तोष भएका कोइराला विभिन्न साहित्यका विधाबाट आफ्ना भावना व्यक्तगर्न थालेका देखिन्छन् ।२००३ साल देखि शारदा पत्रिका को विभिन्न अङ्कमा लगातार कोइरालाका कथाहरू छापिनुका साथै अन्य विभिन्न पत्रिकामासमेत कथा र लेखरचना छापिएको देखिन्छ ।२००३ देखि २०१७ सालसम्म कोइरालाका रचनाहरू पत्रिकामा मात्र सीमित रहेको देखिन्छ ।यसवेला उनका पुस्तकाकार कृतिहरू कुनै पनि देखिदैनन् । यो समय कोइरालाको आभ्यासिकचरण तथा विधागत खोजमा व्यस्त रहेको पाइन्छ । कोइरालाले २०१८ मा बिल्कुलै नयाँ विधा उपन्यासमा हात हालेर 'खैरिनी घाट' तयार गरे । जुन विधा दुम्जाको जनजीवनसँग सम्बन्धित आञ्चलिक उपन्यास हो । कोइरालाले आफ्नो जीवनकालमा जति लेखे पनि कोइरालालाई सबैको सामुमा यसै उपन्पयासले मात्र चिनाउन सफल भएको देखिन्छ ।

शङ्कर कोइरालाको कथा, उपन्यास र एकाङ्कीबाहेक कविता क्षेत्रमासमेत दख्खल भएको प्रमाण उनकै आफ्नो निजी डायरीको कविताबाट थाहा पाउन सकिन्छ । कोइरालाका उपन्यास, कथा, नाटक र लेखरचना गरेर विभिन्न पत्र-पत्रिका मार्फत २०० वटा भन्दा बढी प्रकाशन भइसकेका छन् । आदर्शवादी सबै किसिमका देखिन्छ । नयाँ-नयाँ कोसेली दिनु नयाँशैली र शील्पमा प्रस्तुत गर्नु कोइरालाको ध्येय रहन्छ । उपन्यास भनौं या कथा लेख्दा आफ्नै गाउँठाउँको सेरोफेरोसँग सम्बन्धित कथावस्तुको संमिश्रण उनको विधागत लेखमा पाइन्छ । कोइरालाका प्रायः कृतिहरू सामाजिक विषयवस्तुमा आधारित रही अगाडि बढ्नुका साथै तत्कालीन समयको राजनैतिक झिल्काहरूसमेत प्रशस्तरूपमा समावेश भएको देखिन्छ । विषयवस्तुका रूपमा यौन सम्बन्धी, हास्यव्यंग्य,बालसाहित्य सम्बन्धी, ऐतिहासिक आदि सबै कुराहरू समाजको रहन,सहन,भेषभूषा,बोलीचाली,प्रकृति चित्रण र गाउँले हरूको दैनिक दिनचर्या क्यामेराले फोटो खिचेझैं यथार्थ रूपले

टिप्न निकै खाप्पिस देखिन्छन् ।

नेपाली उपन्यासको क्षेत्रमा शङ्करले सबैभन्दा बढी उपन्यास लेखेर ख्याती कमाइसकेका छन् । त्यति मात्र होइन नेपाली भाषामा प्रथम बाल उपन्यास लेखेर अन्य उपन्यासकार हरूलाई आफूले थालेको गोरेटोमा समाहित गराउँनसमेत कोइराला सफल भएका छन् । यिनै कृतिहरुबाट कोइराला इतिहासमा आफ्नो नाम लेखाउनसमेत अग्रसर भएका छन् । नेपाल मै सबैभन्दा बढी उपन्यास लेखिसकेका कोइरालाका यति धेरै उपन्यास मध्ये एउटाले सम्म पुरस्कार जित्न किन सकेनन् ? किन उनका कृतिहरुको मूल्याङ्कन भएन ? किन नेपालका समालोचकहरू कोइरालाका कृतिहरूको समालोचना गर्न अगाडि बढ्दैनन् ? यो सोच्नुपर्ने विषय भएको छ । कोइरालाले आफ्ना जुनसुकै कृति प्रकाशन गर्नुभन्दा अगाडि (मेरा कृति के कस्ता छन् कहाँकहाँ सुधार गर्नु पर्ने हो ती कुरा औल्याइदिने व्यक्ति मलाई चाहिएको छ र म मेरा कृतिहरू सुधार गरेर पाठकवृन्दलाई अझ ज्ञानगुनका कुरा दिन सकौं) जस्ता भनाइ सैयौं चोटी कोइरालाले व्यक्त गरे पनि कोही कसैबाट दुईशब्द सुन्न नपाउँदा कस्तो भयो होला ? तर कोइरालाले नेपाल आमाको ऋण खाएका थिए जुन तिरेर छाडे । कोइरालाले आफ्नो मनसाय र दुःखहरू आफ्नो जीवनी नामक पुस्तकमा यसरी व्यक्त गरेका छन् (गुणात्मक भन्दा संख्यात्मक भएको भन्ने मलाई आरोप लागेको छ त्यसैले थुप्रै लेखे पनि मेरा कृतिप्रति सहसा आकृष्ट हुँदैनन् समालोचकहरू । नेपालको लागि थुप्रो लेखिसकेको छु यही सन्तोष लाग्दो अनुभव गरेको छु । किन लेखिरहन्छु ? मलाई जवाफ चाहिएको छ मेरो साहित्यमा के स्थान छ अथवा छैन भनेर ? यसैले मैले लेख्नु वा नलेख्नुमा कुनै फरक छैन भनेर अचेल म सेलाएको छु । पृ.-१३)

शङ्कर कोइरालाले यस्ता दुःखका अनुभूतिहरू विभिन्न माध्यमद्वारा अविष्कार गरे पनि समालोचकहरूले किन दुईशब्द कोइराला बारेमा टिप्पणी गर्न सकेनन् ? कि त कोइरालाका कृतिहरु स्तरहीन बेकमफुसे थिए ? तर यो हुन सक्दैन किनकि कोइरालाका कृतिहरु २००३ देखि नै नेपालका उत्कृष्ट पत्रिकाहरुमा छापिदै आएका हुन् साथै ती कृतिहरु एकैपटकमा स्वीकृति पनि भएका थिए । यसकारणले उनका कृतिहरु स्तरहीन थिएन भन्न सकिन्छ । आफ्नो जीवन भोगाइका उकालो ओरालोमा कति कष्ट सहेर पनि नेपाली साहित्यलाई अग्ल्याउने जमर्कोमा लागेका कोइरालाले पुरस्कार त परै राखौं आफ्ना कृतिहरूमा सुधारगर्ने टिप्पणीसमेत नपाउँदा नेपालका नवसाहित्यकारहरूलाई कस्तो प्रभाव पर्ला ? बौद्धिकस्तरले सोच्नुपर्ने स्थिति आएको छ । हुनत कोइराला भन्ने गर्नुहुन्थ्यो (म पुरस्कार जित्ने होडमा कलम समाउँदिन म त खाली समाजका विसंगति पक्षलाई विषयवस्तु बनाई तिनीहरुको भण्डारफोर गरेर सुधारात्मक पक्षतिर दौडन्छु । न त कसैको पाउ मोल्न जान्छु, न त म वरिष्ठ व्यक्तिलाई भेट्न जान्छु, म जस्तो आफैमा सन्तुष्ट रहने व्यक्तिले कहाँ पुरस्कारको भागी बन्नु, पुरस्कार त जो सदा माथिल्लोस्तर का व्यक्तिहरूलाई भेट्न गइरहान्छन् फकाइफुल्याई आफ्ना कृति पाठ्यपुस्तकमा समावेश गराउँछन् आज तिनीहरु नै पुरस्कारका विजेता भएको छन्) ।

कोइराला आफ्नो जीवनकालमा लेख्ता लेख्तै निरास पनि देखिनु भएको थियो । तर के गर्ने, कोइरालालाई रक्सी खाएर मात लागे झैं साहित्य सृजनागर्ने तर्फ मात लागिसकेको ले अब त म नलेखी बाँच्न सक्दिन । त्यसैले लेखिरहन्छु भनी जहिले पनि कलम समाउँथे । कोइराला भित्र दैवीशक्ति भनौं या सृजनाका धनी उनी कलम समाए पछि देवकोटा झैं एउटा न एउटा कृति तयार गरेर छाड्थे । उनको लेखन क्षमतामा त्यति तीब्रता थियो यसैले गर्दा उनले आज यति धेरै रचनाहरु दिन सफल भए । ती रचनाहरू पाएर आज नेपालीसाहित्य एकक्दम अगाडि बढेको छ तर खोइ त्यस्ता प्रतिभाका धनी व्यक्तित्वको सम्मान आज त्यस्ता प्रतिभाले हामीलाई छोडेर गइसकेका छन् । तर नेपालका लाखौं पाठक या साहित्यप्रेमीलाई थाहा छैन को हो शङ्कर कोइराला ? हुन पनि पाठकवृन्दले कसरी थाहापाउन् ? कोइरालाई समालोचकहरूले चिनाउने कोसिशै गरेनन् ।

शङ्कर कोइरालाले पाँचदशकसम्म साहित्यको क्षेत्रमा योगदान गरेका थिए । कोइराला आफ्नो मृत्यु हुनुभन्दा तीनदिन अघि बेहोस् अवस्थामा प्रकाशन भयो भनेका मेरो 'रिमा' उपन्यास देख्न पाइन भन्ने कोइरालाको भनाइबाट नेपाली साहित्यको क्षेत्रमा उनको मायाकति थियो भन्ने कुरा सहजै अङ्कल काट्न सकिन्छ साथै मृत्युहुनु अघि सातदिन पहिले कलम समाई सकीनसकी लेख्न खोज्ने कोइराला प्रतिभाका धनी थिएनन् भनेर कसले भन्न सक्ला ? तर यस्ता महान् प्रतिभा सम्पन्न देशप्रेमी लेखकको सम्मान र कदर कसले गर्ने ? यो साहित्य क्षेत्रमा गम्भीर चुनौतीको विषय भएर आएको देखिन्छ । कोइराला जस्ता प्रतिभाका धनी हाम्रै देशका कुनाकाप्चामा ठाउँ नपाएर कसिङ्गर जस्तै बडारिएर एउटै फोहोरको डङ्गुरमा थुप्रिएका होलान् । आज तिनीहरुको खोज तलास कसले गर्ने ? गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । नेपाली साहित्यमा यस्तै खालको परिपाटी बस्दै जाँदा विदेशी साहित्यको तुलनामा हाम्रो साहित्यको स्थान कुन स्तरसम्म पुग्ला सम्पूर्ण साहित्य प्रेमीहरुले सोच्नुपर्ने विषय भएको छ । नेपालमा शङ्कर कोइराला जस्तो ओझेलमा परेका साहित्यकारहरूलाई उठाउन सके नेपाली साहित्यले छिट्टै विकास गरी विदेशी साहित्यसँग होड गर्ने कुरामा जो कसैको दुईमत हुनसक्दैन ।

>>>

शङ्कर कोइरालाले कविता लेख्छन् अर्थात् उनी एउटा सफल कवि पनि हुन् भन्ने सायद धेरैलाई थाहा छैन । शारदामा प्रकाशित भएका केही कविताहरू **श्री शिव रेग्मी**बाट सौजन्यस्वरूप प्राप्त भएका छन्, जुन कविताहरू जस्ताकोतस्तै प्रस्तुत गरिएको छ ।

मन्दिर रुन्छ

(लेखक-शंकरप्रसाद कोइराला)

दुइ फूल लिएर ।
दुइ आँसु लिएर
देवतासित
बलियासित
पसी, लत्री, पाउ परी
पूजा रून्छ ।
आर्तनादको स्तुति गर्दै
खालि भाँडा रित्याएको
अक्षता चढाएर
काम्दै हात जोरी
निर्धो रुन्छ ।
झुण्डी रहन्छ
त्यान्द्रे आशले अल्झिएर
पिटिएको, झन्किएर
सहन नसकी
घण्टा रुन्छ ।
शून्य शान्त चारैतिर
अँध्यारो कालोले ढाकिएर
भित्र पिल्पिल बलिरहेको
निस्सासिई आत्तिएर
बत्ती रुन्छ ।
घन्किरहेको घन घन, हन हन
बिलाउन बाटो खोजिरहेको
त्यस नीरव क्रन्दन .....
गुञ्जिरहन्छ,
मन्दिर रुन्छ ।

शारदा, वर्ष १५ अङ्क-१
बैशाख २००६

जे पनि गर्छु

(लेखक-शङ्करप्रसाद कोइराला)

मलाई शून्यले आकाशमा,
तान्छ
खलबलले बगाउन चाहन्छ,
म रूखमा चढ्छु,-
उड्नको निम्ति होइन,
मिठा मिठा फलहरू चुस्न ।
टाढा टाढासम्म दगुर्छु-
माटोमा मिल्न होइन,
भविष्यको प्रभात फुलाउन ।
मेरा अमर उद्देश्यहरू
सफल साथी छन्-
म जे पनि गर्छु, जे पनि सपार्छु ।

शारदा वर्ष १५ अङ्क ७-८
कार्तिक- मंसिर २००६

लगन

(लेखक-श्री शङ्करप्रसाद कोइराला)

आज तिमी माला नगाँस !
पहिले-पहिले खेल्यौं हामी
पहिले-पहिले सुत्यौं हामी
आज यस्तो नयाँ सिंगारमा
मीठो गीतसित नयाँ बिहानमा
मलाई आज बिहा नगर !
म एक्लो दिनको पथ-प्रदर्शक !
तिमी एउटी पथकी दर्शक !
यत्ति सम्झ म साथी तिम्रो
तर नसम्झ पति हूँ तिम्रो
यसैले आज बिहा नगर !
यहाँ अनेक छन् कुमारी, विधवा
यहाँ आहत छन् माग्ने र विजेता,
ती सबमा तिमी एक्ली मसित
पर्खाउने यी कुरा नगर !
मलाई आज बिहा नगर !

'शारदा' वर्ष १६ अङ्क १२
चैत, २००८